सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ पुस २०८१, बिहीबार (26 Dec 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २४९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ नेपाल ट्रस्टको मुद्दती खातामा दुई अर्ब

तर, खर्च गर्ने कार्यविधि नहुँदा उपयोगविहीन



ट्रस्ट ऐनले प्रधानमन्त्रीलाई संरक्षक तोकेको छ, उनैले तोकेका मन्त्री बोर्ड अध्यक्ष हुन्छन्, बोर्डले कोषको रकम लगानीका लागि कार्यविधि जारी गर्न सक्छ, तर १६ वर्षदेखि कार्यविधि नआउँदा रकम बैंकमै

खर्च गर्न सक्ने ठाउँ प्रशस्तै छन्, तर कार्यविधि नबनाई उपयोग गर्न पाइँदैन

● **कुमार दाहाल**, सहसचिव, नेपाल ट्रस्ट



ट्रस्ट ऐन र नियमावलीले कार्यविधि बनाएर मात्र कोषको रकम लगानी र उपयोग गर्न भनेको छ। तर, अहिलेसम्म कोषमा रहेको रकम उपयोग गर्न कार्यविधि बनेको छैन। खर्च गर्न सक्ने ठाउँ त प्रशस्तै छन्, कोषको रकमलाई बृहत्तर उपयोगमा लगाउन सक्ने बाटो पनि कानुनले दिएको छ। तर, यसतर्फ कसैले ध्यान दिएन। कार्यविधि नबन्दा अघि बढ्न सक्ने अवस्था छैन।

सुवास भट्ट/नयाँ पत्रिका

दिवंगत राजा वीरेन्द्र शाह र उनको परिवारको नाममा रहेको वा हक पुग्ने सम्पत्तिको खोजबिन गरी मातहत ल्याएर राष्ट्र हितमा प्रयोग गर्ने उद्देश्यले स्थापित नेपाल ट्रस्ट कार्यालयको कोषमा करिब दुई अर्ब रुपैयाँ छ। आवश्यकता यकिन गरेर दुर्गम र सामाजिक रूपमा पछाडि परेका नागरिकको शिक्षा र स्वास्थ्य प्रवर्द्धनलगायत कार्यक्रम सञ्चालन गर्न कोषको रकम उपयोग गर्न पाउने कानुनी मान्यता पनि छ। तर, प्रधानमन्त्री नै संरक्षक रहेर कोष बनेको १६ वर्षसम्म रकम लगानीसम्बन्धी कार्यविधि भने नबन्दा दुई अर्ब रुपैयाँ बैंकको मुद्दती खातामा उपयोगविहीन अवस्थामा थन्किएको छ।

ट्रस्टबाट प्राप्त तथ्यांकअनुसार हालसम्म कार्यालयको चल सम्पत्ति एक अर्ब ७८ करोड रुपैयाँ छ। यो अघिल्लो आर्थिक वर्ष ०८०/८१ को अन्तिमसम्म अर्थात् गत असारसम्मको रकम हो। यो रकम

» पृष्ठ २ मा क्रमशः

ट्रस्टको अथाह स्रोत र बजेट

ट्रस्ट कार्यालयले आफूमातहत ल्याएको चल-अचल सम्पत्तिबाट वार्षिक ठुलो आम्दानी गर्छ। विभिन्न १२ जिल्लामा २१ हजार ६३४ रोपनी जग्गा ट्रस्टले आफ्नो नाममा ल्याएको छ। कतिपय स्थानमा संरचनासमेत छ। अझै पनि जग्गा खोजबिन गरिरहेको छ। जग्गा र संरचनाबाहेक नबिल बैंक लिमिटेडमा १० लाख ६५ हजार २०२ कित्ता, होटेल डेल अन्नपूर्णमा ३० हजार ७२० कित्ता र राष्ट्रिय वाणिज्य बैंकमा ६ हजार ७५० कित्ता सेयर छ। वैदेशिक मुद्राअन्तर्गत ८९५ पाउन्ड स्टर्लिङ र सात हजार ८८ अमेरिकी डलरको निक्षेप पनि छ। रत्नमन्दिरको प्रवेश शुल्कबाट पनि आम्दानी हुन्छ। घरजग्गा भाडा, बैंक ब्याज, सेयर लाभांश, मन्दिर प्रवेश शुल्क, विदेशी मुद्राको ब्याज र विविध आयलगायतबाट ट्रस्टलाई वार्षिक आम्दानी हुन्छ। ट्रस्टको आफ्नै बलियो स्रोत हुँदाहुँदै सरकारले पनि वार्षिक रूपमा बजेट दिन्छ।

तलबभत्तामा सकिन्छ पाँच करोड, छैन उपलब्धि

नेपाल ट्रस्ट कार्यालय र अन्तर्गत गरेर ६८ कर्मचारीको स्वीकृत दरबन्दी छ। एक सचिव र एक सहसचिवसहितको संगठनात्मक संरचना छ। केही करारमा पनि राखिएका छन्। तर, ठुलो दरबन्दी संरचनाको औचित्य पुष्टि हुन सकेको छैन। कोषको रकम उपयोगमा आउन सकेको छैन। सरकारले दिने बजेट तलबभत्ता र यदाकदा प्रशासनिक खर्चमै सकिन्छ। ०८०/८१ मा सरकारले पाँच करोड ५० लाख ११ हजार विनियोजन दिएकामा चार करोड ७२ लाख ३९ हजार ५९७ रुपैयाँ खर्च भयो। त्यसअघि ०७९/८० मा पाँच करोड चार लाख विनियोजन दिएकामा चार करोड ७९ लाख ६५ हजार २१६ खर्च भएको थियो। ०७८/७९ मा चार करोड ९२ लाख ६८ हजार सरकारले विनियोजन दिएकामा चार करोड १६ लाख ८१ हजार ५५६ रुपैयाँ खर्च भयो। त्यस्तै, ०७७/७८ मा चार करोड ८६ लाख ४६ हजार ४९० विनियोजन भएकामा चार करोड २१ लाख ४८ हजार ६७८ मात्र खर्च भएको थियो। त्यसअघि ०७६/७७ मा नेपाल सरकारबाट स्वीकृत वार्षिक बजेट पाँच करोड ८१ लाख २४ हजार ३५९ रुपैयाँ विनियोजन भएकामा पाँच करोड ३७ लाख ९४ हजार मात्र खर्च भयो।

प्रश्न गर्नेमाथि ओलीको 'डन्डा'

पार्टीभित्र फरक मत राख्ने र नेतृत्वमाथि प्रश्न उठाउनेलाई 'अनुशासनको डन्डा' लगाएर निस्तेज पार्ने ओली रणनीति

रावल, पाण्डे र तिमिल्सिनामाथिको कारबाही एमालेभित्र आन्तरिक लोकतन्त्र हराएको अर्थमा बुझ्नुपर्ने विश्लेषकको टिप्पणी

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले पार्टीभित्र फरक मत राख्ने र नेतृत्वमाथि प्रश्न उठाउनेलाई 'अनुशासनको डन्डा' लगाएर निस्तेज पार्ने रणनीति अंगीकार गरेको छ। पूर्वराष्ट्रपति विद्या भण्डारी सक्रिय राजनीतिमा फर्कन सक्ने चर्चा र सम्भावनाबारे नेताहरूबिच अनौपचारिक छलफल जारी रहेकै वेला एमालेले पार्टी निर्णय र नेतृत्वको नियतमाथि प्रश्न उठाउने तीन केन्द्रीय नेतामाथि अनुशासनको कारबाही गरेको छ।

केन्द्रीय सचिवालयको बुधबारको बैठकले पूर्वउपाध्यक्ष भीम रावलसहित तीन नेतालाई पार्टी अनुशासन उल्लंघनको आरोपमा कारबाही गरेको हो। रावललाई संगठित सदस्यसमेत नरहने गरी कारबाही गरिएको छ भने स्थायी समिति सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनालाई ६ महिना पार्टीको जिम्मेवारीबाट निलम्बन गरिएको छ। विश्लेषकले यसलाई एमालेभित्र आन्तरिक लोकतन्त्र हराएको अर्थमा बुझ्नुपर्ने प्रतिक्रिया दिएका छन्।

सरकारबारे एमालेको समीक्षा ५ महिनामा महत्त्वपूर्ण काम

भाटभटेनीका मालिक मीनबहादुर गुरुङसँग पार्टी भवन बनाउन भन्डै एक अर्बको जग्गा दानमा लिने निर्णयको विरोध गरेकामा नेताहरू कारबाहीमा परेका छन्। उनीहरूले यस्तो निर्णय पार्टी अध्यक्ष केपी ओलीकै चाहनामा भएको प्रतिक्रिया दिएका छन्। सरकारको नेतृत्व गरेको एमाले अहिले मिसन ०८४ मा छ। केही दिनअघि ओलीले पार्टीमा कुनै गुट नरहेको बताएका थिए। उनी नेतृत्वमा आएदेखि नै एमालेमा आन्तरिक लोकतन्त्र कमजोर बनेको

» पृष्ठ २ मा क्रमशः

■ कारबाहीको निर्णय र प्रतिक्रिया



भीम रावल

एमालेको निर्णयभन्दा पनि मूलतः यो ओलीको निरंकुश शैली हो। यसले ममाथि अन्याय गरेको छ। अहिले नै कहीं कतै जाने सोचेको छैन, कार्यकर्तासँग सल्लाह गर्छु र निर्णय लिन्छु।



विन्दा पाण्डे

देशमा सुशासन कायम हुनुपर्छ। पार्टी नीति र विधिअनुसार चल्नुपर्छ भनेर स्टाटस लेखिएको थियो। तर, अब अहिलेकै तरिकाले मिसन ०८४ र पार्टीको दीर्घकालीन लक्ष्य पूरा हुन्छ-हुँदैन पखिनैपर्ने हुन्छ।



उषाकिरण तिमिल्सिना

आजै शिवपुरी गाउँपालिका कमिटीको कार्यक्रम सकेर आएँ। यता निलम्बनको निर्णय भएछ। पञ्चायतविरुद्ध लडेर आउनुभएको नेतृत्व गणले पञ्चकै नक्कल नगर्नुभएको भए हुन्थ्यो।

विधानअनुसार कारबाही भएको छ



● **प्रदीप ज्ञवाली**, उपमहासचिव, एमाले

रावल कमरेड दसौं महाधिवेशनमा अध्यक्षको उम्मेदवार हुनुहुन्थ्यो। हामीले उपाध्यक्षका लागि आग्रह गर्‍यौं, तर मान्नुभएन। केन्द्रीय सदस्यमा पनि नआएपछि विधानको व्यवस्थाअनुसार उहाँलाई सल्लाहकार बनाइयो। तर, त्यो जिम्मेवारी पनि पूरा गर्नुभएन र उहाँका अभिव्यक्तिहरू पार्टीलाई बलियो बनाउनेभन्दा पनि निरन्तर कमजोर बनाउने हिसाबले आएको हुनाले उहाँलाई संगठित सदस्यताबाट मुक्त गर्ने निर्णय गरिएको हो। उहाँहरू (पाण्डे र तिमिल्सना) ले पार्टीको विधिबाहिर गएर सार्वजनिक रूपमा बोलेको विषयमा कमजोरी महसुस गरेको पाइएन। त्यसकारण पार्टीको निर्देशनमा चल्न निर्देशित गर्दै ६ महिना जिम्मेवारीबाट निलम्बन गरिएको छ।

एमालेमा आन्तरिक लोकतन्त्र हरायो



● **कृष्ण पोखरेल**, विश्लेषक

लोकतन्त्रका लागि लामो समय लड्ने, संघर्ष गर्ने मुख्य नेता केपी ओली नै अध्यक्ष बनेपछि पार्टीभित्रको आन्तरिक लोकतन्त्र हरायो। भीम रावलले चुनाव त जितदैनथे, तर अध्यक्षमा प्रतिस्पर्धा गरेर एमालेभित्र आन्तरिक लोकतन्त्र रहेको उदाहरण दिएका थिए। तर, आखिर उनका लागि त्यही प्रतिस्पर्धा नै अपराधसरह भएको देखियो। जग्गा दान लिनु ठिक हो भन्ने सर्वोच्च अदालतको सफाइ आफ्नो ठाउँमा छ। तर, राजनीति गर्ने पार्टीका लागि गलत काम गर्दा चुनावबाट राजनीतिक हर्जना पनि हुन सक्छ, त्यसैले राजनीतिक पार्टीलाई अदालतले दिने सफाइभन्दा पनि जनताको सफाइले चाहिँ ठुलो अर्थ राख्छ।

सीजस्तै शक्तिशाली बन्ने ओलीको चाहना !



एमाले नेताहरूकै भनाइमा अध्यक्ष केपी ओलीमा आलोचना सुन्ने नचाहने प्रवृत्ति छ र पछिल्लो कारबाही त्यसैको उपज हो। वेला-वेला उनका अभिव्यक्तिमा चिनियाँ राष्ट्रपति एवं चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव सी जिनपिङजस्तै शक्तिशाली बन्ने महत्त्वाकांक्षा झल्किन्छ।

१० दिनअगाडि ओलीले पार्टीको एक आन्तरिक कार्यक्रममा राखेको अभिव्यक्तिले आफ्नो विरोधमा कोही नबोलुन् भन्ने उनको चाहना देखाउँछ। उनका अभिव्यक्ति अति नै केन्द्रीकृत नेतृत्वको पक्षमा थियो। पार्टी मुख्यालयमा भएको त्यस कार्यक्रममा ओलीले चीनको विकास मोडेलको प्रशंसा गर्दै त्यहाँको कम्युनिस्ट पार्टीमा कसैको फरक विचार नआउने सुनाएका थिए। चीन भ्रमण सकेर फर्केको केही दिनमा पार्टीभित्र चीनको प्रसंग कोट्याए पनि ओलीले सन्देश पार्टीकै नेता-कार्यकर्तालाई दिएका थिए।

'आज चीन विश्वमै आर्थिक रूपमा महाशक्तिको रूपमा उदाएको छ। त्यहाँ पार्टीको पक्षमा बोल्ने प्रवृत्ति छ। विरोधीका आक्रमण र हमलालाई कसरी पराजित गर्ने भन्ने तरिका अवलम्बन गरिन्छ। अनुशासित र एकताबद्ध भएर चल्ने परम्परा छ,' ३० मंसिरमा पार्टी मुख्यालयमा भएको 'स्थानीय तहमा पार्टी कामका समस्या र समाधान' विषयक राष्ट्रिय कार्यशालामा उनले भनेका थिए, 'नौ करोडभन्दा बढी पार्टी सदस्य छन्। हाम्रो देशको जनसंख्या जति छ, त्यसको तीन गुणाभन्दा बढी चाहिँ चीनको पार्टी सदस्य संख्या छ। त्यत्रो पार्टी सदस्यता छ, एकजनाको ओपिनिएन फरक आउँदैन, नेतृत्वको वरिपरि सबै गोलबद्ध छन्।'


अपहरण गरेर दलित महिलालाई सामूहिक बलात्कार

एक भारतीयसहित चारजना पक्राउ

विराटनगरमा **गणेश लम्साल**

मोरङको जहदा गाउँपालिका- ३ की दलित महिलालाई शौच गर्न निस्किएका वेला युवाहरूको एक सहमूहले अपहरण गरी सामूहिक बलात्कार गरेको छ। युवाहरूले उनको मुख थुनेर सिटी रिक्सामा राखी एक किलोमिटर पर कटहरी गाउँपालिका- २ स्थित बाँसको झ्याङमा पुऱ्याएर बलात्कार गरेका हुन्।

हातखुट्टा बाँधेको र मुखमा कपडा कोचेको अवस्थामा मंगलबार दिउँसो उनको उद्धार गरिएको थियो। अर्धचेत अवस्थामा उद्धारपछि उपचार गरिएकी महिलाले स्वास्थ्यमा केही सुधार आएपछि बलात्कारमा संलग्नहरूको हुलियाबारे



दलित महिलामाथि सामूहिक बलात्कार भएको बाँसको झ्याङ।

जानकारी गराएसँगै प्रहरीले एक भारतीयसहित चारजनालाई पक्राउसमेत गरिसकेको छ।

कटहरी- २ कदमटोलीकी वृद्धा शान्ति ऋषिदेवले मंगलबार दिउँसो १२ बजेतिर बाँसघारीमा हातखुट्टा बाँधिएको अवस्थामा महिलालाई देखेपछि घर पुगेर छोरा रसिलाललाई जानकारी गराएकी थिइन्। त्यसपछि रसिलाल स्थानीयहरूसमेत भेला गरेर घटनास्थल पुगेका थिए। सलले हातखुट्टा बाँधिएको र मुखमा समेत कपडा कोचेर मरणासन्न अवस्थामा

» पृष्ठ २ मा क्रमशः

शुक्लाफाँटा निकुञ्जको नौ सय बिघा जमिन साढे तीन दशकदेखि भारतको नियन्त्रणमा



कञ्चनपुरको बेलडाँडी गाउँपालिका- ५ झिलमिलासँग जोडिएको जमिनमा भारतीय नागरिकले अतिक्रमण गरेर खेती गर्दै आएका छन्

(विस्तृत पृष्ठ ३)

भारत-चीन सीमाक्षेत्रमा थप तनावको सम्भावना कायमै



दुई देशको उच्च राजनीतिक तहमा नियमित संवादको अभाव र तीव्र अविश्वासको वातावरणबिच भविष्यमा जुनसुकै वेला तनाव भड्किन सक्छ।

(विस्तृत पृष्ठ ५)

सर्वसाधारणको पाँच अर्ब निक्षेप रहेको कर्णाली विकास बैंक समस्याग्रस्त



निष्क्रिय कर्जाको अनुपात ४०.८५ प्रतिशत पुगेपछि व्यवस्थापन राष्ट्र बैंकको नियन्त्रणमा

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

क्षतविक्षत च्यासल रंगशाला

असोजको बाढीले मैदानदेखि प्यारापिट र भवनसम्मका भौतिक संरचना क्षतविक्षत बनाएपछि खेल गतिविधि ठप्प, मर्मतसम्भारमा छैन कसैको ध्यान

शिवहरि घिमिरे/नयाँ पत्रिका

असोज दोस्रो साताको बाढीबाट क्षतिग्रस्त च्यासल रंगशाला तथा फुटबल मैदान प्रयोगविहीन भएको छ। सरकारले वैकल्पिक रंगशालाको रूपमा निर्माण गरेको रंगशाला बेहाल अवस्थामा रहे पनि मर्मतसम्भारको काम अगाडि बढेको छैन। मैदान क्षतविक्षत भएपछि गतिविधि रोकिएका छन्।

बाढीका कारण सबैजसो संरचना अस्तव्यस्त छन्। रंगशालाको भुइँ तहको सबै सजावट बाढीले तहसनहस पारेको छ। करोडौं खर्चिएर निर्माण गरेको रंगशालाको प्यारापिटमा समेत क्षति पुगेको छ। बाढीका कारण रंगशालाको मैदानभरि ढुंगा-माटोसहितको फोहोर थुप्रिएको छ। रंगशालामा रहेको टेक्निकल सेन्टरसमेत भताभुंग अवस्थामा छ।

भ्याटबाहेक २८ करोड खर्चिएर निर्माण भएको रंगशालामा बाढी छेक्ने पर्खाल नलगाएका कारण ठुलो क्षति पुगेको थियो। रंगशालाको पश्चिमतर्फबाट हरेक वर्षजसो बागमती तथा मनोहराको बाढी पस्ने गरेको छ। पछिल्लोपटक असोज दोस्रो साताको बाढीले ठुलो क्षति पुऱ्याए पनि मर्मतसम्भारको काम सुरु भएको छैन।

अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव किरण राईका अनुसार बाढीका कारण मैदान क्षतविक्षत हुँदा फुटबलसम्बन्धी

» पृष्ठ २ मा क्रमशः





तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ बाढीको सर्धै जोखिम

रंगशाला खोलाकिनार क्षेत्रमा रहेको छ। नजिकै मनोहरा खोला र बागमतीको संगमस्थल छ। रंगशालाको उचाइ कम भएपछि हरेक वर्षजसो बाढी पस्ने गरेको छ। राखेपका अनुसार रंगशालाको मुख्य चुनौती डुबान समस्या हो। रंगशाला चारपटक डुबानमा परिसकेको छ। ०७८ भदौ, ०७९ भदौ, ०७९ साउन र ०८१ को असोज दोस्रो साता रंगशालामा बाढी पसेको थियो।



● **किरण राई**
महासचिव, एन्फा

मैदान बनेपछि एक वर्षअघि 'ए' डिभिजन लिगका खेल यहीं भएका थिए। तर, पछिल्लो समय बाढीले तहसनहस बनायो। मैदानमा क्षति पुगेपछि अरूका ग्राउन्ड मागेर खेलकुदका गतिविधि गरिरहेका छौं।



● **राजु महर्जन**
वडाध्यक्ष, ललितपुर- ९

रंगशाला निर्माण गर्दा हामीले निकै चासो राखेका थियौं, वडाले पनि यसमा सहयोग गर्न चाहन्थ्यो, तर वडालाई जानकारी नै दिइएन। अहिले रंगशाला जीर्ण छ, मर्मत गर्न एन्फालाई ध्यानाकर्षणसमेत गराएका छौं।



● **टंकलाल घिसिङ**
सदस्यसचिव, राखेप

रंगशाला राम्रोसँग चलेको थियो। तर, एक्कासि बाढीले क्षति पुऱ्यायो, हामीले क्षतिको विवरण यकिन गरेका छौं। अब मर्मतसम्भारको काम सुरु हुन्छ।

कार्यपालिकाको भूमिकाप्रति सभामुख घिमिरेको आपत्ति

सरकार संसद्सँग तर्किएर हिँडिरहेको छ

संसद् सरकार जन्माउने आमा हुन् । तर, आफूले जन्माएको सरकार आमाबाट टाढा हुने, यसलाई बाइकट गर्ने बाटा खोज्ने, तर्सिने, तर्किने आदि जे गरेर हिँडिरहेको छ, यो बेठिक छ । एउटा भन्नैपर्ने कुरा के हो भने सरकार अप्ठ्यारोमा नपरेसम्म संसद्सँग मिलेर काम गर्न चाहँदैन, आफ्नै ढंगबाट काम गर्न चाहन्छ ।



नयाँ पत्रिका

सभामुख देवराज घिमिरेले सरकार संसद्सँग तर्किएर हिँडेको भन्दै असन्तुष्टि जनाएका छन् । राष्ट्रसंघीय विकास कार्यक्रमको संसद् सहयोग परियोजनाअन्तर्गत संसद् सचिवालयले आयोजना गरेको 'सम्पादकहरूसँग संवाद' कार्यक्रममा घिमिरेले सरकारले सदनलाई नटेरेको भन्दै आक्रोश पोखेका हुन् ।

सरकारलाई संसद्प्रति जवाफदेही बनाउन आफ्नो दुईवर्षे कार्यकालमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर, क्यालेन्डर लागू र प्रि-बजेट छलफल प्रभावकारी बनाउने कोसिस गरे पनि पर्याप्त हुन नसकेको अनुभव सुनाए । आफूलाई जन्माउने आमा संसद् भए पनि सरकार यसलाई नै उपेक्षा गरेर हिँडिरहेको घिमिरेले बताए ।

'संसद् सरकार जन्माउने आमा हुन् । तर, आफूले जन्माएको सरकार आमाबाट टाढा हुने, यसलाई बाइकट गर्ने बाटा खोज्ने, तर्सिने, तर्किने आदि जे गरेर हिँडिरहेको छ, यो बेठिक छ,' उनले भने । आमाले जन्माएको सन्तानलाई आमाप्रति माया गर्ने र जिम्मेवारी निर्वाह गर्ने बनाउन जरुरी रहेको उनको भनाइ छ । कार्यकारी सरकारलाई संसद्प्रति पूर्ण जवाफदेही बनाउन सभामुखले भूमिका खेल्नुपर्ने कुरालाई आफूले गम्भीरतापूर्वक लिएको पनि बताए । 'एउटा भन्नैपर्ने कुरा के हो भने सरकार अप्ठ्यारोमा नपरेसम्म संसद्सँग मिलेर काम गर्न चाहँदैन, आफ्नै ढंगबाट काम गर्न चाहन्छ । अर्थात् संसद्को साथ-सहयोग, कानुन इत्यादि चाहेपछि आउने प्रवृत्ति छ,' उनले भने ।

■ न्यायालयले पनि संसद्माथि प्रहार गरेको गुनासो

न्यायालयबाट पनि संसद्माथि प्रहार भएको सभामुख घिमिरेको गुनासो छ । ०८० असारमा आएको बजेटमा संसदीय क्षेत्र पूर्वाधार कार्यक्रमअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा पाँच करोड दिने व्यवस्था गरिएको स्मरण गर्दै उनले विनियोजन विधेयकमा संसद्ले छलफल गरेर बजेटमार्फत ऐन बनाएको विषयलाई कसैले रिट दायर गरेकै कारण सर्वोच्चले अन्तरिम आदेश दिएर रोक लगाएको बताए ।

'अदालतको आदेशविरुद्ध पाँच-सातजना माननीयले संसद्को क्षेत्राधिकारमाथि हनन भयो, यस्तो गर्नुहुँदैन भनेर बोल्नुभयो । ती माननीयहरूलाई मानहानिको मुद्दा लाग्यो, सर्वोच्चले लगायो । माननीयहरूले वकिल खोज्नुभयो । कुनै वकिलले फी मिनाह गरिदिए, कोही तिर्दै छन् । कोही माननीय हामीलाई मुद्दा लाग्यो, सभामुखको नाताले फी तिरिदिनुहुन्छ कि भनेर आइरहनुभएको छ । उहाँहरूले जवाफ दिनुभयो, अहिले पनि तारिख धाइरहनुभएको छ,' उनले ।

०८० असारमा आएको बजेटको ०८१ असारसम्म अवधि भएको, त्यो कार्यक्रम कार्यान्वयन नै गर्न नपाएको, तर अहिले पनि सांसदविरुद्ध मुद्दा जारी रहेको सभामुख घिमिरेले बताए । 'यसबिचमा तीनजना प्रधानन्यायाधीश हुनुभयो । उहाँहरूलाई मैले भेटेरै यो विषय टुंग्याइदिनुपर्‍यो भनेँ,' उनले भने ।

वीरगन्ज महानगरका १० प्रतिशत नागरिक शौचालयको पहुँचबाहिर

वीरगन्जमा **तिवारी यादव**

मधेश प्रदेशको एक मात्र वीरगन्ज महानगरपालिकामा कुल घरपरिवारमध्ये १० प्रतिशत जनसंख्याको अहिलेसम्म आफ्नो शौचालय नभएको देखिएको छ । राष्ट्रिय जनगणना ०७८ जनसांख्यिक प्रतिवेदनअनुसार वीरगन्ज महानगरपालिकाका कुल ४७ हजार ११४ घरपरिवारमध्ये १०.२ प्रतिशत घर परिवारको घरमा अहिलेसम्म शौचालय नभएको देखाएको हो ।

प्रतिवेदनअनुसार महानगरका कुल घरपरिवारमध्ये ८९.८ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालय प्रयोग गरीरहेका छन् । राष्ट्रिय तथ्यांक कार्यालय पर्साका अधिकृत राजेशकुमार दासका अनुसार महानगरपालिकामा सार्वजनिक ढल तथा सेप्टी ट्यांकमा फ्लस सुविधायुक्त शौचालय भएका कुल घरपरिवारको संख्या ६१.५ प्रतिशत छ ।

यस्तै, साधारण शौचालय प्रयोग गर्ने घरपरिवारको अंश २७.५ प्रतिशत रहेको छ भने महानगरपालिकामा सार्वजनिक शौचालय प्रयोग गर्ने घरपरिवार ०.७ प्रतिशत तथ्यांकले देखाएको उनले बताए । गत जनगणनामा २०६८ मा शौचालयमा पहुँच नभएको परिवार ३६.४ प्रतिशत रहेको थियो भने ५०.३ प्रतिशतले परिवारले फ्लस भएको र ११.९ प्रतिशतले साधारण शौचालय प्रयोग गरेको तथ्यांकमा उल्लेख छ ।

कुन-कुन वडामा कस्तो छ शौचालयको अवस्था ?

अधिकृत दासका अनुसार फ्लस सुविधा (जुनसुकै प्रकारको) भएको शौचालय प्रयोग गर्ने महानगरको वडा नम्बर ३ मा ८८.४ प्रतिशत, वडा नम्बर ४ मा ९८.९ प्रतिशत र वडा नम्बर १४ मा ९०.८ प्रतिशत रहेका छन् । यस्तै, शौचालय सुविधा न्यून हुने महानगरपालिकाको तीनवटा वडाहरू रहेको तथ्यांकमा उल्लेख छ । महानगरको वडा नम्बर २७ मा २५.७ प्रतिशत, वडा नम्बर ३२ मा २३.७ प्रतिशत र वडा नै नखुलेको एक वडामा १९.४ प्रतिशत रहेको अवस्था छ ।

शौचालय नै नभका घरपरिवारहरूको आधारमा वडाहरूको तथ्यांक हेर्दा तीनवटा वडाहरूले रहेको देखिएको अधिकृत दासले बताए । महानगरपालिकाको वडा नम्बर २९ मा ४५.८ प्रतिशत, वडा नम्बर २७ मा ३६.१ प्रतिशत र वडा नम्बर ३२ मा ३१.२ प्रतिशत रहेका छन् ।

महानगरपालिकाको वडाअनुसार सेप्टिक ट्यांकमा जोडिएका फ्लस भएका शौचालय प्रयोग गर्ने परिवार वडा नम्बर २ मा ९१.२ प्रतिशत र सबैभन्दा कम वडा नम्बर ५ मा १४.६ प्रतिशत रहेका छन् । त्यस्तै शौचालय नभएको परिवार सबैभन्दा बढी वडा नम्बर ९ मा २.९ प्रतिशत रहेका छन् भने वडा नम्बर १० शौचालय नभएको परिवार मात्र चारवटा रहेको तथ्यांकमा उल्लेख छ ।

पर्सा कहिले भयो खुला दिसामुक्त क्षेत्र घोषणा ?

०६८ मा सरसफाइ गुरुयोजना बनेपछि देशभर खुला दिसामुक्त अभियान सुरु भएको हो । यो अभियानले शून्य अनुदानमा घरघरमा शौचालय बनाउने कामलाई कार्यान्वयन गरेको थियो ।

नागरिकको पूर्ण लगानी र सहभागितामा यो अभियान सफल भएको राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिको भनाइ थियो । सरकारले यो भनाइ राखे पनि विभिन्न जिल्लामा भएको घोषणामा गैरसरकारी संस्थाहरूको पनि सहभागिता थियो ।

मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले ०७६ भदौ २८ गते पर्सा जिल्लालाई पनि खुला दिसामुक्त जिल्ला घोषणा गरे । खुला दिसामुक्त घोषणाका लागि जिल्ला खानेपानी तथा सरसफाइ स्वच्छ समन्वय समितिले नगर सभागृहमा कार्यक्रमको आयोजना गरेको थियो ।

क्षतविक्षत...

पृष्ठ १ बाट क्रमशः

गतिविधि गर्न कठिन भएको छ । 'मैदान बनेपछि एक वर्षअघि 'ए' डिभिजन लिगका खेल यहीँ भएका थिए । तर, पछिल्लो समय बाढीले तहसनहस बनायो,' उनले भने, 'मैदानमा क्षति पुगेपछि अरूका ग्राउन्ड मागेर खेलकुदका गतिविधि गरिरहेका छौँ ।' उनका अनुसार यहाँ विदेशीले तालिम गर्ने गर्थे र नेपाली खेलाडीका लागि पनि अभ्यास गर्न सहज थियो ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २६ फागुन ०७९ मा रंगशालाको उद्घाटन गरेका थिए । रंगशाला निर्माणपछि सहिद स्मारक ए डिभिजन लिगको खेल यहीँ आयोजना भएको थियो । ०७५ देखि राष्ट्रिय खेलकुल परिषद्ले निर्माण थालेको रंगशाला निर्माणको काम पाँच वर्षपछि सकिएको थियो । ०७२ को भूकम्पका कारण त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा क्षति पुगेपछि वैकल्पिक रूपमा च्यासल रंगशालालाई निर्माण गर्ने योजना सरकारले बनाएको थियो ।

रंगशाला निर्माण गर्दा १५ हजार दर्शक अटाउने स्टिमेट तयार गरिए पनि आठ हजार दर्शक मात्रै अटाउने गरी निर्माण गरिएको छ । रंगशालाको मर्मतसम्भार तथा भोगचलन अधिकार एन्फालाई छ । करिब ४८ रोपनी क्षेत्रफलको यो रंगशाला ०५९ अघिदेखि एन्फाले प्रयोग गर्दै आइरहेको छ ।

च्यासल रंगशाला निर्माण गर्दा र सञ्चालन गर्दा स्थानीय सरकारसँग समन्वय तथा सहकार्य भएको छैन । पछिल्लोपटक ललितपुर महानगरपालिका- ९ का वडाध्यक्ष राजु महर्जनको टोलीले रंगशालामा थुप्रिएको फोहोर हटाउन र सञ्चालन गर्न एन्फाको ध्यानाकर्षण गराएको छ । 'रंगशाला निर्माण गर्दा हामीले निकै चासो राखेका थियौँ, वडाले पनि यसमा सहयोग गर्न चाहन्थ्यो, तर वडालाई जानकारी नै दिइएन,' उनले भने, 'अहिले रंगशाला जीर्ण छ, मर्मत गर्न एन्फालाई ध्यानाकर्षणसमेत गराएका छौँ ।'

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बाढीले क्षति गरे पनि त्यसको विवरण यकिन गरेर मर्मत गर्ने योजना अघि सारेको बताए । 'रंगशाला राम्रोसँग चलेको थियो । तर, एक्कासि बाढीले क्षति पुर्‍यायो, हामीले क्षतिको विवरण यकिन गरेका छौँ,' उनले भने, 'अब मर्मतसम्भारको काम सुरु हुन्छ ।'

अपहरण गरेर...

पृष्ठ १ बाट क्रमशः

लडिरहेको महिला देखेपछि गाउँलेले कटारी प्रहरी चौकीमा खबर गरेका थिए । तत्काल प्रहरी वरिष्ठ हवल्दार भीम खड्काको नेतृत्वमा आएको टोलीले उद्धार गरेर विराटनगरस्थित कोसी अस्पताल पुर्‍याएको थियो ।

'खेतको बाटो हुँदै घर फर्कँदा आमाले बाँसको झ्याङ हातखुट्टा बाँधिएको अवस्थामा लडिरहेकी महिला देखेपछि दौडँदै घर आएर भुत देखेको भन्नुभयो । हामी २०-३० जना केटाहरू मिलेर घटनास्थलमा पुग्दा ती महिलालाई अर्धचेत अवस्थामा देख्यौं । तत्काल प्रहरी बोलाएर उद्धार गरी अस्पताल पठायौं,' रसिलालले भने ।

बीमालेख हराएको सूचना

मिति २०८१ पुस २ गते भक्तपुरदेखि नक्सालसम्म आउँदा मेरो निम्न व्यहोरा भएको एलआइसी नेपालबाट जारी बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइ दिनुहुन अनुरोध गर्दछु ।

नाम, थरः गोपाल दुङ्गेल
बीमालेख नं : ११००१७७००
सम्पर्क : ९८६१०४८८८८

कोशी अस्पतालको लैंगिक हिंसा पीडितका लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) कक्षमा चेकजाँच, उपचार र मनोविमर्शपछि स्वास्थ्यमा सुधार हुँदै गएपछि प्रहरीले महिलासँग सोधपुछ गरेको थियो । आफूलाई युवाहरूको समूहले मुख थुनेर सिटी रिक्सामा राखी बाँसको झ्याङमा लगेर सामूहीक बलात्कार गरेको वयान दिएकी थिइन् । पीडितले दिएको हुलियाका आधारमा प्रहरीले मंगलबार राति नै तीन र बुधबार एक गरी चार युवालाई नियन्त्रणमा लिएको छ । कटहरी- २ का १९ वर्षीय मोहम्मद रमजान, १९ वर्षीय सोनुकुमार साह, भारतको अररिया कुर्साकट्टा बस्ने १९ वर्षीय मोहम्मद गुल्जार र अर्को एक (नाम नखुलेको)लाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । दुईजना सिटी रिक्सा चालक र दुईजना कटहरीमै ग्यारेजमा काम गर्ने युवा रहेको प्रहरीले जनाएको छ ।

मोरङ प्रहरी प्रवक्ता डिएसपी वेदप्रकाश जोशीले घटना सामूहिक बलात्कारजस्तै देखिएको र पीडितको बयानका आधारमा चारजनालाई नियन्त्रणमा लिएर सोधपुछ भइरहेको बताए । बुधबार सार्वजनिक बिदा परेकाले अदालतबाट म्याद थप गर्न नपाइएको उनको भनाइ छ । 'हामीले पीडितको बयानका आधारमा अनुसन्धान अगाडि बढाइसकेका छौं, तर बुधबार सार्वजनिक बिदा परेकाले अदालतमा म्याद थपका लागि लैजान पाएनौं,' उनले भने । उपचार र चिकित्सकीय परीक्षण सकिएकापछि बुधबार प्रहरीले पीडितसँग वयान लिएर सेफ हाउसमा पठाएको छ ।

श्रीमान्‌ले छाडेपछि दुई सन्तानसहित माइतीमा बस्दै आएकी थिइन् पीडित

सामान्य बनिबुतो गरेर परिवारको गर्जो टार्ने ऋषिदेव समुदायकी पीडित महिलाको कलिलो उमेरमै बिहे भएको थियो । उनका तीन वर्षकी छोरी र दुई वर्षका छोरा छन् । जहदा- ४ मा विवाह गरेकी उनी श्रीमान्‌ले अर्कै केटी लिएर बेपत्ता भएपछि साढे दुई वर्षदेखि माइतीमा बस्दै आएकी थिइन् ।

सदाझैं मंगलबार बिहान पनि उनी घरनजिकै नहरमा शौच गर्न गएकी थिइन् । तर, धेरै बेरसम्म छोरी घर नफर्किएपछि आमाले छोरीको खोजी गरेकी थिइन् । दिउँसो साढे १२ बजेतिर कटहरी- २ स्थित बाँसको झ्याङमा बेहोस् अवस्थामा महिला भेटिएको हल्ला चलेपछि उनी घटनास्थल पुगेकी थिइन् । तर, उनी घटनास्थल पुग्दासम्म छोरीलाई प्रहरीले अस्पताल पुर्‍याइसकेको थियो ।

प्रश्न गर्नेमाथि...

पृष्ठ १ बाट क्रमशः

टिप्पणी हुने गरेका छन् । ०७८ को मंसिरमा चितवनमा सम्पन्न दसौँ महाधिवेशनमा ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेका रावल पार्टीको जिम्मेवारीमा थिएनन् । विधानले पदाधिकारीमा उम्मेदवारी दिने व्यक्तिले स्वतः केन्द्रीय सदस्यमा पनि उम्मेदवारी दिनुपर्ने व्यवस्था गरे पनि उनले त्यसलाई पनि अस्वीकार गरेका थिए । केन्द्रीय सल्लाहकारको जिम्मेवारी दिने पार्टी निर्णय पनि अस्वीकार गरी उनी निष्क्रिय थिए ।

अघिल्लो वर्ष पार्टी कार्यालयमा अध्यक्ष ओलीसँग संवाद गरेबाहेक रावल गृहजिल्ला अछाम र सुदूरपश्चिमका केही ठाउँमा स्थानीय पार्टी नेता-कार्यकर्तासँग भेटघाट र संक्षिप्त कार्यक्रममा मात्र सहभागी हुँदै आएका थिए । अघिल्लो वर्ष केन्द्रीय महाधिवेशन परिषद्को बैठकमा पनि उनी सहभागी भएका थिएनन् ।

रावललाई पार्टीले दिएको जिम्मेवारी पनि नलिएको र पार्टी नीति तथा नेतृत्वविरुद्ध निरन्तर सार्वजनिक अभिव्यक्ति दिएर पार्टीलाई कमजोर बनाउने भूमिका खेलेको भन्दै गत ६ कात्तिकमा सचिवालयकै बैठकले स्पष्टीकरण सोधेको थियो । तर, स्पष्टीकरणको कुनै औचित्य नरहेको भन्दै जवाफ नफर्काएका रावललाई पार्टीलाई कमजोर बनाउन सक्रिय बनाउन भूमिका खेलेको आरोपमा सदस्यताबाटै निष्कासन गरिएको छ ।

त्यस्तै, स्थायी समिति सदस्य पाण्डे र केन्द्रीय सदस्य तिमिल्सिनालाई केन्द्रीय कार्यालय भवन निर्माणका लागि लिइएको जग्गा दानको विषयमा पार्टी निर्णयविरुद्ध सार्वजनिक टिप्पणी गरेर पार्टीको विधि र अनुशासन उल्लंघन गरेको आरोपमा स्पष्टीकरण सोधिएको थियो । उनीहरूले १२ कात्तिकमा प्रस्टीकरण फर्काए पनि कमजोरी महसुस गरेर आत्मालोचना नगरेको भन्दै एमालेले ६ महिना जिम्मेवारीबाट निलम्बन गरेको हो ।



भाटभटेनीका मालिक गुरुङ कर छलीमा अदालतबाट दोषी ठहर भइसकेका र प्रधानमन्त्री कार्यालयमातहतको सम्पत्ति शुद्धीकरणमा अनुसन्धान अनुसन्धान भइरहेका व्यवसायी हुन् । यस्ता व्यक्तिबाट दान लिनु पनि भ्रष्टाचार भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो । यद्यपि, सर्वोच्चले जग्गा दान लिनु भ्रष्टाचार नभएको भनिसकेको छ ।

उपमहासचिव प्रदीप ज्ञवालीले पार्टीको जिम्मेवारी पूरा नगरी निरन्तर पार्टीलाई कमजोर बनाउने अभिव्यक्ति आइरहेका कारण रावललाई सचिवालयले संगठित सदस्यबाट हटाउने निर्णय भएको बताए । 'रावल कमरेड दसौँ महाधिवेशनमा अध्यक्षको उम्मेदवार हुनुहुन्थ्यो । हामीले उपाध्यक्षका लागि आग्रह गर्‍यौँ, तर मान्नुभएन । केन्द्रीय सदस्यमा पनि नआएपछि विधानको व्यवस्थाअनुसार उहाँलाई सल्लाहकार बनाइयो,' ज्ञवालीले भने, 'तर, उहाँले त्यो जिम्मेवारी पनि पूरा गर्नुभएन र उहाँका अभिव्यक्तिहरू पार्टीलाई बलियो बनाउनेभन्दा पनि निरन्तर कमजोर बनाउने हिसाबले आएको हुनाले उहाँलाई संगठित सदस्यताबाट मुक्त गर्ने निर्णय गरिएको हो ।'

त्यस्तै, पाण्डे र तिमिल्सिनाले पार्टी भवन निर्माण गर्ने जग्गासम्बन्धी विषयमा पार्टीको निर्णयबाहिर गएर दिएको अभिव्यक्ति कमजोरी स्वीकार नगरेका कारण कारबाही गरिएको पनि ज्ञवालीले जानकारी दिए । 'उहाँहरूले पार्टीको विधिबाहिर गएर सार्वजनिक रूपमा बोलेको विषयमा कमजोरी महसुस गरेको पाइएन । त्यसकारण पार्टीको निर्देशनमा चल्न निर्देशित गर्दै ६ महिना जिम्मेवारीबाट निलम्बन गरिएको छ,' उनले भने ।

रावल र पाण्डेले कारबाहीको निर्णयको प्रतिवाद गरेका छन् । 'एमालेको निर्णयभन्दा पनि मूलतः यो ओलीको निरंकुश शैली हो । यसले ममाथि अन्याय गरेको छ । जसका विरुद्धमा लड्छु भन्थे, उसैसँग मिलेर ओलीले प्रधानमन्त्री पद लिए । मैले पार्टीमै बसेर मूलत : राष्ट्र, राष्ट्रियताको रक्षा गरिरहेँ, उनी विदेशीसामु लम्पसार परे,' रावलले भने ।

उनले तत्काल के गर्ने भन्ने विषयमा कुनै सोच नरहेको भन्दै पार्टीका नेता-कार्यकर्ताहरूसँगको परामर्शपछि मात्र निर्णयमा पुग्ने बताए । 'अहिले कहीँ कतै जाने सोचेको छैन । पहिला पार्टी कार्यकर्तासँग सल्लाह गर्छु र निर्णय लिन्छु,' रावलको भनाइ छ ।

स्थायी समिति सदस्य पाण्डेले पार्टी हितका पक्षमा ध्यानाकर्षण गराएको विषयमा गरिएको कारबाहीले पार्टीलाई फाइदा या क्षति के पुर्‍याउँछ, समयले पुष्टि गर्ने बताइन् । 'देशमा सुशासन कायम हुनुपर्छ । पार्टी नीति र विधिअनुसार चल्नुपर्छ । पार्टीले लोकतान्त्रिक प्रक्रियाबाट जनमतको प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर राज्यसत्तामा पुग्ने जनताको बहुदलीय जनवादको सिद्धान्त अवलम्बन गरेकाले जनता र कार्यकर्ताको भावनाअनुसार चल्न सकेको अवस्थामा मात्र मतदाताको शिर पनि उच्च हुन्छ भनेर स्टाटस लेखिएको थियो,' पाण्डेले भनिन्, 'यसरी जाँदा पार्टीको कार्ययोजनाअनुसार एमाले बलियो निर्णायक राष्ट्रिय शक्ति बन्न सक्ने र मिसन ८४ को लक्ष्य पूरा हुन्छ भनिएको हो । तर, अब अहिलेकै तरिकाले त्यो दीर्घकालीन लक्ष्य पूरा हुन्छ- हुँदैन पर्खिनैपर्ने हुन्छ ।'

तिमिल्सिनाले कारबाहीलाई पञ्चायती शैली भनेर टिप्पणी गरेकी छिन् । 'आजै पनि आफ्नो जिम्मेवारी भएको नुवाकोट निर्वाचन क्षेत्र नं.१ अन्तर्गत शिवपुरी गाउँपालिका कमिटीको शपथग्रहण कार्यक्रम थियो । उक्त कार्यक्रम सकेर भर्खर घर आइपुगेकी छु । तल्लो तहका आमकार्यकर्ता, तिनको लगाव, मेहेनत र चासोको अगाध माया लाग्छ,' उनले सामाजिक सञ्जालमा लेखेकी छिन्, 'यता ६ महिना निलम्बनको निर्णय भएछ । पञ्चायतविरुद्ध लडेर आउनुभएको नेतृत्वगणले पञ्चकै नक्कल नगर्नुभएको भए हुन्थ्यो ।'

राजनीतिक विश्लेषक कृष्ण पोखरेलले रावलसहित नेताहरूमाथिको कारबाही एमालेभित्र आन्तरिक लोकतन्त्र हराएको अर्थमा बुझ्नुपर्ने टिप्पणी गरे । 'लोकतन्त्रका लागि धेरै लामो समय लड्ने, संघर्ष गर्ने मुख्य नेता केपी ओली नै अध्यक्ष बनेपछि पार्टीभित्रको आन्तरिक लोकतन्त्र हरायो,' पोखरेलले भने, 'भीम रावलले चुनाव त जित्दैनथे, तर, अध्यक्षमा प्रतिस्पर्धा गरेर एमालेभित्र आन्तरिक लोकतन्त्र रहेको उदाहरण दिएका थिए । तर, आखिर उनका लागि त्यही प्रतिस्पर्धा नै अपराधसरह भएको देखियो ।'

पोखरेलले सर्वोच्च अदालतले सफाइ दिए पनि पाण्डे र तिमिल्सिनाको अभिव्यक्तिको राजनीतिक अर्थ रहेको बताए । 'जग्गा दान लिनु ठिक हो भन्ने सर्वोच्च अदालतको सफाइ आफ्नो ठाउँमा छ । तर, राजनीति गर्ने पार्टीका लागि गलत काम गर्दा चुनावबाट राजनीतिक हर्जना पनि हुन सक्छ, त्यसैले राजनीतिक पार्टीलाई अदालतले दिने सफाइभन्दा पनि जनताको सफाइले चाहिँ ठुलो अर्थ राख्छ ।'

सरकारको कामको समीक्षा : पाँच महिनामा महत्त्वपूर्ण काम

एमाले बैठकले सरकारले ५ महिनाको अवधिमा महत्त्वपूर्ण काम अगाडि बढाएको भन्दै सन्तुष्टि व्यक्त गरेको छ । '५ महिनामा केही महत्त्वपूर्ण काम अगाडि बढेकोमा बैठकले सन्तुष्टि व्यक्त गरेको छ । सँगसँगै सरकारको कामलाई गति दिनुपर्ने र अझ धेरै सुधारको काम गर्नुपर्ने आवश्यकताबोध पनि गरेको छ,' बैठकपछि उपमहासचिव ज्ञवालीले भने ।

पछिल्लो समय अर्थतन्त्रमा सुधार भइहेको, राजस्व संकलन १७ प्रतिशतले वृद्धि भएको, सेयर बजार सकारात्मक रहेको, संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पास भएर आयोग बन्ने प्रक्रियामा रहेको र सरकारको बाह्य सम्बन्ध सञ्चालनमा प्रगति भएको एमालेको दाबी छ । यसैगरी, चीनसँगको बिआरआई फ्रेमवर्क हस्ताक्षर र अन्य मुलुकसँग महत्त्वपूर्ण सहमति भएको, संसदीय छानबिन समितिको सिफारिसअनुसार सहकारी ठगी गर्नेहरूमाथि कारबाही अगाडि बढेको भन्दै एमालेले सरकारको काम सकारात्मक रहेको विश्लेषण गरेको छ । सरकारले आफ्नै पार्टीका नेता-कार्यकर्तामाथिसमेत कारबाही गरिरहेको भन्दै राजनीतिक पूर्वाग्रहको हल्ला घटनाक्रमले नै खण्डित गरेको एमालेको भनाइ छ । त्यस्तै, अधिकार सम्पन्न सहकारी क्षेत्रको नियमन गर्ने प्राधिकरणले त्यस क्षेत्रको बेथिति अन्त्य गर्ने एमालेको दाबी छ । यसबिचमै सहकारीका करिब १० हजार बचतकर्तामध्ये केहीको पूर्ण र केहीको आंशिक बचत रकम फिर्ता गर्ने काम अगाडि बढेको पनि एमालेको भनाइ छ ।

तर, खर्च गर्ने...

पृष्ठ १ बाट क्रमशः

कार्यालयले कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको मुद्दती खातामा मौज्दात राखेको छ । ८७ करोड १४ लाख कृषि विकास बैंक, ६४ करोड ९३ लाख राष्ट्रिय वाणिज्य बैंक र २५ करोड ९३ लाख नेपाल बैंक लिमिटेडमा छ । ब्याज थपिँदै जाँदा मौज्दात बढ्दै जान्छ । यो अहिले करिब दुई अर्ब पुगेको अनुमान छ । ट्रस्टमातहत आएका सम्पत्तिको भाडालगायत आम्दानीबाट पनि यो रकम वर्षेनी बढ्दै गएको छ ।

नेपाल ट्रस्ट कार्यालयका सहसचिव कुमार दाहाल ऐनबमोजिम कार्यविधि नबन्दा ट्रस्टको आम्दानी रकम लगानी तथा उपयोग गर्न नसकिएको बताउँछन् । 'ट्रस्टको कोषमा रहेको रकम उपयोग गर्ने गरी अहिलेसम्म कार्यविधि नै बनेको छैन,' उनले भने, 'ट्रस्ट ऐन र नियमावलीले कार्यविधि बनाएर मात्र कोषको रकम लगानी र उपयोग गर्न भनेकाले कार्यविधि नबन्दासम्म केही गर्न सक्ने अवस्था छैन ।' कोषको रकमलाई बृहत्तर उपयोगमा लगाउन सक्ने बाटो कानुनले दिए पनि कार्यविधि नबन्दा अघि बढ्न नसकिएको उनले बताए । चरम प्रशासनिक अस्थिरता र निर्णयहीनताका कारण यस्तो अवस्था आएको दाहालको भनाइ छ ।

ट्रस्टको अथाह स्रोत र बजेट

ट्रस्ट कार्यालयले आफूमातहत ल्याएको चल-अचल सम्पत्तिबाट वार्षिक ठुलो आम्दानी गर्छ । विभिन्न १२ जिल्लामा २१ हजार ६३४ रोपनी जग्गा ट्रस्टले आफ्नो नाममा ल्याएको छ । कतिपय स्थानमा संरचनासमेत छ । अझै पनि जग्गा खोजबिन गरिरहेको छ । जग्गा र संरचनाबाहेक नबिल बैंक लिमिटेडमा १० लाख ६५ हजार २०२ कित्ता, होटेल डेल अन्नपूर्णमा ३० हजार ७२० कित्ता र राष्ट्रिय वाणिज्य बैंकमा ६ हजार ७५० कित्ता सेयर छ । वैदेशिक मुद्राअन्तर्गत ८९५ पाउन्ड स्टर्लिङ र सात हजार ८८ अमेरिकी डलरको निक्षेप पनि छ । रत्नमन्दिरको प्रवेश शुल्कबाट पनि आम्दानी हुन्छ । घरजग्गा भाडा, बैंक ब्याज, सेयर लाभांश, मन्दिर प्रवेश शुल्क, विदेशी मुद्राको ब्याज र विविध आयलगायतबाट ट्रस्टलाई वार्षिक आम्दानी हुन्छ । ट्रस्ट स्थापना हुँदा ०६४/६५ मा २५ लाख रुपैयाँ रकम, ४७ हजार सात सय कित्ता सेयर र ८३६ रोपनी जग्गा रहेकामा खोजबिनका क्रममा पत्ता लाग्दै जाँदा बढ्दै गएको हो ।

ट्रस्टको आफ्नै बलियो स्रोत हुँदाहुँदै सरकारले पनि वार्षिक रूपमा बजेट दिन्छ । नेपाल ट्रस्ट ऐन, २०६४ को दफा २२ (१) अनुसार ट्रस्टको प्रशासनिक खर्चका लागि आवश्यक रकम नेपाल सरकारले बजेटमार्फत अनुदानका रूपमा उपलब्ध गराउँदै आएको छ । त्यस्तो रकमबाट ट्रस्टको प्रशासनिक खर्च अपुग हुने देखिएमा सञ्चालक समितिले नेपाल सरकारको पूर्वस्वीकृति लिई ट्रस्टको मूल सम्पत्तिबाट बढे-बढाएको रकमबाट प्रशासनिक खर्च व्यहोर्ने व्यवस्था मिलाउन सक्ने प्रावधान ऐनमा छ । नेपाल ट्रस्ट (पहिलो संशोधन) नियमावली, २०७६ अनुसार कोषमा जम्मा भएको रकममध्ये ट्रस्टको सम्पत्तिबाट बढे-बढाएको रकमको वार्षिक ५० प्रतिशतसम्म सीधै ट्रस्ट सञ्चालक समितिले र सोभन्दा बढी रकम नेपाल सरकारको पूर्वस्वीकृति लिई उक्त समितिले नै ट्रस्टको सम्पत्तिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन प्रयोजनका लागि कार्यक्रम स्वीकृत गरी खर्च गर्न सक्ने व्यवस्था छ । कानुनले अथाह क्षेत्र दिँदा पनि भएको बजेट ट्रस्टले खर्च गरिरहेको छैन ।

कोषमै बर्सेनि करोडौँ आम्दानी, सम्पत्ति संरक्षण कार्यक्रममा खर्च

ट्रस्टमातहत रहेका सम्पत्ति, तिनबाट प्राप्त भाडा तथा बैंक ब्याजलगायतबाट बर्सेनि करोडौँ आम्दानी भइरहेको छ । तर, यसको कानुनबमोजिम लगानी उपयोगमा ट्रस्ट चुकिरहेको छ । बैंकमा मौज्दात राख्दा प्राप्त ब्याजबाट संरचनाको संरक्षण र हेरचाहजस्ता कार्यक्रम मात्र खर्च भइरहेको छ ।

०८०/८१ मा विभिन्न शीर्षकबाट ट्रस्टले १४ करोड ८० लाख आम्दानी गरेको थियो । कार्यक्रमका लागि पाँच करोड ४२ लाख २० हजार विनियोजन गरिएकामा एक करोड ३८ लाख ८७ हजार ८७१ रुपैयाँ खर्च भयो । त्यसअघि ०७९/८० मा विभिन्न शीर्षकबाट कोषमा २४ करोड २९ लाख ५९ हजार आम्दानी भएको थियो । सो आवको अन्त्यसम्ममा कोषमा कुल एक अर्ब ४६ करोड ६ लाख १३ हजार ८७७ रुपैयाँ थियो । त्यसको ब्याजबाट एक करोड सात लाख ९२ हजार १४८ रुपैयाँ विभिन्न कार्यक्रम सञ्चालनमा कार्यालयले खर्च गरेको थियो ।

त्यस्तै, ०७८/७९ मा कोषमा १९ करोड नौ लाख ४४ हजार रुपैयाँ आम्दानी भएको थियो । योसहित गरेर आवको अन्त्यसम्ममा कोषमा एक अर्ब २१ करोड ७३ लाख ५८ हजार ३०७ रुपैयाँ जम्मा भयो । यसको ब्याजबाट ८२ लाख ८२ हजार १३३ रुपैयाँ कार्यक्रम सञ्चालनमा खर्च गरियो । ०७७/७८ मा विभिन्न शीर्षकबाट कोषमा प्राप्त आम्दानी १५ करोड ८४ लाख ५३ हजार ३४३ थियो । आवको अन्त्यमा कोषमा प्राप्त कुल आम्दानी एक अर्ब पाँच करोड ८४ लाख सात हजार देखिन्छ । उक्त आवमा विभिन्न कार्यक्रम तथा कर दाखिलाबापत ८१ लाख ३७ हजार ५०५ खर्च भएको छ । त्यस्तै, ०७६/७७ मा विभिन्न शीर्षकबाट कोषमा प्राप्त आम्दानी १६ करोड ५२ लाख २८ हजार ४२९ रुपैयाँ थियो । उक्त आवसम्ममा कोषमा जम्मा रकम ९० करोड ६१ लाख ९६ हजार ३३० रुपैयाँ देखिन्छ । त्यसबाट आर्जित ब्याज सञ्चालक समितिबाट स्वीकृति ४१ लाख ६७ हजार रुपैयाँ ट्रस्टअन्तर्गतको अचल सम्पत्तिको संरक्षण, संवर्द्धन र अध्ययन विश्लेषण कार्यक्रममा खर्च भयो ।

ऐनले दिएको छ लगानीका लागि बृहत् क्षेत्र, १६ वर्षमा कार्यविधि नै बन्न सकेन

ट्रस्ट ऐनले रकमको लगानी तथा उपयोगका लागि बृहत् क्षेत्र तोकिदिएको छ । नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ५ मा ट्रस्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रहितमा प्रयोग हुनेछ भन्ने उल्लेख छ । त्यसको उपदफा २ (क) मा सर्वमान्यतामा प्रतिकूल नहुने गरी ट्रस्टको सम्पत्ति विद्यालय, महाविद्यालय, विश्वविद्यालयजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्न पाउने र 'ख'मा अस्पताल वा स्वास्थ्यचौकीजस्ता सार्वजनिक प्रयोजनका चिकित्सालय खडा गरी तोकिएबमोजिम सञ्चालन गर्न पाउनेलगायतका व्यवस्था छन् ।

नेपाल ट्रस्ट नियमावली, २०६५ ले यसमा थप प्रस्ट पारेको छ । नियमावलीको नियम ३ मा सम्पत्ति व्यापक र सर्वोत्तम लाभ हुने गरी शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्यसम्बन्धी राष्ट्रहितका कार्यमा प्रयोग गर्नुपर्ने उल्लेख छ । त्यसमा विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक संस्था खडा गरी सञ्चालन गर्ने वा गराउने, शैक्षिक वा प्राज्ञिक क्षेत्रसँग सम्बन्धित अल्पकालीन वा दीर्घकालीन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने वा गराउने, कुनै सामुदायिक शिक्षा संस्था वा साहित्य, विज्ञान तथा प्रविधिसम्बन्धी सामुदायिक वा सार्वजनिक शैक्षिक वा प्राज्ञिक संस्थालाई पूर्ण वा आंशिक अनुदान प्रदान गर्नेलगायतका व्यवस्था छ । त्यस्तै, आर्थिक रूपले विपन्न र दुर्गम तथा पिछडिएको क्षेत्रका विद्यार्थीलाई छात्रवृत्ति दिने, दुर्गम क्षेत्रका विद्यालय, महाविद्यालय वा विश्वविद्यालय सञ्चालनका लागि अनुदान दिनेलगायतका व्यवस्था नियमावलीमा छन् । ट्रस्टको सम्पत्ति सार्वजनिक प्रयोजनका लागि अस्पताल वा स्वास्थ्य चौकी खडा गरी स्थानीय निकाय, सामुदायिक संस्था वा गैरसरकारी संस्थामार्फत सञ्चालन गराउने, दुर्गम क्षेत्रमा अस्पताल वा स्वास्थ्य चौकी खडा गरी स्थानीयस्तरबाट सञ्चालन हुने व्यवस्था गर्ने, अस्पताल, स्वास्थ्यचौकी खडा गरेको ठाउँहरूमा औषधि बैंक खडा गरी सञ्चालन गर्नेलगायतका काममा कोषको आम्दानी उपयोग गर्न सकिने व्यवस्था नियमावलीमा छ ।

तर, यस्ता कार्यक्रम सञ्चालन गर्दा समितिले कार्यविधि बनाउनुपर्ने नियम ४ मा व्यवस्था गरिएको छ । यो समितिमा प्रधानमन्त्री ट्रस्टको संरक्षक हुने व्यवस्था ऐनको दफा ८ मा उल्लेख छ । संरक्षक रहने प्रधानमन्त्रीले ऐनका उद्देश्य कार्यान्वयन गर्न समितिलाई समय-समयमा आवश्यक निर्देशन दिने सक्ने व्यवस्था छ । ट्रस्ट सञ्चालक समितिमा प्रधानमन्त्रीले तोकेको नेपाल सरकारको कुनै मन्त्री अध्यक्ष रहने व्यवस्था छ । त्यसअनुसार हाल प्रधानमन्त्रीले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी बोर्ड अध्यक्ष छन् । यसका अतिरिक्त प्रधानमन्त्री कार्यालयको सम्बन्धित क्षेत्र हेर्ने सचिव, नेपाल ट्रस्टको कार्यालयको कार्यकारी सचिवलगायत पनि बोर्डमा रहने व्यवस्था छ ।

तर, प्रधानमन्त्री संरक्षक र प्रधानमन्त्रीले तोकेका मन्त्री नै अध्यक्ष हुने यो समितिले अहिलेसम्म कार्यविधि नै ल्याउन सकेको छैन । कार्यालयका सहसचिव दाहालका अनुसार कार्यविधि ल्याउने गरी मस्यौदा तयार भए पनि हालसम्म जारी हुन भने सकेको छैन । ट्रस्टका अधिकारीका अनुसार सञ्चालक समिति आफैँले यो कार्यविधि जारी गर्न सक्छ । तर, ऐनले व्यवस्था गरेको १६ वर्ष बितिसक्दा पनि कोषको रकम लगानी र उपयोगका लागि कार्यविधि बन्न सकेको छैन ।

शुक्लाफाँटा निकुञ्जको नौ सय बिघा जमिन साढे तीन दशकदेखि भारतको नियन्त्रणमा

कञ्चनपुरको बेलडाँडी गाउँपालिका- ५ झिलमिलासँग जोडिएको जमिनमा भारतीय नागरिकले अतिक्रमण गरेर खेती गर्दै आएका छन्



साढे तीन दशकदेखि भारतीयले गहुँखेती लगाएको कञ्चनपुरको बेलडाँडी गाउँपालिका- ५ झिलमिलासँग जोडिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको जमिन। निकुञ्जको करिब नौ सय बिघा जमिन भारतीय नागरिकले साढे तीन दशकदेखि भोगचलन गरिरहेका छन्।

कञ्चनपुरमा **मोहन विष्ट**
धनगढीमा **तेजराज भट्ट**

कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको करिब नौ सय विघा जमिन भारतले अतिक्रमण गरेको छ। निकुञ्जको दक्षिणी सीमा क्षेत्रमा पर्ने कञ्चनपुरको बेलडाँडी गाउँपालिका- ५ झिलमिलासँग जोडिएको जमिनमा साढे तीन दशकदेखि भारतीय नागरिकले अतिक्रमण गरेर खेती गर्दै आएका छन्।

यस क्षेत्रमा मुख्य र सहायक गरी पाँचवटा सीमास्तम्भ छैनन्। 'सीमास्तम्भ नभएको क्षेत्रको जमिन ३६ वर्षदेखि भारतीयले उपभोग गर्दै आएका रहेछन्,' कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले भने, 'जंगल र नदी भएकाले त्यहाँ पुग्न पनि निकै कठिन रहेछ। निकुञ्जको जमिनमा भारतीय किसानले हिउँदमा गहुँ लगाउने रहेछन्। बर्खामा भने पानी जम्ने भएकाले जमिन बाँझै छोड्ने गरिएको छ।' सिडिओ सापकोटासहितको सरकारी अधिकारीको टोलीले गत साता निरीक्षण गरेपछि भारतीयले नेपाली भूमि उपभोग गरिरहेको घटना बाहिर आएको हो।

अनुगमनमा गएका अधिकारीका अनुसार उक्त क्षेत्रमा चार-पाँचवटा कच्ची घरसमेत रहेका छन्। अतिक्रमित क्षेत्रसम्म पुग्न नेपालतर्फबाट बाटो छैन भने निकुञ्जभित्रका थुप्रै नदीनालामाथि पुल नभएका कारण सवारीसाधन प्रयोग गर्न सकिँदैन। नेपाली अनुगमन टोलीले त्यहाँ पुग्न हात्तीको सहारा लिनुपरेको थियो। सीमास्तम्भ नहुँदा नेपाल-भारतको क्षेत्र नछुटिनु तथा त्यहाँ पुग्न कठिन भएकाले पनि भारतीयले जमिन उपभोग गरिरहेका हुन्। निरीक्षणमा गएका शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज साहले अतिक्रमण भएको क्षेत्र हटाउन माथिल्लो (निकुञ्ज विभाग, मन्त्रालय) निकायमा पहल गरिने बताए।

बेलडाँडी गाउँपालिका- ५ का वडाध्यक्ष इन्द्रबहादुर खड्काले भारतीयले उपभोग गरिरहेको नेपाली भूमि तत्काल फिर्ता ल्याउन सरकारले पहल गर्नुपर्ने बताए। जिल्लाको दक्षिणी क्षेत्रमा भारतीयले ठाउँठाउँमा नेपाली भूमि अनिक्रमण गर्नुका साथै नेपालीमाथि थिचोमिचो गर्ने गरेका उनले बताए। 'सरकारले कूटनीतिक पहल गरेर नेपाली भूमि फिर्ता ल्याउनुपर्छ,' उनले भने। अन्तर्राष्ट्रिय सीमा सरोकार समूह कञ्चनपुरका अध्यक्ष पल्लवराज भट्टले सीमास्तम्भ निर्माण नहुँदा कञ्चनपुरका विभिन्न ठाउँमा भारतीयले नेपाली भूमि कब्जा गरेको बताए। शुक्लाफाँटामा पनि भारतले सीमास्तम्भ नभएको नाममा अतिक्रमण गरेको उनले बताए।

'उक्त क्षेत्रमा नेपालतर्फ बस्ती नहुँदा भारतीयलाई अतिक्रमण गर्न सहज भएको छ, भौगोलिक कठिनाइले समेत भारतीयले नेपाली भूमि उपभोग गर्दै आएका छन्,' भट्टले भने, 'सीमास्तम्भ निर्माण नहुँदा सिमानाको समस्या देखिएको छ।' बेलडाँडीकै झिलमिला क्षेत्रमा समेत कैयौं बिघा नेपाली भूमिमा भारतीयले खेतीपाती गर्दै आएका उनले बताए। कञ्चनपुरको प्यारातालदेखि ब्रह्मदेव र दोधारा-चाँदनीसम्म ठाउँठाउँमा नेपाली भूमि अतिक्रमणमा परेको छ। केही महिनाअघि मात्र निकुञ्ज क्षेत्रमा पर्ने ५० बिघा नेपाली जमिन खनजोत गरिरहेको पाइएपछि दुईजना भारतीय नागरिकलाई पक्राउ गरी मुद्दा चलाइएको थियो। मुद्दा जारी रहेकाले ती दुवैजना हाल निकुञ्जको नियन्त्रणमा छन्। नेपालले सीमास्तम्भ निर्माण गरेपछि भारतीयले उपभोग गर्दै आएको उक्त जमिन निकुञ्जमा समावेश भइसकेको छ। ०७३ मा कञ्चनपुरकै पुनर्वासको आनन्दबजारमा कल्भर्ट निर्माणका क्रममा भारतीयसँग विवाद हुँदा गोविन्द गौतमको हत्या भएको थियो। कञ्चनपुरको दोधारा-चाँदनी, बेलडाँडी, बेलौरी र पुनर्वासका विभिन्न स्थानमा नेपाली भूमिमा नेपाली नागरिकले खेतीपाती गर्न भारतीयले अवरोध गर्दै आएका छन्।

■ नेपाल र भारत दुवैले बनाएनन् सीमास्तम्भ

सीमास्तम्भ नम्बर ७८८ तथा सहायक स्तम्भ ७८८/१, ७८८/२, ७८८/३ र ७८७/३ फिल्डमा नरहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले बताए। दुई देशको सहमतिका आधारमा विगतमा संयुक्त सीमा सर्भे टोली खटिएको थियो। जोर नम्बरका सीमास्तम्भ भारतले र बिजोर नेपालले बनाउने कार्यादेश संयुक्त सर्भे टोलीलाई दिइएको थियो। तर, भारतले मुख्यसहित चार र नेपालले एउटा सहायक सीमास्तम्भ बनाएका छैनन्। त्यहाँ नेपालले सीमास्तम्भ नम्बर ७८७, ७८७/१ र ७८७/२ निर्माण गरेको छ। ७८७/३ सीमास्तम्भ नेपालले बनाउन बाँकी देखिएको प्रजिअ सापकोटाले बताए।

कञ्चनपुरमा सीमांकनका लागि खटिएको संयुक्त सीमा सर्भे टोलीले ०७५ फागुनमा बेलडाँडी, बेलौरी क्षेत्रमा सीमा क्षेत्रको रेखांकन गरेको थियो। तर, रेखांकनका क्रममा नेपालीले उपभोग गर्दै आएका र लालपुर्जा भएको जमिन भारतीय रहेको देखाएपछि विवाद भई सीमांकन रोकिएको थियो।

■ भारतीय समकक्षीलाई पत्र पठाउन सिडिओले मागे गृहको अनुमति

सीमास्तम्भ निर्माणका भारतीय समकक्षीलाई पत्र पठाउन कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीले गृह मन्त्रालयसँग अनुमति मागेका छन्। गृहले अनुमति दिएपछि दुई देशको सहमतिअनुसार सीमास्तम्भ बनाउनका लागि भारतीय समकक्षीलाई पत्र पठाइने सिडिओ नारायणप्रसाद सापकोटाले बताए। त्यस्तै, नेपालले बनाउन बाँकी सीमास्तम्भ पनि निर्माणको पहल गरिने प्रशासनले जनाएको छ। निरीक्षणका लागि पुगेका नेपाली अधिकारीसँग भारतीय किसानले सीमास्तम्भ निर्माण भएर उक्त क्षेत्र नेपालको परे उपभोग गर्न छोड्ने प्रतिबद्धता जनाएका थिए।

प्रजिअ सापकोटाका अनुसार सिमाना कता पर्छ भनेर थाहा नहुँदा जमिन उपभोग गरिरहेको भारतीयले बताएका थिए। 'सिमाना अतिक्रमण भएको होइन, सीमास्तम्भ नहुँदा सीमा क्षेत्र कता हो भन्ने थाहा नभएर भारतीले नेपाली भूमि उपभोग गरिरहेका रहेछन्,' उनले भने, 'उनीहरूले सिमाना छुट्टिएर नेपालतिर परे खेती गर्न छोड्छौं भनेका छन्।'



● **नारायणप्रसाद सापकोटा**
प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर

निकुञ्जको ठुलो क्षेत्र भारतीय किसानले ३६ वर्षदेखि प्रयोग गरिरहेका रहेछन्। अतिक्रमण गरेको नभई सिमाना थाहा नभएर नेपाली भूमि उपभोग गरेका रहेछन्। सिमाना छुट्टिए छोडिदिने प्रतिबद्धता जनाएका छन्। बिजोर नम्बरका सीमास्तम्भ नेपाल र जोर नम्बरका भारतले बनाउने सहमति रहेछ, तर त्यहाँ भारतले चारवटा र नेपालले एउटा सीमास्तम्भ बनाउन बाँकी रहेछ। सीमास्तम्भ निर्माणका लागि भारतीय समकक्षीलाई पत्र पठाउन गृह मन्त्रालयसँग अनुमति मागेको छ। सीमास्तम्भ निर्माण भएपछि निकुञ्जको क्षेत्र यकिन होला।



● **इन्द्रबहादुर खड्का**
वडाध्यक्ष, बेलडाँडी गाउँपालिका- ५

भारतीय नागरिकले निकुञ्जको जमिन अतिक्रमण गर्न थालेको ०४९ देखि नै हो। त्यो क्षेत्रमा ठुलो जमिन भारतीयले उपभोग गरिरहेका छन्। बेलडाँडीकै झिलमिलादेखि पश्चिमतिर पनि भारतीले नेपाली भूमि कब्जा गरेका छन्। सिडियोलगायत सुरक्षा अधिकारीसहित हामी निकुञ्जका हात्ती प्रयोग गरेर निकुञ्जको अतिक्रमित भूमिसम्म गएका हौं। भारतीयले उक्त भूमि नेपालको भएर थाहा हुँदाहुँदै खेती नगरेको र सीमा यकिन हुँदा छाड्ने बताइरहेका थिए। तर, उनीहरूले यस्तो धारणा राखे पनि सहजै छाड्लान् भन्ने विश्वास छैन। त्यसमा भारतीय सरकारी अधिकारी पनि जिम्मेवार हुनुपर्छ। सरकारले जतिसक्दो चाँडो नेपाली भूमिको अतिक्रमण हटाउनुपर्छ।



● **खगेन्द्र चन्द**
सशस्त्र प्रहरी उपरीक्षक

त्यहाँ हालसम्म सीमास्तम्भ नै नबनेको रहेछ। सीमास्तम्भ नहुँदा समस्या भएको हो। यसअघि नेपालले ७८७, ७८७/१ र ७८७/२ नम्बर सीमास्तम्भ बनाएपछि भारतीय सीमा सुरक्षा अधिकारीसँगको समन्वयमा हामीले भारतीयले प्रयोग गर्दै आएको करिब ३० बिघा जमिन खाली गराएका थियौं। अतिक्रमणभन्दा पनि सीमा यकिन नहुँदा भारतीयले निकुञ्जको जमिन प्रयोग गरिरहेका हुन्। सीमास्तम्भ बनेपछि यो समस्या समाधान होला। यसबारे माथिल्लो निकायमा रिपोर्ट गरेका छौं।

७१ ठाउँमा समस्या छ, तत्कालै वार्ता हुनुपर्छ

● **बुद्धिनारायण श्रेष्ठ**
पूर्वमहानिर्देशक, नापी विभाग



नेपालमा भारतीय पक्षबाट ७१ स्थानमा सीमा अतिक्रमणको अवस्था छ। चीनतर्फ दोलखाको कोर्लाङपारि पिलर नम्बर ५७ नेपालतर्फ परेको छ। झापादेखि दार्चुलासम्म विवाद छ। कञ्चनपुरको शुक्लाफाँटा, प्यारताल, ब्रह्मदेवमण्डी, गड्डाचौकीदेखि कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, नवलपरासी, पर्सा हुँदै सप्तरी, सुनसरी, मोरङ, झापा, इलाम, ताप्लेजुङसम्म अतिक्रमणको अवस्था छ। यो अहिले अतिक्रमण भएको होइन। समस्या समाधानका लागि गठित नेपाल र भारतको औपचारिक संयन्त्र (बाउन्ड्री वर्किङ ग्रुप)को बैठक सन् २०२० देखि बसेको छैन। नेपालले लिम्पियाधुरासम्म सीमानक्सा जारी गरेपछि भारत बैठकमा बस्न चाहेको देखिएको छैन। नेपालले बैठकका लागि कूटनीतिक नोट पठाउँदा पनि भारतले जवाफ दिएको छैन।

संक्षेप

तीन महिनादेखि ओछ्यानमै महेश सदा



राजविराज/ सप्तरीको कञ्चनरूप नगरपालिका- २ का २५ वर्षीय महेश सदा तीन महिनादेखि ओछ्यानमै थला परेका छन्। उनलाई उपचार गराउन आर्थिक समस्या छ। गत चैतमा उनी मजदुरी गर्न भारतको कस्मिर गएका थिए। काम गर्ने वेला महेश दुईतले छतबाट लडेर अचेत भएका थिए। लड्दा उनको ढाडमा चोट लाग्यो। उनलाई तत्कालै श्रीनगरमा उपचार गर्न लगियो। उपचारमा ५० हजार भारु खर्च भएको उनको भनाइ छ। पछि साथीहरूले गाडीमा उनलाई नेपाल पठाएको उनकी श्रीमती कुन्तीले बताइन्। गाउँलेको सहयोगमा महेशलाई बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा चेकजाँच गराइयो। त्यहाँ अप्रेसन गर्दा पनि उनी पूर्ण निको भएनन्। अहिले पैसा नहुँदा उपचार गराउन नसकिएको कुन्तीले बताइन्।

विद्यार्थीलाई सहयोग गर्ने नाममा धर्मको प्रचार गर्ने पक्राउ

धनगढी/ विद्यार्थीलाई झोला र खेल सामग्री वितरण गर्ने नाममा विद्यालयमा क्रिस्चियन धर्मको प्रचारप्रसार गरेपछि कैलालीको लम्कीबाट प्रहरीले एकजनालाई पक्राउ गरेको छ। लम्कीचुहा नगरपालिका- १ मा रहेको लम्की सामुदायिक चर्चका पास्टर जन्मजय भट्टराईलाई पक्राउ गरेर प्रहरीले कारबाही प्रक्रिया अगाडि बढाएको हो। उनले स्थानीय विद्यालयमा झोला र खेल सामग्री वितरण गर्ने नाममा क्रिस्चियन धर्ममा लाग्न प्रेरित गरेका थिए। लम्कीको सहिद स्मृति माविमा आयोजित झोला वितरण कार्यक्रममा उनले बालबालिकालाई यशु र क्रिस्चियन धर्मबारे प्रचार गरेका थिए। अर्को कार्यक्रममा उनले देशको राष्ट्रियताका लागि क्रिस्चियन मात्र अग्रमोर्चामा रहेको बताएका थिए। देशको उन्नति र प्रगतिका लागि क्रिस्चियनभन्दा अगाडि कोही हुन नसक्ने कुरा भट्टराईले गरेका थिए। विद्यालयमा गई विद्यार्थीलाई धर्म परिवर्तनका लागि प्रेरित गरेको आरोपमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। धर्म परिवर्तन मुद्दामा अदालतबाट म्याद थप गरेर अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक पदमबहादुर विष्टले बताए।

धादिङ अस्पतालको अध्यक्षमा सापकोटा

धादिङ/ बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले धादिङ अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा राधिका सापकोटालाई मनोनीत गरेको छ। स्वास्थ्य मन्त्रालयको मन्त्रीस्तरीय निर्णयले अस्पतालको अध्यक्षमा सापकोटालाई नियुक्त गरेको हो। प्रदेशको स्वास्थ्य सेवा ऐन, २०७५ पहिलो संशोधन २०८१ को दफा २६ (ख) उपदफा २ को काम, कर्तव्य, अधिकारबमोजिमको कार्यसम्पादन गर्ने दफा २६ (क) उपदफा (९) बमोजिमको पदावधि कायम हुने गरी दफा २६ (क) उपदफा (२) बमोजिम सापकोटालाई धादिङ अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षमा मनोनीत गरिएको हो।

'धादिङ अस्पतालले प्रवाह गर्ने सेवामा विस्तार तथा थप प्रभावकारी बनाउने सापकोटाले बताइन्। 'पछिल्लो समय धादिङ अस्पतालले सेवा विस्तार तथा प्रविधिको क्षेत्रमा फड्को मारेको छ। विशेषज्ञसहितको सेवा प्रवाह भइरहेका छन्। तर, आमनागरिकको अपेक्षा पनि बढिरहेको छ,' उनले भनिन्, 'स्वास्थ्य समस्या हुँदा धादिङ अस्पताललाई बिरामीको रोजाइ र विश्वासिलो स्वास्थ्य संस्था बन्ने गरी काम गर्छौं।' सापकोटा एमाले धादिङ सचिवसमेत हुन्।

सरकारलाई गति दिन तीनवटा कार्यदल

नयाँ पत्रिका

कांग्रेस-एमालेले सरकारले सोचेअनुसार गति लिन नसकेको निष्कर्षसहित तीनवटा कार्यदल गठन गरेका छन्। प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार बसेको उच्चस्तरीय कार्यदल बैठकमा तीनवटा छुट्टाछुट्टै कार्यदल गठन गरिएको हो। जसअनुसार संविधान संशोधन, संसद्मा विचाराधीन विधेयकलाई अघि बढाउन र सरकारको सेवाप्रवाहसँग सम्बन्धित रहेर सुझाव पेस गर्ने गरी छुट्टाछुट्टै कार्यदल बनाइएको हो।

विधेयकमा सहमति जुटाएर आगामी संसद्को अधिवेशनमा पेस गर्न सुझाव दिन गठित कार्यदलमा संसदीय विभागका प्रमुखहरू, प्रमुख सचेतक र सचेतकहरू सदस्य छन्। सरकारको सेवा प्रवाह र सुशासनसँग सम्बन्धित कार्यदलमा कांग्रेसबाट सेमन्त दाहाल, अरुण पौडेल र प्रताप पौडेल सदस्य छन्। एमालेबाट पूर्वमुख्यसचिव लीलादेवी गड्तौला, केदार कोइराला र राजेन्द्र घिमिरे सदस्य छन्। संयन्त्रले मन्त्रालयको कामकारबाहीको समेत ब्रिफिङ लिनेछ।



● **रमेश लेखक**, गृहमन्त्री

संविधान संशोधनका लागि कार्यदल बनाउने सहमति भएको छ, बनेको छैन। संसद्का विधेयक अघि बढाउन नयाँ संयन्त्र बनाइएको होइन, दुईदलीय संयन्त्र सक्रिय बनाएको मात्र हो। सुशासन र सेवाप्रवाह सुधार, आर्थिक गतिविधि बढाउन आवश्यक कानुनलाई परिमार्जन गर्ने गरी अर्को संयन्त्र बनाइएको हो।

गृहमन्त्री रमेश लेखकले सरकार र संसद्को कामकारबाही प्रभावकारी बनाउन दुई दलबिच समन्वयका लागि कार्यदल गठन गरेको बताए। 'संविधान संशोधनका लागि कार्यदल बनाउने सहमति भएको छ, बनेको छैन। संसद्का विधेयक अघि बढाउन नयाँ संयन्त्र बनाइएको होइन, दुईदलीय संयन्त्र सक्रिय बनाएको मात्र हो। सुशासन र सेवाप्रवाह सुधार, आर्थिक गतिविधि बढाउन आवश्यक कानुनलाई परिमार्जन गर्ने गरी अर्को संयन्त्र बनाइएको हो। समग्रमा सरकार र संसद्को कामकारबाही प्रभावकारी बनाउन आवश्यक काममा दुई दलबिच समन्वयका लागि कार्यदल बनाइएको हो,' उनले भने।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने विधेयकका विषयमा दुई दलबिच प्रभावकारी समन्वयका लागि शीर्ष नेतृत्वले निर्देशन मात्र दिएको जिकिर गरे। 'संसदीय कामकारबाहीलाई नियन्त्रण गर्ने गरी हामीले छुट्टै कार्यदल बनाएका होइनौं। संसद्भित्रको परिभाषित काम र जिम्मेवारीका लागि छुट्टै कार्यदल आवश्यक छैन। नेतृत्वले प्रमुख दुई दलबिच आवश्यक समन्वय गर्ने गरी प्रभावकारी रूपमा परिचालित हुने भनेको हो,' उनले भने।

उपप्रधानमन्त्री प्रकाशमान सिंहले कार्यदल गठन भएको जानकारी दिँदै सबै दलसँगको छलफलबाट संविधान संशोधनको प्रक्रिया अघि बढाइने बताएका छन्। बुधबार रुपन्देहीमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले संविधान संशोधनका लागि कांग्रेस र एमालेको कार्यदल बनिसकेको र कार्यदलले आन्तरिक रूपमा काम गरिरहेको बताए।

भूपि काव्य पुरस्कार असफललाई

कास्की/ कवि भूपि शेरचनको ८९औं जन्मजयन्ती पोखरामा मनाइएको छ। थकाली सेवा समितिले बुधबार आयोजना गरेको कार्यक्रममा भूपि काव्य पुरस्कारबाट साहित्यकार तथा समालोचक असफल गौतम सम्मानित भए।



समाजका अध्यक्ष तेजेन्द्र तुलाचनले असफललाई सम्मान गरेका थिए। नेपाली साहित्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने स्रष्टालाई हरेक दुई वर्षमा अर्पण गरिँदै आएको ५० हजार र ताम्रपत्रसहित पुरस्कार यसपटक असफल प्रदान गरिएको हो। भूपिको स्मृतिमा उनको परिवारले पुरस्कार स्थापना गरेको हो।

खानीको अनमतिपत्र दिने भन्दै ठगीधन्दा

नक्कली अनुमतिपत्र र कम्पनीको सेयरको प्रलोभन दिने रिजाल १५ लाख धरौटीमा छुटे

टेकराज थामी/नयाँ पत्रिका

३३ अर्ब रुपैयाँ मूल्यबराबरको ग्रेनाइट खानीको उत्खनन अनुमतिपत्र दुई करोड रुपैयाँमा हात पारेपछि मोरङ सुन्दरहरैंचाका ४९ वर्षीय इन्द्रकुमार राई भनिने सन्तकुमार गुरुङ विशेषज्ञ टोली लिएर काभ्रेको बेथानचोक गाउँपालिका- ५ च्याल्टी पुगे। जब उनी उत्खननका लागि खानी तथा भूगर्भ विभागका विशेषज्ञ टोली लिएर च्याल्टी पुगे, खानी रहेको भनिएको ठाउँमा घना मानव बस्ती, आत्मविकास माध्यमिक विद्यालय र मन्दिर भेटियो। त्यसपछि बल्ल उनले आफू ठगको फन्दामा परेको भेउ पाए।



थइन्द्र रिजाल

गुरुङले सिन्धुपाल्चोक शिखरपुरका थइन्द्र रिजालसँग १७ वैशाख ०८० मा उत्खननको अनुमतिपत्र खरिद गरेका थिए। यसका लागि उनले २५ लाख रुपैयाँ नगद, ७८ लाख ३७ हजार पाँच सय रुपैयाँ मूल्यबराबरको भक्तपुर सुडालस्थित १३१.२५ वर्ग मिटर जग्गा र ९६ लाख ६५ हजार पाँच सय रुपैयाँको चेक रिजालेलाई दिएका थिए। '२५ वर्ष हङकङ बसाइपछि नेपालमै केही गरौं भनेर नेपाल आएको हुँ म। डेढ वर्षअघि रिजालसँग भेट भयो। उनले ३३ अर्बको ग्रेनाइट खानी उत्खनन गर्ने अनुमतिपत्र मसँग छ, रकम अभाव भएकाले मैले लगानी गर्न सकिनँ भन्यो। होला त भनेर मैले दुई करोडमा अनुमतिपत्र खरिद गरैं। फिल्डमा जाँदा त खानी भनिएको ठाउँमा घना मानव बस्ती, विद्यालय र मन्दिर पो रहेछ। म त छाँगाबाट खसेझैं भएँ,' उनले नयाँ पत्रिकासँग भने।

रिजालले अनुमतिपत्र बिक्री गर्नुअघि गुरुङलाई खानीको अनुसन्धान प्रतिवेदन भन्दै आकर्षक फोटोसहितको प्रतिवेदन बुझाएका थिए। प्रतिवेदनमा ग्रेनाइटका टुक्राटुक्री भेटिएको खोलाको बगर र ग्रेनाइट उत्खनन गरिने डाँडा देखाएका थिए। 'फिल्ड भिजिट'का लागि भन्दै रिजालले उनलाई लिएर बेथानचोकस्थित खोलाको बगर पनि पुऱ्याएका थिए। तर, विभागको विशेषज्ञ टोलीसँग गएपछि पो रहस्य खुल्यो, रिजालले 'फिल्ड भिजिट'का क्रममा देखाएको ग्रेनाइट खानी त अर्कै ठाउँ पो रहेछ। 'अनुमतिपत्र खरिद गर्नुअघि 'फिल्ड भिजिट' भन्दै बेथानचोकको खोला बगरमा लिएर गयो। बगरमा ग्रेनाइटजस्तो देखिने ढुंगा पनि फेला परे। रिजालले खानी यही ठाउँमा रहेको भन्यो। उत्खनन गर्ने खानी विभागको टोलीसँग जाँदा पो खुल्यो, खानी भनेर उसले मलाई अर्कै ठाउँ लिएर गएको रहेछ,' गुरुङले भने।



खानी भनेर अनुमतिपत्र बेचिएको काभ्रेको बेथानचोक गाउँपालिका- ५, च्याल्टीगाउँ।

रनाहामा परेका गुरुङले अनुमतिपत्र खरिद गर्ने वेला रिजालबाट प्राप्त प्रतिवेदन अध्ययन गर्न विशेषज्ञ टोलीलाई दिए। अध्ययनपछि प्रतिवेदन नै नक्कली रहेको खुल्यो। उत्खननका लागि अनुमतिपत्र लिएको भनिएको काभ्रे बेथानचोक गाउँपालिका- ५ च्याल्टीमा विभागकै अर्को टोली लिएर गए। अध्ययनपछि उक्त ठाउँमा ग्रेनाइट नै नभएको तथ्य खुल्यो। गुरुङले खरिद गरेको ग्रेनाइट उत्खनन अनुमतिपत्र दोलखा डाँडाखर्ककी ४६ वर्षीया चण्डेश्वरी केसीको नाममा थियो। केसी रिजालकी जेठानकी श्रीमती हुन्। धन्दामा उनका छोरा सुयज्ञ रिजाल र साझेदार उत्तमकुमार गौतम पनि सहभागी छन्।

ठगीधन्दाका मास्टरमाइन्ड रिजालविरुद्ध जाहेरी बोकेर गुरुङ जिल्ला प्रहरी परिसर काठमाडौं पुगे। तर, प्रहरीले जाहेरी नै दर्ता गरेन। त्यसपछि रन्थनिएका गुरुङ न्याय माग्न सरकारी वकिल कार्यालय काठमाडौं पुगे। कार्यालयका जिल्ला न्यायाधिवक्ता सीताराम अर्याललाई घटनाको बेलीविस्तार लगाए। उनकै आदेशपछि काठमाडौं परिसरमा बल्ल जाहेरी दर्ता भयो। त्यसपछि रिजाल पक्राउ परे। घटनाको अनुसन्धानपछि प्राप्त प्रमाणका आधारमा सरकारी वकिल कार्यालयले जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गऱ्यो। गत ३ पुसमा अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजालासले रिजाललाई १५ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको छ। जिल्ला अदालत काठमाडौंका श्रेस्तेदार रामु शर्माले रिजाललाई १५ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको बताए। 'रिजालविरुद्ध ठगी मुद्दा थियो। उनलाई १५ लाख धरौटीमा छाड्ने आदेश भएको छ,' उनले भने।

■ पहिलो होइन रिजालको ठगीधन्दा

सरकारी वकिल कार्यालयले अदालतमा दर्ता गरेको अभियोजनपत्रअनुसार रिजालले काठमाडौं महानगर पालिका- २८ का बालकृष्ण पंगेनीलाई पनि ठगी गरेका छन्। सिन्धुपाल्चोकको शिखरपुरमा क्वारजाइट खानी उत्खनन गर्ने र मनग्य आम्दानी गर्ने भन्दै आफ्नो नाममा रहेको जागृति इन्डस्ट्रिजको आधा सेयर खरिद गर्न भने। यसका निम्ति उनले २४ लाख ४० हजार ६ सय रुपैयाँ नगद दिए। ७५ लाख २८ हजार नौ सय रुपैयाँको विभिन्न बैंकको चेक काटिदिए। तर, उनले न कम्पनीको सेयर दिए, न रकम नै फिर्ता गरे। उल्टो काटिएको चेक बैंकमा 'बाउन्स' गराए। पंगेनीविरुद्ध अदालतमा मुद्दा हाले। र, रकम फिर्ता माग्दा ज्यान मार्ने धम्की दिन्थे। अभियोगपत्रमा उल्लेख भएअनुसार रिजालले कम्पनीको सेयर दिने प्रलोभनमा मनोजकुमार साहबाट पनि ११ लाख ३४ हजार ६०५ रुपैयाँ ठगी गरे। रकम फिर्ता माग्दा ज्यान मार्ने धम्की दिन्थे।

प्रदेशमा विकासका बाधक

स्थानीय तहबाहेक संघीय र प्रदेश सरकार अस्थिर हुनुले नीति र योजनामा पनि अस्थिरता आउनु नै हाम्रो विकासको मूल समस्या हो



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

संघीय लोकतान्त्रिक गणतन्त्रपछि हामीसँग तीन तहका सरकार छन् । प्रत्येक वर्ष ती सरकारले वार्षिक योजना तर्जुमा गर्छन् । विकास भनेको पूर्वाधार निर्माण मात्र होइन, मान्छेको जीवनस्तर उकास्ने विषय पनि हो । प्रदेशको समृद्धि एवं सन्तुलित र दिगो विकास कार्यलाई तीव्रता दिन प्रदेश नीति तथा योजना आयोग र प्रदेश सरकारले योजना निर्माण गरी आआफ्ना प्रदेशको विकास योगदान दिँदै आएका छन् । तर, हाम्रा प्रदेश विकासको गति भने निकै सुस्त छ । त्यसका केही महत्त्वपूर्ण कारण छन् :


राजनीतिक कारण : स्थानीय तहबाहेक हाम्रो संघीय र प्रदेश सरकार निकै अस्थिर छन् । यसले हाम्रा नीति र योजना पनि अस्थिर बनाएको छ । हाम्रो विकासको मूल समस्या नै यही हो । त्यसैले, हामीले राजनीतिक स्थिरताका लागि राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन गरी शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री र प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र विज्ञबाट सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने र अन्यमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गरी परम्परागत संसदीय व्यवस्थालाई जनताको संसदीय व्यवस्थामा बदल्न सक्नुपर्छ । यति नगरुन्जेल अस्थिरताकै कारण विकासले गति लिन सक्दैन, जनतामा निराशा बढ्छ ।

आर्थिक कारण : दशकौंदेखि राजनीतिक अस्थिरताका कारण हाम्रो अर्थतन्त्र गतिहीन छ । सामन्तवादी अर्थतन्त्र भत्किएको तर पुँजीवादको विकास नहुँदै हाम्रो अर्थतन्त्रमा नवउदारवादी दलाल पुँजीवाद हाबी हुन पुग्यो । यसले गैरकानुनी वा भूमिगत धन, यौन व्यापार, हुन्डी, तस्करी, मिटरब्याजी, कालोबजारी, घुसखोरी, सेटिङमा हुने सेयर बजार र भ्रष्टाचार तथा नीतिगत भ्रष्टाचार आदिलाई बढवा दिन्छ । यो छाया वा अनौपचारिक अर्थतन्त्र हो । यो हाम्रो वार्षिक बजेटको ४१ प्रतिशतभन्दा बढी हुनु नै हाम्रो अर्थतन्त्रको मूल समस्या हो । यसले हाम्रो अर्थतन्त्रमा अस्थिरता र अराजकता जन्माउँछ भने देशलाई कंगाल बनाउँछ । विश्व आज चौथो औद्योगिक क्रान्तिको युगमा प्रवेश गरेको छ, तर नेपालले भने प्राग पुँजीवादी युगकै अवस्था भोगिरहेको छ । यो समस्या हल गर्न विश्वका विभिन्न अर्थतन्त्रको राम्रो पक्षलाई समेटी नेपालको मौलिकतासहित जनताको सहभागितामा मिश्रित र समाजवादी अर्थतन्त्रको विकास गर्न सक्नुपर्छ । हामीले राष्ट्रिय सहमतिका आधारमा केही दशकसम्म उत्पादन, उत्पादन र फेरि पनि उत्पादनमा जोड दिँदै औद्योगिक क्रान्तिको संकल्प गर्नुपर्छ । हामीसँग भएको अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा बदल्न विशेष योजना बनाउनुपर्छ ।

सांस्कृतिक कारण : हाम्रा पुराना संस्कृति भत्किएर नयाँ संस्कृति निर्माण नहुँदै हामीमा उपभोक्तावादी संस्कृति हाबी भएको छ । पुँजीवादले बिउ, मल, कीटनाशक औषधिमाथि नियन्त्रण गरी कृषिमा उत्पादनभन्दा लागत बढी लाग्ने स्थिति पैदा गरेको छ । यसले कृषिमा उदासीनता बढाएको छ । उद्योगधन्दा लगभग शून्य छ, जसले समाजमा बेरोजगारी, असन्तोष र निराशा बढाएको छ । ती असन्तोष र निराश बेरोजगार युवा उत्पादनमा होइन, सेवा क्षेत्रमा, मजदुरका रूपमा होइन, आधुनिक दासका रूपमा अन्तर्राष्ट्रिय बजारको सस्तो श्रमिक बन्न बाध्य छन् । उनीहरू देशको सरकारप्रति रुष्ट बन्दै गएका छन् । यो नै अहिलेको पुँजीवादले विश्वभर पैदा गरेको सांस्कृतिक समस्या हो ।

प्रदेशको विकासका आधारहरू

कृषि : हाम्रो छिमेकी देश चीन र भारतमा कृषिको औद्योगीकरण एकाधिकार उद्योगका रूपमा परिवर्तन भइसकेको छ । चीन र भारतको कृषिको विकास उत्पादनको हिसाबले मात्र होइन, प्रविधिको हिसाबले पनि धेरै अघि पुगेको छ । तर, हाम्रो कृषिको अवस्था भने टुक्रे, परम्परागत, निर्वाहमुखीबाट रैथाने बिउमा समेत परनिर्भर बन्दै गइरहेको छ । उनीहरूसँग प्रतिस्पर्धा गर्न नसकेर कृषि पेसा नै छाड्नुपर्ने स्थिति बन्दै छ । हाम्रा खेतबारी दिनानुदिन बाँझिँदै गएका छन् । यो समस्यालाई हामी राष्ट्रिय अभियानबाट मात्र हल गर्न सक्छौं । त्यो अभियान भनेको वैज्ञानिक भूमिसुधार र उत्पादनमा गुणात्मक वृद्धि हो । बिर्ता, गुठीजस्ता परम्परावादी जग्गाको द्वैध स्वामित्व अन्त्य गर्ने, सबैलाई घडेरी, खेती गर्नेलाई जग्गा, उत्पादनका आधारमा सरकारी अनुदानको ग्यारेन्टी, सरकारी, निजी, सामूहिक, कम्पनी र सहकारीका माध्यमबाट कृषिलाई उद्योगका रूपमा विकास गर्नुपर्छ । साथै हिमाली र पहाडी क्षेत्रमा जडीबुटी र अर्गानिक खेतीलाई उद्योगका रूपमा विकास गरेर मूलतः चीन, भारत र अन्य मुलुकका पर्यटकलाई आकर्षित गरी कृषि र पर्यटन



उद्योगको गुणात्मक विकास गर्न सक्नुपर्छ । तराई र भित्री मधेशमा कृषिको औद्योगिकीकरण गरेर प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउनुपर्छ । हामीले कृषि श्रम र महिला श्रमको मौद्रिकीकरण गर्दै हामीसँग भएका ऐतिहासिक, मौलिक र परम्परागत सीपलाई प्रविधि र बजारसँग जोड्न सक्नुपर्छ ।

पर्यटन : हाम्रा सातै प्रदेशमा पर्यटनको ठुलो सम्भावना छन् । तिनलाई व्यवस्थित गर्न सक्ने हो भने प्रदेशको विकासमा गुणात्मक फड्को मार्न सकिन्छ । सरकारले बढीभन्दा बढी बाह्य र आन्तरिक पर्यटक भित्र्याउन सुरक्षा र सबै प्रकारका सुविधाको व्यवस्था गर्न सक्नुपर्छ । पर्यटकलाई कृषि, जलविद्युत, प्राकृतिक सौन्दर्य, हाम्रा संस्कृतिलगायतसँग जोड्दै दोभासे, भरिया, होटल, व्यक्तिगत र सामूहिक होमस्टेका आधारमा आमजनताको जीवनस्तर उकास्ने योजना सरकारले बनाउनुपर्छ ।

> प्रदेशका सबै वडासम्म पक्की सडक सञ्जाल पुऱ्याएर प्रत्येक पालिकामा आवश्यकताअनुसार अनिवार्य सरकारी कृषि बजार, कृषि संकलन केन्द्र, चिस्यान केन्द्र, हाटबजार आदिको व्यवस्था गर्न सके रोजगारी सिर्जना गरी युवालाई स्वदेशमै रोकेर प्रदेशको विकासमा लगाउन सकिन्छ

जलविद्युत : हामीसित जलविद्युत्को ठुलो सम्भावना छ । आज राज्यले नै १० प्रतिशत सेयर सुनिश्चित गरेर स्थानीय जनताको सहभागितामा जलविद्युत् निर्माण प्रक्रिया तीव्र रूपले अगाडि बढेको छ । विद्युत् व्यापारका लागि भारतसँग अन्तरदेशीय प्रसारण लाइन निर्माण भइसकेको छ भने केरुङ-रसुवागढी-चिलिमे २२० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण छिटो सुरु हुँदै छ । जलविद्युत् हाम्रो उद्योगको मुख्य आधार बन्दै गएकाले जनताको सहभागिता अझै बढाउन आवश्यक छ । त्यसका लागि उद्योग प्रभावित स्थानीय जनताको जल, जमिन, जंगलको उपयोग गरेबापत कम्तीमा सय युनिटसम्मको विद्युत् निःशुल्क गर्नुपर्छ ।

शिक्षा : हाम्रो शिक्षा श्रम र उत्पादनसँग नजोडिएकाले बेरोजगारी हाम्रो मूल समस्या बनेको छ । राजनीति, श्रम र उत्पादनसँग जोडिएको शिक्षा नै वास्तविक शिक्षा हो । प्रदेशले ७० प्रतिशत प्राविधिक उत्पादन गर्ने शिक्षा नीति बनाउनुपर्छ । जनताको परम्परागत सीप र दक्षतालाई थप तालिमको व्यवस्था गरी सम्बन्धित विषयको प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्छ । शिक्षामा भइरहेको व्यापारीकरण अन्त्य गरी पूर्ण निःशुल्क बनाउनुपर्छ ।

आधारभूत शिक्षा : आधारभूत तहमा अक्षर मात्र चिनाउने होइन, राष्ट्रियता, परिवार, समाज, भाषा, संस्कृति, नैतिकता र सकारात्मक सोचाइको विकास गर्ने, एक-अर्कालाई सहयोग गर्ने, सरसफाइ गर्ने, खाना बनाउने आदि व्यावहारिक ज्ञानले पोख्त भएको जनशक्ति निर्माण गर्नु जरुरी छ ।

माध्यमिक शिक्षा : आधारभूत शिक्षा प्राप्त गरेका जनशक्तिलाई प्राविधिक जनशक्तिमा बदल्न प्रत्येक विद्यार्थी कुन-कुन क्षेत्रमा जाने हो ? उनीहरूलाई आधारभूत प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउनुपर्छ ।

उच्च शिक्षा : व्यावहारिक रूपमा विषयगत प्राविधिक विज्ञतामा जोड दिई ७० प्रतिशत प्राविधिक जनशक्ति र ३० प्रतिशत सेवा क्षेत्रका जनशक्ति उत्पादन गर्ने नीति राज्यले अपनाउनुपर्छ ।

स्वास्थ्य : स्वास्थ्यलाई पूर्ण रूपले निःशुल्क बनाउनुपर्छ । निःशुल्क नहुँदासम्म स्वास्थ्य बिमालाई व्यवस्थित गरी एक लाखबाट बढाएर पाँच लाखसम्मको बनाउनुपर्छ । बिमाका बिरामीलाई उपचारमा हुने गरेको झन्झट र प्राथमिकता नदिने परम्परा अन्त्य गरिनुपर्छ ।

अन्तर्राष्ट्रिय व्यापार नीति : चीन र भारतलाई सन्तुलनमा राख्दै हाम्रो व्यापार नीतिमा व्यापक परिवर्तन गर्न आवश्यक छ । भारत र चीनसँग व्यापार घाटा घटाउन विशेष योजना बनाउनुपर्छ । उपभोक्तावादी प्रवृत्ति र चिन्तनले गर्दा 'श्रम निर्यात गर्ने र वस्तु आयात गर्ने' अर्थात् 'धेरै भित्र्याउने, थोरै निर्यात गर्ने' घाटाको व्यापार नेपालले गर्दै आएको छ । जसले हाम्रो अर्थतन्त्रलाई ध्वस्त बनाएको छ । हाम्रो घाटाको व्यापार नीतिलाई बदलेर 'थोरै भित्र्याउने, धेरै निर्यात गर्ने' व्यापार नीति अपनाउनुपर्छ । चीन र भारतसँग बहुआयामिक व्यापार सम्बन्धमा व्यापक सुधार गर्न सक्नुपर्छ ।

प्रदेशले जोड दिनुपर्ने काम : १) प्रदेशको सबै वडासम्म पक्की सडक सञ्जाल पुऱ्याउने । २) सबै वडामा बहुउद्देश्यीय मापदण्ड भएको सामुदायिक भवन निर्माण गर्ने । ३) प्रत्येक पालिकामा आवश्यकताअनुसार अनिवार्य सरकारी कृषि बजार व्यवस्था गर्ने । कृषि संकलन केन्द्र, चिस्यान केन्द्र, हाटबजार आदिको व्यवस्था गर्ने । ४) मृतप्रायः नदीलाई सफा र जीवन्त बनाउन ढलालाई नदीको दायाँ-बायाँ व्यवस्थित बनाउँदै शुद्धीकरण गरेर मात्र नदीमा मिसाउने व्यवस्था गर्ने । ५) प्रदेश विश्वविद्यालयलाई प्राविधिक विश्वविद्यालयमा बदल्ने, प्रदेश प्रहरी संरचना र समायोजनका लागि पहल गर्ने, प्रदेश विद्युत् प्राधिकरण, प्रदेश बैंक, प्रदेशस्तरीय आइटी हब, प्रदेशस्तरको किसान स्वरोजगार र युवा रोजगार परियोजना सञ्चालन गर्ने । ६) करको दायरालाई विस्तार गर्न प्रदेश सरकारले प्रत्येक व्यक्तिलाई पान नम्बर अनिवार्य गर्ने नीति बनाउनुपर्छ । जग्गा किनबेच र उत्तराधिकारीको कर निर्धारण गर्दा सरकारी रेटमा होइन, जग्गाको चलनचल्तीको रेटमा अनिवार्य कर असुल गर्नुपर्छ । ढुंगा, गिटी, बालुवा, सिमेन्ट उद्योग, काठ उद्योग र हिमाली पानी उद्योग स्थापना गरी प्रदेशलाई आत्मनिर्भर बनाउँदै निकासीसमेत गर्न सक्नुपर्छ । यसरी सचेत प्रयत्न गर्ने हो भने हाम्रा सबै प्रदेशको विकास हाम्रै पालामा सम्भव छ ।

(गोतामे बागमती प्रदेश सभा सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **कृष्ण पोखरेल**लाई



माधव नेपाल र वामदेव गौतमबिच एकता हुने सम्भावनाले वाम राजनीतिमा कति प्रभाव पार्ला ?

ठुलै प्रभाव त नपार्ला । तर, यसले नेता कार्यकर्ताले साथ छाडिरहेको समाजवादीलाई थोरै नै भए पनि सहज हुन सक्छ । समाजवादीमा पार्टी छाड्ने मात्र होइन, आउन पनि तयार छन् है भन्ने सन्देश दिन सक्छ । वामदेव समाजवादीमा गएपछि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई समेत एमालेको सक्रिय राजनीतिमा फर्काएर वाम एकता गराउने चर्चाले गति पाउन भने सक्छ ।

भनेपछि यसले वाम एकतालाई चाहिँ गति दिन सक्ला छ ?

तत्कालका लागि त्यस्तो बलियो सम्भावना देखिन्न । वाम एकताका सबैभन्दा ठुला बाधक केपी ओली नै हुन् । एमाले होस् या समाजवादी, उनीहरू एक्लै माओवादीसित मिसिन जान या आफूमा मिसाउन तयार देखिन्नन् । एक्लै जाँदा या मिसाउँदा फेरि पहिलेजस्तै समस्या सिर्जना हुने भय उनीहरूमा देखिन्छ । यस्तोमा गौतमको समाजवादी प्रवेश एउटा कदमचाहिँ बन्न सक्ला । वाम शक्तिहरूबिच मनोवैज्ञानिक दूरी छ । यसले गर्दा समाजवादी मोर्चा बन्ने या निर्वाचनमा मिलेर लड्नेसम्मको अवस्था हुन सक्छ, तर वाम एकताले नै गति लिने सम्भावना भने देखिन्न ।

राजनीतिबाटै रिटायर्ड हुने उमेरका नेताहरूको यो सक्रियताको अर्थ कति रहन्छ ?

एकताकै लागि पनि अभिभावकीय भूमिका आवश्यक हुन्छ । त्यसका लागि पुराना र स्थापित नेताहरूको उपस्थितिले ठुलो भूमिका खेल्न सक्छ । त्यसैले, गौतमको उपस्थिति अर्थपूर्ण हुन सक्छ । अन्यथा, नेतृत्व नै गरेर पार्टीलाई गति दिने विषयमा भने त्यति सम्भावना देखिन्न ।

प्रेरक प्रसंग

किसानका तीन छोरा

एक गाउँमा परिश्रमी किसान बस्थे । उनी रातदिन खेतीमै व्यस्त रहन्थे । त्यसैले खेतीबाट राम्रै सम्पत्ति जोडेका पनि थिए । किसानका अत्यन्त मिहिनेती र आज्ञापालक तीन छोरा थिए । उनीहरू पितालाई खेतीको काममा सघाउँथे ।

एकपटक किसानले तीनै छोरालाई बोलाएर भने- बाबु हो ! तिमीहरूले रातदिन मिहिनेत गरेर मलाई सघाउँदै आएका छौ । हामीले खेतीपातीबाट राम्रै आर्जन पनि गरिरहेका छौं । तैपनि, मैले तिमीहरूका लागि खासै केही गर्न सकेको छैन । त्यसैले, म तिमीहरूलाई आज एक-एक हजार रुपैयाँ दिँदै छु । यसलाई जेमा चाहन्छौ, खर्च गर्न सक्छौ । यति भनेर किसानले तीनैजना छोरालाई एक-एक हजार रुपैयाँ दिए । पैसा पाएपछि जेठा छोराले सोचे- जब बाले नै आफूखुसी खर्च गर भनेर दिइसकेपछि यसलाई खर्च नगरी किन जोगाइराख्नु ? आखिर बाले पछि फिर्ता माग्ने पनि त होइन । यति सोचेर उनले सबै रकम मोजमस्ती र खानपिनमा खर्च गरेर सिध्याए । माइला छोराले सोचे- बाले हामीलाई किन यसरी पैसा दिनुभएको हो, त्यसको पत्तो छैन । त्यत्तिकै त दिनुभएको होइन होला । अहिले खर्च गरियो भने पछि उहाँले केही गरी फिर्ता माग्नुभयो भने के दिनु ? त्यसैले यसलाई खर्च गर्नु मूर्खता ठहरिन सक्छ । यति सोचेर उनले सो रकम पछि पिताले हिसाब मागे बुझाउँला भनेर खुत्रुकेमा राखे ।



कान्छा छोराले सोचे- पक्कै पनि बाले यो पैसा फिर्ता माग्नुहुन्न । फिर्ता माग्ने भए आफूखुसी खर्च गर भनेर दिनुहुन्थ्यो । त्यसैले, अब यो पैसा त्यत्तिकै खर्च गरेर उडाउनु या त्यत्तिकै जम्मा गरेर राखिराख्नुभन्दा त बरु व्यापारमा लगाउनुपऱ्यो । उनले पिताले दिएको एक हजार रुपैयाँको थैलीबाट व्यापार सुरु गरे । उनको मिहिनेत र इमानदारीले गर्दा व्यापार छिटै फैलियो । उनले पिताले दिएको धनको सदुपयोगबाट प्रशस्त धन आर्जन गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मधेशी हुनुको गौरव

९ पुसको नयाँ पत्रिकामा विवेक शर्माको 'राज्यको नश्लवादी विभेद कहिलेसम्म ?' शीर्षकको लेख पढेर केही लेख्न मन लाग्यो । नेपाल राज्यको पहिलो वंश महिषपाल हो भने नेपालमा मधेशीको पहिलो अधिकार बन्छ । बुद्ध नेपालीका गौरव हुन भने मधेश र मधेशीमाथि पनि गर्व गर्नु प्रत्येक नेपालीको कर्तव्य बन्छ । तर भइरहेको छ, यसको उल्टो । राणाकालमा हामीले 'नेपाल'मा छिर्न पनि पाएनौं । आधुनिक युगमा पनि हालत उस्तै छ । संसारमा जहाँ हेरे पनि यही छ । विजेताको जगजगीमा रैथानेको केही चल्दैन । त्यसैले, आफ्नो दृष्टिकोण बदलेर संघर्ष गर्दै जाने र जनकपुर बेल्जसजस्तो आफ्नो प्रतिभाको लोहा मनाउन अग्रसर हुँदै जानुपर्छ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

राज्यले तत्काल ध्यान देओस्

मुगु जिल्लाको कर्मारोङ गाउँपालिकामा पर्ने मुगु गाउँमा अज्ञात रोग लागेर स्थानीय किसानका चौंरी मर्न थालेको समाचार हामीले त पढ्यौं, तर सरोकारवाला सरकारी निकायका अधिकारी र मन्त्रीहरूले पढे कि पढेनन् ? नत्र किसानले दुःख गरेर पालेका चौंरी भकाभक मर्दा राज्यले तत्काल त्यसको निदान र रोकथामका लागि विज्ञको टोली प्रभावित क्षेत्रमा खटाइसक्नुपर्ने थियो । तर, अहिलेसम्म त्यहाँ कोही पुगेको या किसानका दुःखमर्काबारे चासो लिएको देख्नमा आएको छैन, किन ?

● **गौरव बान्तवा**
विराटनगर-६, मोरङ

रामेछापको सराहनीय कार्य

रामेछाप नगरपालिकाले शिशु मृत्युदरलाई शून्यमा झार्न नगरभित्र रहेका गर्भवतीलाई लक्षित गरी निःशुल्क भिडियो एक्सरे सेवा दिँदै आएको समाचार सुन्दा खुसी लाग्यो । नगरपालिकाको यो प्रयास निकै सराहनीय छ । नगरपालिकाले आफ्ना सबै वडामा निःशुल्क भिडियो एक्सरे सेवाका साथै पोषणयुक्त खानेकुरासमेत वितरण गर्दै आएको स्वास्थ्य सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्दै आएको सुन्दा खुसी लाग्यो । रामेछापको कार्यबाट अन्य स्थानीय तहले पनि सिक्न जरुरी देखिन्छ ।

● **सुनन्दा पालिखे**
बनेपा, काभ्रेपलान्चोक

सुनको जर्ती र ज्यालाको मार

पछिल्लो समय सुनको भाउ केही ओरालो लागेको छ । सुनको भाउ ओरालो लाग्दा पनि उपभोक्ताले सुन सस्तो मूल्यमा खरिद गर्न पाएका छैनन् । सुन बनाउँदा पनि व्यवसायीलाई फाइदा, सुन बेच्दा या किन्दा पनि व्यवसायीलाई नै फाइदा हुन्छ । अर्को कुरा के छ भने व्यवसायीले ज्याला र जर्तीका नाउँमा उपभोक्तासँग १५ प्रतिशतसम्म शुल्क लिने गरेका छन् । यसको कुनै मापदण्ड छैन । जसले जति लिँदा पनि भएको छ । सुनको भाउ बढ्दा या घट्दा फाइदा केवल व्यापारीलाई हुन्छ । अहिले सरकारले सुन आयातमा भन्सार दर ५० प्रतिशत घटाएको छ । तर, त्यसबाट उपभोक्ताले राहत पाएका छैनन् । यसबाट राहत भनेको व्यापारीलाई मात्र भइरहेको छ । सरकारी संयन्त्र कमजोर भएकाले व्यापारीलाई नै फाइदा पुगेको छ ।

सरकारले भन्सार दरमा ५० प्रतिशत घटाउँदा पनि दुबई, अस्ट्रेलियालगायत अन्य देशमा भन्दा नेपालमा सुनको भाउ २० देखि ३० हजार प्रतितोला महँगो छ । सुनको मूल्य नेपालले निर्धारित गर्ने होइन, अन्तर्राष्ट्रिय जगत्मा जस्तो मूल्य छ, नेपालमा पनि त्यही मूल्य कायम हुन्छ भन्ने सुनिएको थियो । तर, खोइ त त्यो नियम नेपाल लागू भएको ? एकतोला सुनमा २०-२५ हजार फरक आउँछ भने एकरूपता कसरी भयो ? यसबारे कसले सुन्ने, कसले अनुगमन गर्ने र कसले उपभोक्तालाई राहत दिने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अस्तित्वको संकटमा सिरियाली कुर्द

उदीयमान सिरियाली सत्ताले दमास्कस र कुर्द स्वायत्त क्षेत्रको अग्रणी समूह पिवाइडीबिचको अप्रत्यक्ष सम्झौतालाई कायम राख्ने सम्भावना कम छ



देश / विदेश

● जेनेप काया

सिरियामा बसर अल-असदको पतनपछि सत्तामा एचटिएस (हयात तहरिर अल-साम) को उदय हुँदा सिरियाली कुर्द गम्भीर संकटमा परेका छन् । सन् २०१२ मा सुरु भएको युद्धदेखि पिवाइडी (डेमोक्रेटिक युनियन पार्टी) सिरियाको सबैभन्दा प्रभावशाली कुर्द राजनीतिक समूहका रूपमा उभिएको थियो, जसले उत्तरी सिरियामा कमजोर भए पनि स्वायत्तता स्थापित गरेको थियो । तर, अहिले पिवाइडीको अवस्था झनै कमजोर भएको छ । टर्कीले कुर्द स्वायत्ततामा कडा आपत्ति जनाइरहेको छ भने एचटिएसको नेतृत्वमा रहेको सत्ताले पनि यो स्वायत्तता स्विकार्ने सम्भावना कम देखिन्छ ।

उत्तरी सिरियामा कुर्द स्वायत्त क्षेत्रको उदय अप्रत्यासित थियो । दमित अल्पसंख्यक भए पनि सिरियाली कुर्दहरू युद्ध सुरु भएपछि छिट्टै एक प्रमुख राजनीतिक र सैन्य शक्ति बनेका थिए । पिवाइडी असद वा विद्रोही समूहसँग हात नजोडी उत्तरी सिरियामा आफ्नो नियन्त्रण सुरक्षित गर्न केन्द्रित भयो । सन् २०१२ मा पिवाइडीले तीन अलग-अलग क्यान्टन (इलाका), अफ्रिन, कोबाने र सिजिरे मिलेर बनेको क्षेत्रलाई स्वायत्त क्षेत्र रोजाभाको नाम दियो ।

यो परिस्थिति टर्कीका लागि स्विकार्न कठिन थियो, किनभने पिवाइडीसँग टर्कीको पृथकतावादी कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) को सम्बन्ध भएकामा टर्की विश्वस्त थियो/छ । पिकेके एक सशस्त्र समूह हो, जसले दशकौंदेखि टर्कीका सेनासँग लडिरहेको छ र टर्की तथा उसका साझेदारले यसलाई आतंककारी संगठन घोषित गरेका छन् । पिवाइडीले आफूलाई स्वतन्त्र संस्था दाबी गरे पनि यसले पिकेकेका नेता अब्दुल्लाह ओजालानको विचारधारालाई पछ्याउँछ । तर, टर्कीले पिवाइडी र पिकेकेलाई एकै रूपमा हेर्छ र आफ्नो सीमामा पिकेकेसँग सम्बन्धित कुनै पनि कुर्द राजनीतिक एकाइलाई अस्वीकार गर्छ ।

टर्कीका लागि सबैभन्दा ठुलो चुनौती अमेरिकाबाट आयो, किनभने इस्लामिक अतिवादीसँगको संघर्षमा कुर्द समुदायको पिपुल्स डिफेन्स युनिट्स (वाइपिजी) प्रभावकारी रहेको देखेर अमेरिकाले २०१५ देखि इस्लामिक स्टेट (आइएस) विरुद्धको लडाइँमा नेतृत्व गर्न वाइपिजीलाई सैन्य समर्थन दिन थाल्यो । यसले कुर्दहरूको स्थितिलाई सुदृढ बनाउन, आफ्नो क्षेत्र विस्तार गर्न, तीन क्यान्टनलाई एकताबद्ध गर्न र क्षेत्रलाई उत्तर एवं पूर्वी सिरियाको स्वायत्त प्रशासनका रूपमा पुनः नामकरण गर्न सक्षम बनायो ।

अमेरिकाको सन् २०१८ को फिर्तीपछि टर्कीले आफ्नो नियन्त्रण पुनः स्थापित गर्ने अवसर देख्यो यद्यपि लगभग दुई हजार अमेरिकी सैनिक कुर्द सेनालाई आइएस कैदीको निगरानी गर्न र आइएसविरुद्धको गतिविधि निगरानीका लागि सघाउन बाँकी थिए । टर्कीले सिरियाली राष्ट्रिय सेनासँग मिलेर उत्तरी सिरियाका केही भागमा आफ्नो सैन्य गतिविधिलाई पूर्ण सैन्य अपरेसनमा रूपान्तरण गऱ्यो । यसले अफ्रिन क्यान्टनको नियन्त्रण लिन र ताल अब्याद एवं रस अल-आइनबिचको लामो सिमाना क्षेत्रलाई अधीनमा पाऱ्यो । र, साथै हवाई आक्रमण र निगरानी जारी राख्यो ।

टर्कीको सैन्य हस्तक्षेपले पिवाइडीले संकट व्यहोर्नुपऱ्यो तर समूहले कठिन परिस्थितिमा पनि प्रभावकारी एवं व्यवस्थित प्रशासन कायम राख्यो, जसले तल्लो तहको लोकतन्त्र, लैंगिक समानता र पारिस्थितिकी केन्द्रित दृष्टिकोणमा प्रतिबद्धता जनायो । यस्तो परिस्थिति मध्यपूर्वमा असाधारण विशेषतः अरब वसन्तपछि प्रजातन्त्रको आशा प्रायः दबाइएका छन् । तर, यति भन्दै गर्दा यसलाई आदर्श लोकतन्त्रको नमुनाका रूपमा हेर्नु अलिक अतिशयोक्ति हुन्छ । पिवाइडीलाई राजनीतिक प्रतिद्वन्द्वीप्रतिको व्यवहार र जनतालाई यसको विचारधारासँग मनाउन गरिएका प्रयासका लागि आलोचना गरिएको छ । तर, यो एक नयाँ परियोजना हो, जसले उत्तरी सिरिया र पश्चिमका धेरै समुदायमा आकर्षण सिर्जना गरेको छ र ऐतिहासिक रूपमा दमनमा परेका समूहलाई एउटा भिन्न भविष्यको वचन दिएकोजस्तो देखिन्छ ।



तस्बिर : देलिल सुलेमान/एएफपी

हाल असद शासनको पतनसँगै पिवाइडी थप कमजोर भएको छ । नयाँ उदीयमान सत्ताले दमास्कस र पिवाइडीबिचको अप्रत्यक्ष सम्झौतालाई कायम राख्ने सम्भावना कम छ, जसले कुर्दलाई उत्तरी सिरिया नियन्त्रण गर्न अनुमति दिएको थियो । र, यो अवस्थामा दमास्कसले त्यहाँका जनतालाई सीमित मात्रामा स्रोत, सेवा र तलब उपलब्ध गराउँथ्यो । एचटिएससँग पिवाइडीको शत्रुतापूर्ण सम्बन्ध छ र टर्कीसँग मैत्रीपूर्ण सम्बन्ध छ । यसले टर्कीलाई कुर्द-नियन्त्रित क्षेत्रमा आफ्नो सैन्य हस्तक्षेप बढाउन अधिक स्वतन्त्रता र सहजता प्रदान गर्नेछ । एचटिएसको पछिल्लो पूर्वी सिरियामा प्रवेश र टर्कीको समर्थनमा सिरियाली राष्ट्रिय सेनाले मन्जिबको कब्जा यसको संकेत हो । यद्यपि टर्की आफ्नै कुर्दसँग वार्ता गर्दै छ र संविधानमा परिवर्तन गर्न उनीहरूको समर्थन प्राप्त गर्न सक्छ भन्ने आशा गरेको छ, जसले राष्ट्रपति एर्दोगानलाई अर्को कार्यकालका लागि पदमा रहने वातावरण निर्माण गर्न सक्छ ।

सिरियाली युद्ध परिवर्तन र अनिश्चितताको अवधि भएको छ । युद्ध र सत्ता परिवर्तनले गैरराज्यीय राजनीतिक समूहका लागि अवसर प्रदान गर्न सक्छ, तर यसले ती समूहसम्मुख महत्त्वपूर्ण जोखिम पनि निम्त्याउँछ । कुर्द इतिहासका यी तमाम उतारचढावसँग परिचित छन्, चाहे त्यो सन् १९२० को दशकमा इराकको छोटो समयको सुलेमानीया प्रशासन हो वा सन् १९४६ मा इरानको महाबाद गणराज्य होस् वा सन् १९९१ देखि इराकको कुर्दिस्तान क्षेत्र वा सन् २०१२ देखि सिरियाको रोजाभा । असदकालपछि कुर्द र सम्पूर्ण सिरियालीका लागि स्थिरता, शान्ति र लोकतन्त्र आउँछ या आउन्न, यो भने हेर्न बाँकी नै छ ।


(काया सेफेल्ड विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्धकी लेक्चरर हुन्)
द गार्डियनबाट

भारत–चीन सीमाक्षेत्रमा थप तनावको सम्भावना कायमै



● राज वर्मा

वर्मा सांघाई इन्टरनेसनल स्टडिज युनिभर्सिटीका सहप्रध्यापक हुन् ।



लगभग चार वर्षको कूटनीतिक प्रयासपछि अन्ततः अक्टोबर २०२४ मा भारत र चीन आफ्ना सीमाक्षेत्रमा कायम विवाद मत्थर गर्ने एक सम्झौतामा पुगे । योसँगै दुई देशबिचको वास्तविक सिमाना 'लाइन अफ एक्चुअल कन्ट्रोल(एलएसी)'का कैयौं सिमाना चौकीमा कायम विवाद अहिलेका लागि सुल्झेजस्तो देखिएको छ । सम्झौताअनुरूप सबैभन्दा ठुलो विवाद रहेको 'देप्साङ' र 'देमचोक' क्षेत्रमा तैनाथ सेनाहरूलाई पछि हटाउने सहमति बनेको छ । साथै सम्झौताले थप तनाव र शत्रुतालाई रोक्न दुवै देशका सैनिकलाई यी दुई क्षेत्रमा मिलेर गस्ती गर्ने अनुमति प्रदान गरेको छ । योसँगै कम्तीमा अस्थायी रूपमा दुई देशले 'एलएसी' क्षेत्रमा परस्पर दाबी नउठाउने भएकाले तनाव केही हदसम्म शान्त भएको छ ।

तर, यस सम्झौता अल्पकालीन समाधान मात्र हो, यसले भारत-चीन सीमा विवादको दिगो समाधान दिँदैन । भविष्यमा तनाव पुनः उब्जने सम्भावना उच्च छ । पछिल्लो सीमा तनाव मे २०२० मा चिनियाँ सैनिक एलएसीका कैयौं विन्दुमा घुसपैठ गरेपछि सुरु भएको थियो । चीनले किन त्यस्तो कदम चाल्यो भन्ने धेरै व्याख्या भइसकेका छन् । एक व्याख्याअनुसार चीनले आफ्नो देशभित्रको समस्याबाट (कोभिड- १९ का कारण उत्पन्न जोखिम, अर्थतन्त्रमा आएको सुस्तता र विश्व मामिलामा उसको हैसियतमा भएको क्षय) ध्यान अन्यत्र मोड्न उक्त कदम थियो ।

त्यस्तै, भारतभित्र विकसित घटनाक्रमले पनि चीनलाई उक्त कदम चाल्न बाध्य बनाएको विश्लेषण पनि भयो । जस्तो, दुई देशको सीमाक्षेत्रमा झडप हुनुभन्दा केहीअघि भारतले तत्कालीन जम्मु र कस्मिर राज्यलाई विभाजित गर्दै उसको विशेष दर्जा खोसेको थियो । राज्य 'जम्मु कस्मिर' र 'लद्दाख' गरी दुई शासित केन्द्र शासित प्रदेशमा विभाजन भयो । यो भागको सिमाना चीनसँग पनि जोडिएको छ । त्यसै समयतिर भारतका केन्द्रीय गृहमन्त्री अमित साहको पाकिस्तान प्रशासित कस्मिर र अक्साई चिनलाई भारतको हिस्साको रूपमा पुनर्स्थापित गर्ने प्रतिबद्धता, विवादित सीमाक्षेत्रमा भारतद्वारा तीव्र गतिमा गरेको पूर्वाधार निर्माण र अमेरिकासँगको भारतको बढ्दो सम्बन्धले पनि चीनलाई उक्साएको भनियो । २०२० जुनमा भारतीय र चिनियाँ सेनाबिच भिडन्त भएको थियो । गलवान उपत्यकामा भएको एक झडपमा करिब ४५ वर्षपछि दुवै पक्षमा हताहती भयो । झडपले द्विदेशीय सम्बन्ध नै बिग्रियो । चरम अविश्वासको वातावरण सिर्जना भयो ।

> चार वर्षको कूटनीतिक प्रयासपछि अन्ततः भारत र चीन आफ्ना सीमाक्षेत्रमा कायम विवाद मत्थर गर्ने एक सहमतिमा पुगेका छन् । तर दुई देशको उच्च राजनीतिक तहमा नियमित संवादको अभाव र तीव्र अविश्वासको वातावरणबिच भविष्यमा जुनसुकै वेला तनाव भड्किन सक्छ ।

भारत र चीन दुवैले एलएसी सीमानाजिक लाखौं सेना र भारी तथा अत्याधुनिक हातहतियार तथा सैन्य आधार तैनाथ राख्ने गरेका छन् । झडपपछि दुई आणविक अस्त्रयुक्त एसियाली शक्तिराष्ट्रबिच युद्धको खतरा ह्वात्तै बढ्यो । युद्धको सम्भावना टार्न कूटनीतिक र सैन्य तहमा कैयौं चरणमा वार्ता भए । तर, ती वार्तालें गतिरोध तोड्न सकेन । अहिले आएर झडपको चार वर्षपछि दुई पक्ष विवादित क्षेत्रबाट पछि हट्ने र तनाव कम गर्ने सहमतिमा पुगेका छन् । विज्ञ तथा विश्लेषकले यस 'ब्रेकथ्रु'को विभिन्न व्याख्या गरेका छन् । तिनको दाबीअनुसार दुवै मुलुक तिनको पछिल्लो समय सुस्ताउँदो अर्थतन्त्रमा केही आर्थिक सुधार ल्याउन सक्ने अपेक्षामा सम्झौता गर्ने दबाबमा थिए । अमेरिका-चीन र चीन-युरोपेली संघबिच बढ्दो तनावबिच चीन भारतको ठुलो अर्थतन्त्रतर्फ फर्किएको हुन सक्छ । त्यस्तै, औद्योगीकरण र निर्यात बढाउनका लागि भारतलाई चिनियाँ आयातमाथि पहुँच सहयोगी साबित हुनेछ ।

त्यसबाहेक सीमाक्षेत्रमा विवाद सुरु भएपछि दुवै मुलुक 'दुई मोर्चाको द्वन्द्व'को सम्भावनाले चिन्तित थिए । भारत एकै समयमा चीन र पाकिस्तानसँग द्वन्द्वको सम्भावना टार्न चाहन्छ । उता चीन पनि एकातिर ताइवान तथा दक्षिण चीन सागरको विषयलाई लिएर अमेरिका र उसका सहयोगी र सँगसँगै भारतसँगको द्वन्द्वबाट बच्न चाहन्छ । त्यस्तै, केही भूराजनीतिक विज्ञहरू भारतले चीनसँगको सम्बन्ध विस्तार गरेर अमेरिकामाथिको बढ्दो निर्भरता कम गर्न र आफ्नो रणनीतिक स्वायत्तता जोगाउन चाहेको बताएका छन् । चीन र भारतबिचको सम्बन्ध सुधारले दुवै देशलाई फाइदा पुऱ्याउनेछ । तथापि, दुई देशबिचमा भविष्यमा पुनः संकट उब्जन सक्ने अवस्थाको अन्त्य भने भएको छैन ।

सीमाक्षेत्रमा द्वन्द्वको सबैभन्दा ठुलो जोखिम उच्च राजनीतिक तहमा नियमित संवादको अभावबाट गुज्रिएको छ । यसले अविश्वास घटाउने अवस्था बन्न दिएको छैन । यही कारणले कुनै एक पक्षले सम्झौताको उल्लङ्घन गरी मध्यवर्ती भूभाग कब्जा गर्न खोज्ने जोखिम सधैं देखिन्छ । विवादित सिमानाका अन्य भागमा पनि तनाव उत्पन्न हुनसक्छ । 'एलएसी' क्षेत्रमा तैनाथ उच्च सैनिक संख्या कटौतीको मुद्दा कार्यान्वयन हुन बाँकी नै छ । दुवै पक्षले कम्तीमा ५० हजारदेखि ६० हजार सैनिक र प्राविधिक रूपमा परिष्कृत सैन्य प्लाटफर्म सो क्षेत्रमा तैनाथ गरेका छन् । आखिर सीमा क्षेत्रमा यति विशाल सैन्य बल तैनाथीको उदेश्य के हो ? निश्चित रूपमा,यसको उदेश्य सिमा अवस्थिति बलियो बनाउने र शत्रु पक्षभन्दा बढी आक्रमण फौज तयार गर्ने ने हो । यसले सुरक्षा द्विविधा सिर्जना गरेको छ ।

एक पक्षले एलएसीको आफ्नो हिस्सामा नयाँ एयरफिल्ड, सीमाचौकी र पूर्वाधारको आधुनिकीकरण गर्नासाथ अर्को पक्षले उही स्तरको सैन्य विकास गरिरहेका छन् । बेइजिङ र नयाँदिल्ली दुवैले सीमाक्षेत्रमा जसले बढी सैन्य क्षमता विकास गर्न सक्यो उही विवादमा विजयी हुने विश्वास राखेझैं लाग्छ । दुई पक्षबिच ठुलो अविश्वास कायम छ । २०२० मेमा एलएसीमा घुसपैठ गर्दा चीनले दुई देशबिच विश्वास विकास गरिएका लागु गरेका तमाम प्रयास तथा संयन्त्रलाई बेवास्ता गरेको थियो । अहिले त दुवै देश उच्च राजनीतिक तहको संवादलाई बेवास्ता गर्दै आ-आफ्नो सैन्य अवस्थिति बलियो बनाउनमा केन्द्रित भएका छन् । खासमा उच्च तहको संवादले मात्र विश्वास निर्माण गरेर तनाव कम गर्न सक्छ । त्यसले मात्र नयाँ विश्वास निर्माणका आधार बसाउन सक्छ ।

दुवै मुलुक प्रतिद्वन्द्वीको तात्कालिक स्थानमा कायम सैन्य असन्तुलनको फाइदा उठाउन खोजिरहेका छन् । यस्तो रणनीतिले भविष्यमा पटक-पटक थप गहन सीमा संकट निम्त्याउन सक्छ । त्यस्तै, दुवै मुलुक सीमाक्षेत्रको युद्ध अन्य मोर्चामा विस्तार हुनबाट रोक्ने उपायमाथि गम्भीर छैनन् । हिन्द महासागरमा चिनियाँ जनमुक्ति सेनाको नौसेनाभन्दा भारतीय नौसेना प्रभुत्वशाली छ । द्वन्द्व भड्किए भारतले हिन्द महासागरमा चिनियाँ नौसेना र चिनियाँ नागरिक ढुवानीमाथि अवरोध पुऱ्याए एलएसी क्षेत्रमा चीनबाट सहुलियत दाबी गर्न सक्छ । द्वन्द्वका यस्ता अनपेक्षित पक्षलाई ख्याल गरिएन भने सीमाक्षेत्रका सीमित घुसपैठले ठूलो द्वन्द्वमा निम्त्याउने जोखिम बढ्दै जान्छ । त्यसैले भारत-चीन द्विपक्षीय सम्बन्ध आगामी दिन पनि उथलपुथलमय हुने देखिन्छ ।

नयाँदिल्लीले बारम्बार एलएसी सीमाक्षेत्रको अवस्थाले भारत-चीन द्विपक्षीय अवस्थालाई निर्धारण बताउँदै आएका छ । भारत-चीन सीमाक्षेत्रमा विवाद घटाउने सम्बन्धमा भएको सम्झौता स्वागतयोग्य विकासक्रम हो । तर, दुवै पक्षले भविष्यमा सीमामा विवाद आउन नदिने पहल गर्न आवश्यक छ । द्वन्द्व पन्छाउनका लागि पूर्ण रूपमा 'नयाँ मार्ग' अवलम्बन गर्नेबारेमा छलफल गर्नु अत्यावश्यक छ ।

- द स्क्रोलबाट

विश्व संक्षेप

अजरबैजान एयरलाइन्स दुर्घटना : ३० भन्दा धेरैको मृत्यु, ३२ को जीवितै उद्धार

बाकु/ अजरबैजान एयरलाइन्सको यात्रुवाहक विमान पश्चिमी कजाकिस्तानमा बुधबार दुर्घटनाग्रस्त भएको छ । कजाकिस्तानका अधिकारीले अजरबैजानको राजधानी बाकुबाट दक्षिणी रुसको चेचेन्यास्थित ग्रोज्नीका लागि उडेको 'एम्ब्रेयर १९०' विमान क्यास्पियन सागरको पूर्वी किनारामा अवस्थित सहर अक्टाउनजिकै दुर्घटना भएको बताएका छन् । कजाकिस्तानका अधिकारीले विमानमा सवार ३० भन्दा बढी यात्रुको मृत्यु भएको हुन सक्ने बताएका छन् । मृतकको संख्या अझै औपचारिक रूपमा पुष्टि हुन सकेको छैन । विमानमा ६२ यात्रु र पाँच चालक दलका सदस्य थिए । ३२ जनालाई जीवितै उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको छ । प्रारम्भिक जानकारीअनुसार विमानमा सवार दुई बालबालिकासहित ३२ जनालाई अस्पताल भर्ना गरिएको कजाकिस्तानको आकस्मिक व्यवस्था मन्त्रालयले जनाएको छ । कजाकिस्तानको राजधानी अस्तानाबाट घाइतेको उपचारका लागि विशेषज्ञ चिकित्सकसहितको विशेष विमान पठाउन लागिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । स्थानीय स्वास्थ्य अधिकारीहरूले १४ जना घाइतेलाई क्षेत्रीय अस्पतालमा लगिएको र पाँचजनालाई सघन उपचार कक्षमा राखिएको बताएका थिए । उता स्थानीय सञ्चार माध्यमले विमानमा सवार २५ जनालाई जीवितै उद्धार गरिएको र पाँचजनाको स्वास्थ्य अवस्था गम्भीर रहेको समाचारमा उल्लेख गरेका थिए ।

पाकिस्तानमा सरकार र आन्दोलनरत पिटिआईबिच वार्ता सुरु

इस्लामाबाद/ पाकिस्तानको सरकार र विपक्षी दल पाकिस्तान तहरिक-ए-केमा (पिटिआई) बिच देशमा राजनीतिक तनाव कम गर्ने उद्देश्यले इस्लामाबादको संसद् भवनमा वार्ता प्रक्रिया सुरु भएको छ । जियो न्युजको कार्यक्रममा बोल्दै सरकारी वार्ता समितिका सदस्य सिनेटर इरफान सिद्दिकीले दुई पक्षको आपसी परामर्शमा आगामी माघ २ गते वार्ता हुने बताए । सिद्दिकीले वार्ता प्रक्रियालाई निरन्तरता दिन दुवै पक्षको वार्ता समितिको पुनः बैठक हुने जानकारी पनि दिए । दुवै पक्षले वार्तामा बाधा पुऱ्याउने सार्वजनिक अभिव्यक्तिबाट जोगिन सहमत भएको छ । प्रारम्भिक चरणमा वार्ताको नतिजाबारे कुनै पनि वाचा गरेनन् । उनले सरकारले तत्काल आश्वासन दिन नसक्ने तर पिटिआईका माग लिखित रूपमा प्रस्तुत गरेपछि विचार गर्ने बताए । 'हामी वार्ताको तार्किक निष्कर्ष चाहन्छौं । हामीले उनीहरूलाई पिटिआईलाई माग बडापत्रको रूपमा प्रस्तुत गर्न भन्यौं,' उनले थपे । बैठकमा उपप्रधानमन्त्री इसाक दार, प्रधानमन्त्रीका सल्लाहकार राणा सनाउल्लाह र सिनेटर इरफान सिद्दिकीलगायत सहभागी थिए ।

उत्तर कोरियाको सेनाले युद्धमा उल्लेख्य प्रभाव नपारेको युक्रेनको दाबी

किभ/ रुसी क्षेत्र कुर्स्कमा रुसी सेनासँगै उत्तर कोरियाली सैनिकको उपस्थितिले युद्धमा तात्विक भिन्नता ल्याउन नसकको युक्रेनी सैन्य गुप्तचर अधिकारीले मंगलबार एएफपीलाई बताएका छन् । किभका अनुसार अहिले करिब पाँच सय अधिकारी र तीनजना जनरलसहित १२ हजार उत्तर कोरियाली सैनिक सीमा क्षेत्रमा तैनाथ छन् । रुस र उत्तर कोरिया दुवैले युद्धमोर्चामा उत्तर कोरियाली सेना खटाइएको तथ्यलाई पुष्टि गरेका छैनन् ।

'युद्धमा उत्तर कोरियाली सेनाको परिचालनले स्थितिमा खासै प्रभाव पारेको छैन,' युक्रेनी सैन्य गुप्तचर सेवा (जियुआर) का प्रवक्ता येवगेन येरिनले एएफपीसँग भने । सीमाक्षेत्रमा परिचालित उत्तर कोरियाली फौज त्यति ठुलो सैनिकहरूको संख्या नभएको र उत्तर कोरियाली सेना आधुनिक युद्ध, विशेषगरी ड्रोनका बारेमा न्यून जानकार रहेको पनि उनले बताए । उत्तर कोरियाली सेना परम्परागत हतियारको प्रयोग र शैलीको युद्धमा भने पोख्त रहेको पाइएको छ । 'तथापि हामीले शत्रुलाई कम आँक हुँदैन । उनीहरू सिकिरहेका छन्,' प्रवक्ता येरिनले भने ।

इतिहासमा आज



सन् १९९१ : 'सोभियत समाजवादी गणतन्त्रहरूको संघ' (सोभियत संघ)को विधायिका 'सुप्रिम सोभियत अफ सोभियत युनियन'को 'घोषणा नम्बर १४२-एच'ले औपचारिक रूपमा संघलाई विघटन गऱ्यो । योसँगै सोभियत संघ सार्वभौम राज्य र अन्तर्राष्ट्रिय कानुको हिस्सा रहेन ।

सन् १४९२ : क्रिस्टोफर कोलम्बसले उत्तर अमेरिकामा पहिलो स्पेनिस (युरोपेली) बस्ती 'ला नाभिडाड' (जुन हाल हैटीको मोल-सेन्ट-निकोलसमा पर्छ) बसाए ।

सन् १७०५ : शिख धर्मावलम्बीका १०औं तथा अन्तिम गुरु गोविन्द सिंहका दुई छोरा फतेह सिंह (६ वर्षका) र जोराबर सिंह (७ वर्षका)को इस्लाम धर्म स्विकार्न नमानेको भन्दै मुगल गभर्नर वजिर खानले हत्या गरिदिए ।

सन् १८२५ : रुसका तत्कालीन जार निकोलस प्रथमविरुद्ध असफल 'डिसेम्बरिस्ट विद्रोह' सुरु भयो ।

सन् १८६२ : अमेरिका-डेकोटा युद्धमा समाप्तिएका ३८ डेकोटा पक्षधरलाई आजको दिन झुन्ड्याएर मृत्युदण्ड दिइयो । यो अमेरिकाको इतिहासमा एकैपटकमा सबैभन्दा धेरैलाई दिइएको मृत्युदण्डको घटना हो ।

सन् १८९३ : चीनको वर्तमान कम्युनिस्ट शासन स्थापना गर्ने अभियानको नेतृत्व गरेका चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओत्से तुङ आजकै दिन जन्मिएका थिए ।

सन् १९०८ : क्यानेडेली बक्सर टमी बर्नलाई हराउँदै अफ्रिकी-अमेरिकी बक्सर ज्याक जोनसन पहिलो अश्वेत 'विश्व हेभिवेट च्याम्पियन' बने ।

सन् १९१३ : साहित्यकार एम्ब्रोस बियर्सले घनिष्ठ मित्र ब्लान्च पार्टिङटनलाई लेखेको पत्र नै उनको अन्तिम सञ्चार साबित भयो । त्यसपछि बेपत्ता भएका बियर्स कहिल्यै भेटिएनन् ।

सन् १९१७ : पहिलो विश्वयुद्ध चलिरहेको समयमा युद्धकालीन नीतिका रूपमा अमेरिकी राष्ट्रपति विड्रो विल्सनले देशभरका रेलसेवालाई सरकारीकरण गरे ।

सन् १९२५ : कानपुरमा पहिलो सम्मेलन गर्दै भारतीय कम्युनिस्ट पार्टीको स्थापना भएको घोषणा गरियो ।

सन् १९३३ : अमेरिकी इन्जिनियर एड्विन होवार्ड आर्मस्ट्रोङले एफएम रेडियोको प्याटेन्ट पाए ।

सन् १९८२ : चर्चित 'टाइम' म्यागजिनले प्रत्येक वर्ष घोषणा गर्ने गरेको वर्ष व्यक्तिको सम्मान 'व्यक्तिगत कम्प्युटर'लाई प्रदान गऱ्यो । पहिलोपटक गैरमानवलाई सो सम्मान प्रदान गरिएको थियो ।

सन् १९९६ : श्रमिक अधिकार कटौती गरेका कानुन ल्याएपछि दक्षिण कोरियामा देशको इतिहासकै सबैभन्दा ठुलो श्रमिक हडताल आजैबाट सुरु भयो ।

सन् २००४ : हिन्द महासागर क्षेत्रमा आएको ९.२-९.३ रेक्टर स्केलको महाभूकम्पले निम्त्याएको सुनामीले श्रीलंका, भारत, इन्डोनेसिया, थाइल्यान्ड, मलेसिया, माल्दिभ्स तटमा ठुलो धनजनको क्षति गऱ्यो । रेकर्ड राख्न थोलिएयताको तेस्रो ठुलो मानिने यस भूकम्पमा दुई लाख तीस हजारजतिले ज्यान गुमाए ।


सन् २०१२ : चीनले विश्वको सबैभन्दा लामो हाई-स्पिड रेल 'बेइजिङ ग्वाङ्झाउ'रेल सेवा सुरु गऱ्यो । दुई हजार २९८ किमिको यस लम्बाइको यात्रा ३०० किमि प्रतिघण्टामा चल्ने रेलले करिब आठ घण्टामा पूरा गर्छ ।

युक्रेन युद्धबाट लाभ लिनेमा सबैभन्दा अगाडि रहेको नर्वे सहयोगमा भने पछाडि



● हाभर्ड हाल्यान्ड

विश्व बैंक र ओईसीडीका पूर्व वरिष्ठ अर्थशास्त्री हाभर्ड हाल्यान्ड 'हेरियोट-वाट विश्वविद्यालय'मा दिगो वित्त पढाउँछन् ।



● नट एन्टोन मोर्क

नट एन्टोन मोर्क 'नर्वेजियन युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजी'मा अर्थशास्त्रका प्राध्यापक हुन् ।

> नर्वेमाथि युद्धबाट हासिल अप्रत्याशित लाभ आफैंसँग राखेको आरोप लागेको पहिलोपटक होइन । तर, विगतमा अतिरिक्त लाभको यकिन तथ्यांक थिएन । यसपटक अतिरिक्त लाभको आधिकारिक प्रक्षेपण प्राप्त भएको छ

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी ०२२ मा युक्रेनमाथि आक्रमण गर्ने आदेश दिँदै गर्दा उनले यस युद्धको मुख्य लाभ अर्को एक छिमेकी मुलुकलाई होला भन्ने सोचेका पनि थिएनन् होला । तर, आक्रमणपछि युरोपले रुसी तेल र ग्यास आपूर्ति कटौती गऱ्यो । रुसले गर्दै आएको आपूर्तिको ठुलो हिस्सा नर्वेले पूरा गर्न थाल्यो । योसँगै नर्वे युरोपको सबैभन्दा ठुलो खनिज तेल र ग्यासको आपूर्तिकर्ताको रूपमा उदाएको छ । युद्धले तेल र ग्यासको मूल्यमा भारी वृद्धि गरेपछि नर्वेले अप्रत्यासित ठुलो नाफा कमायो । सन् ०२२ र ०२३ का दुई वर्षमा नर्वेले ग्यास (जसमा तेलको मूल्य जोडिएको छैन) निर्यातबाट मात्र झन्डै १११ अर्ब डलर अतिरिक्त राजस्व आर्जन गरेको त्यहाँको वित्त मन्त्रालयले हालै प्रक्षेपण गरेको छ ।

> नर्वेको अर्थ मन्त्रालयले हालै युक्रेनमाथि रुसले आक्रमण गरेपछि मुलुकले सन् २०२२-२३ मा मात्र झन्डै १११ अर्ब डलर अतिरिक्त राजस्व कमाएको प्रक्षेपण सार्वजनिक गरेको छ । यी लाभका बाबजुद युक्रेनलाई सहयोग प्रदान गर्ने मामिलामा नर्वे निकै पछाडि छ ।

तर, यही समय नर्वेले आफ्नो सन् ०२५ को बजेटमा युक्रेनका लागि जम्मा ३.१ अर्ब डलर मात्र विनियोजन गरेको छ । सन् २०२४ मा उसले गरेको योगदानलाई समेत ख्याल गर्ने हो भने युक्रेनका लागि नर्वेको सहयोग दुई वर्षमा उसले आर्जन गरेको अप्रत्यासित मुनाफाको पाँच प्रतिशतभन्दा कम हो । तुलनाका लागि युरोपको सबैभन्दा ठुलो सहयोगकर्ता मुलुक जर्मनीले युक्रेनलाई जनवरी ०२२ देखि अक्टोबर ०२४ सम्ममा १६.३ अर्ब डलरको सैन्य, वित्तीय तथा मानवीय सहायता प्रदान गरिसकेको छ । युक्रेनको सबैभन्दा ठुलो दाता मुलुक अमेरिकाले ९२ अर्ब डलर योगदान गरेको छ । अर्थात्, युक्रेन युद्धको कारण उत्पन्न परिस्थितिबाट नर्वेले दुई वर्षमा कमाएको अप्रत्यासित मुनाफा अमेरिका र जर्मनीले युक्रेनलाई गरेको सहयोगभन्दा बढी देखिन्छ । यसका बाबजुद नर्वेले आफ्नो कुल गार्हस्थ उत्पादनको ०.७ प्रतिशत हिस्सा मात्र युक्रेनको सहयोगमा प्रयोग गऱ्यो । सहयोगको मामिलामा ऊ डेनमार्क (दुई प्रतिशत), इस्टोनिया (२.२ प्रतिशत) भन्दा पनि पछाडि नर्वे स्थानमा छ ।

नर्वेसँग युद्धपरिणाम र त्यसपछिको नागरिक पुनर्निर्माणमा उलेख्य फरक पार्ने क्षमता मात्र छैन । त्यसो गर्नु उसको स्पष्ट नैतिक दायित्व पनि हो । अतिरिक्त राजस्व रुसको युद्धको प्रत्यक्ष परिणाम भएको तथ्यलाई ध्यानमा राख्दा पक्कै पनि त्यसको ठुलो हिस्सा स्वतन्त्रताका लागि लडिरहेका युक्रेनीको सहयोगमा जानु उपयुक्त हुन्छ । तर, यसलाई बेवास्ता गर्दै नर्वे सरकार युद्धबाट जतिसक्दो नाफा कुम्ल्याउने र अप्रत्यासित रूपमा हासिल लाभ आफैं राख्ने ध्यानमा देखिन्छ । निश्चित रूपमा विपक्षी दलहरूले युक्रेनलाई दिइने सहयोग बढाउनुपर्ने प्रस्ताव गरेका छन् । तर, हालसम्म कुनै पनि दलले युद्ध सुरु भएपछि आर्जित अतिरिक्त राजस्वको सबै रकम युक्रेनलाई हस्तान्तरण गर्ने माग गरेका छैनन् ।

नर्वे सरकारको स्थिति पेचिलो छ । रुससँग लामो सिमाना जोडिएको यो देश धेरै पहिलेदेखि प्रतिरक्षाका लागि आफ्ना मित्रराष्ट्रहरूको सहयोगको भर पर्दै आएको छ । यदि रुसले युक्रेन युद्ध जित्यो वा रुस हाबी हुने गरी शान्ति सम्झौता भयो भने उसको मनोबल बढ्नेछ । त्यसपछि नर्वेको राष्ट्रिय सुरक्षासमेत खतरामा पर्नेछ । नर्वेले विगत दुई वर्षमा युद्धका कारण आर्जन गरेको अप्रत्यासित मुनाफा युक्रेनलाई हस्तान्तरण गर्दा पनि उसको धनमा तात्विक फरक आउनेछैन । किनकि १११ अर्ब डलरको अतिरिक्त मुनाफा नर्वेको सार्वभौम सम्पत्ति कोषको लगभग ६ प्रतिशत मात्र हो । नर्वेको सार्वभौम सम्पत्ति कोष विश्वकै ठुलो हो, जसको पछिल्लो मूल्यांकन ४१७ खर्ब डलर पुगेको छ । बाँड्नै हो भने पनि प्रत्येक नर्वेजियनको हिस्सामा करिब तीन लाख आठ हजार डलर पर्छ ।

नर्वेले तेल र ग्यास उत्पादनबाट आर्जन गरेको राजस्व आफ्नो सार्वभौम सम्पत्ति कोषमा स्थानान्तरण गर्दै आएको छ । नियमअनुसार वर्षभरिमा यस कोषको बढीमा तीन प्रतिशत अंश मात्र भिक्न सकिन्छ वा प्रत्येक वर्ष सरकारी बजेटमा हस्तान्तरण गर्न सकिन्छ । मुद्रास्फीति र विनिमय दरमाथिको प्रभाव न्यून राख्न लागू यस नियमले कोषको स्थायित्व सुनिश्चित गर्ने प्रयास गरेको छ । तर, राष्ट्रिय बचत तथा बृहत् अर्थशास्त्रीय उपायका रूपमा अपनाइएको यस निकासा सीमा युद्धकालीन मागलाई ध्यानमा राखेर बनाइएको थिएन । त्यसैले यसलाई युक्रेनलाई गरिने विशाल स्थानान्तरणका लागि बाधाको रूपमा हेरिनुहुँदैन । स्थानान्तरण गरिएको रकम नर्वेली अर्थतन्त्रमा प्रवेश नगर्ने भएकाले यसले मुद्रास्फीति वा बृहत् अर्थशास्त्रीय प्रभाव पार्दैन । (सन् २०२५ को नर्वेको बजेट लगभग तय भइसकेकाले यस हस्तान्तरण युद्धकालीन परिस्थितिमा अतिरिक्त बजेटरी शीर्षकमा भिक्न सकिन्छ ।)

नर्वेमाथि युद्धबाट हासिल अप्रत्यासित लाभ आफैंसँग राखेको आरोप लागेको पहिलोपटक होइन । तर, विगतमा अतिरिक्त लाभको यकिन तथ्यांक थिएन । अहिले पहिलोपटक अतिरिक्त लाभको आधिकारिक अनुमान प्राप्त भएको छ । नर्वेको अर्थ मन्त्रालयले प्राकृतिक ग्यासको मूल्य नबढेको अवस्थामा निर्यातबाट आर्जन हुने रकमको प्रक्षेपणसमेत सार्वजनिक गरेको छ । खासमा, वास्तविक अंक हाल सार्वजनिक प्रक्षेपणभन्दा धेरै बढी हुने सम्भावना छ । किनकि, मन्त्रालयद्वारा सार्वजनिक प्रक्षेपणमा युक्रेन युद्धपछि बढेको तेलको मूल्यबाट आर्जन भएको अतिरिक्त राजस्व समावेश गरिएको छैन ।

अहिले युरोपेली मुलुक डोनाल्ड ट्रम्पको पुनरागमनको प्रभावलाइ लिएर चिन्तित रहेको समयमा नर्वेले सैन्य र आर्थिक सहायताको रूपमा युक्रेनलाई अतिरिक्त नाफा हस्तान्तरण गर्नुपर्छ । यस कदमले नर्वेको राष्ट्रिय सुरक्षामा समेत टेवा पुऱ्याउने भएकाले यसमा उसको पनि हित जाडिएको छ ।

-प्रोजेक्ट सिन्डिकेट

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ११ पुस ०८१

सर्वसाधारणको पाँच अर्ब निक्षेप रहेको कर्णाली विकास बैंक समस्याग्रस्त

निष्क्रिय कर्जाको अनुपात ४०.८५ प्रतिशत पुगेपछि व्यवस्थापन राष्ट्र बैंकको नियन्त्रणमा

पवन तिमिल्सिना/नयाँ पत्रिका

सर्वसाधारणको पाँच अर्ब १८ करोड रुपैयाँ निक्षेप जम्मा भएको कर्णाली विकास बैंक समस्याग्रस्त घोषित भएको छ। नेपाल राष्ट्र बैंक सञ्चालक समितिको बुधबार बसेको बैठकले यो बैंकलाई 'समस्याग्रस्त संस्था' घोषणा गर्ने निर्णय गरेको हो। कर्णाली विकास बैंकबाट हालसम्म तीन अर्ब ६९ करोड ९२ लाख कर्जा प्रवाह भएको छ।

बैंकको तरलतामै समस्या देखिएपछि सर्वसाधारणको निक्षेप सुरक्षित गर्न व्यवस्थापन नियन्त्रणमा लिएको नेपाल राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलले जानकारी दिए। उनले भने, 'सर्वसाधारणमा त्रासपूर्ण अवस्था नआओस् भन्ने उद्देश्यले वेलैमा समस्याग्रस्त घोषणा गरेका हौं। अब केन्द्रीय बैंकको टिमले यसका व्यवस्थापकीय जिम्मेवारी लिनेछ।'

गत ६ साउनदेखि ११ साउनसम्म केन्द्रीय बैंकले कर्णालीमा लक्षित निरीक्षण गरेको थियो। निरीक्षण प्रतिवेदनले समस्याउन्मुख देखाएपछि गत ११ मंसिरमा ६ महिनाभित्र नयाँ व्यवस्थापनले वित्तीय परिसूचकमा सुधार गर्ने सर्तमा थप निक्षेप संकलन गर्न, नयाँ खाता खोल्न र थप कर्जा प्रवाह गर्न रोक लगाएको थियो।

बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात कायम नगरेको, संस्थागत सुशासनको अवस्था कमजोर भएको, आर्थिक हिनामिनाको आशंका भएको, कमजोर तरलता स्थितिसँगै संस्थाले भुक्तानी गर्नुपर्ने निक्षेप दायित्व पूरा गर्न नसक्नुका साथै संस्थाबाट प्राप्त वित्तीय अपचलनको जानकारीसमेतका आधारमा संस्थालाई यथास्थितिमा सञ्चालन हुन दिँदा निक्षेपकर्ताको हित सुरक्षित नहुने निष्कर्ष केन्द्रीय बैंकको छ। बैंकिङ प्रणालीप्रति अविश्वास सिर्जना हुने अवस्था देखिएकाले सर्वसाधारणको हित कायम गर्न संस्थालाई समस्याग्रस्त घोषणा गरी बैंकको नियन्त्रणमा लिइएको उल्लेख छ।

बैंक सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समूह गठन गरिएको छ। समूहमा वित्तीय संस्था सुपरिवेक्षण विभागका उपनिर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगल किशोर कुशवाहालाई सदस्य तोकिएको छ।

समूहले ११ पुसदेखि नै बैंकको जिम्मेवारी सम्हाल्नेछ। केन्द्रीय बैंकको उक्त व्यवस्थापन समूहलाई तोकिएको कार्यादेशसहित नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लगायतका प्रचलित कानुनको अधीनमा रही सञ्चालक समिति र संस्थाको विशेष साधारणसभाको समेत काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने अख्तियारी दिइएको छ। कानुनतः राष्ट्र बैंकले अर्को आदेश नगरेको अवस्थामा यसको अवधि दुई वर्षसम्म रहन्छ। समितिले बैंक तथा वित्तीय संस्थानको पुनर्संरचनाका लागि कुनै पनि कारोबार रद्द वा निलम्बन गर्न, बैंक तथा वित्तीय संस्थाको सम्पत्ति अर्को बैंक तथा वित्तीय संस्थालाई बिक्री गर्न, कर्मचारीको सेवा अन्त्य गर्न, बहालवालाको सेयरधनीको सहभागिता कम गराउन अन्य व्यक्तिहरूलाई सेयर बिक्री गर्न, शाखाको कारोबार बन्द गर्नलगायत सुधारात्मक कार्य गर्न सक्नेछ। राष्ट्र बैंकले नियन्त्रणमा लिएको एक वर्षभित्र लेखापरीक्षण गरी सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ।

व्यवस्थापन समूहलाई सर्वसाधारणको हित संरक्षणलाई केन्द्रित गर्दै बचतकर्ताको बचत भुक्तानी र संस्थाको ऋण असुलीलाई प्राथमिकता दिने केन्द्रीय बैंकको भनाइ छ। संस्थामा भएका वित्तीय अपचलनउपर आवश्यक छानबिन गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउनेलगायतका अख्तियारी प्रदान गरिएको उल्लेख छ।

बैंकले तोकेबमोजिमको न्यूनतम पुँजीकोष अनुपात कायम नभएको र निष्क्रिय कर्जा अनुपात ४०.८५ प्रतिशत रहेकोलगायतका कारणले संस्थाको वित्तीय अवस्था समस्याउन्मुख देखिएको केन्द्रीय बैंकले जनाएको छ। नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली, २०७४' को विनियम ३ बमोजिम ११ मंसिरदेखि लागू हुने गरी शीघ्र सुधारात्मक कारबाही गरिएको थियो।

राष्ट्र बैंक ऐनअनुसार कुनै वाणिज्य बैंक तथा वित्तीय संस्था भुक्तानी गर्नुपर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नुपर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीय रूपमा असमर्थ भएमा त्यस्तो बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकलाई १५ दिनभित्र अविलम्ब जानकारी गराउनुपर्ने व्यवस्था छ। यस्तो जानकारी प्राप्त भएमा वा निरीक्षण प्रतिवेदनबाट पत्ता लागेमा समस्याग्रस्त घोषणा गर्नुपर्ने ऐनमा उल्लेख छ।

सेयर कारोबार रोक्का हुन सक्ने

नेपाल राष्ट्र बैंकले कर्णाली विकास बैंकलाई समस्याग्रस्त घोषणा गरेको पत्र नेपाल स्टक एक्स्चेन्जलाई बुधबार नै पठाइसकेको छ। राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा भएको पत्र प्राप्त भएको नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले जानकारी दिए। तर, पत्रमा उसको कारोबार रोक्का गर्ने विषयमा स्पष्ट नुखलाइएको उनले बताए। 'विगतमा राष्ट्र बैंकले कुनै संस्थालाई समस्या घोषणा गर्दा सेयर कारोबार रोक्का गर्नु भनेर पत्राचार गर्ने गरेको थियो यसपालि समस्याग्रस्त घोषणा भएको जानकारी मात्रै आएको छ,' उनले भने, 'नेप्सको नियमावलीले यस्तो संस्थाको कारोबार रोक्का गर्न सक्ने व्यवस्था गरेको छ।' नेप्से सञ्चालक समितिले यस विषयमा बिहीबार निर्णय गर्न सक्ने उनले बताए। नेप्सेमा कर्णालीको ५० लाख २८ हजार ३ सय कित्ता सेयर सूचीकृत रहेको छ। कर्णालीको मंगलबार कारोबार मूल्य प्रतिकित्ता ८ सय १० रुपैयाँ रहेको छ। राष्ट्र बैंकले गत ८ मंसिरमै शीघ्र सुधारको कारबाही अघि बढाउने निर्णय गर्दा पनि यस बैंकको सेयर मूल्यमा उच्च वृद्धि भई सर्किट ब्रेकर लागेको थियो।





नेपाल राष्ट्र बैंकका प्रवक्ता रामु पौडेल भन्छन्-

बैंकको तरलतामै समस्या देखिएपछि सर्वसाधारणको निक्षेप सुरक्षित गर्न व्यवस्थापन नियन्त्रणमा लिइएको हो। सर्वसाधारणमा त्रासपूर्ण अवस्था नआओस् भन्ने उद्देश्यले वेलैमा समस्याग्रस्त घोषणा गरेका हौं। अब केन्द्रीय बैंकको टिमले यसका व्यवस्थापकीय जिम्मेवारी लिनेछ।



नेप्सेका प्रवक्ता मुराहरि पराजुली भन्छन्-

विगतमा राष्ट्र बैंकले कुनै संस्थालाई समस्याग्रस्त घोषणा गर्दा सेयर कारोबार रोक्का गर्नु भनेर पत्राचार गर्ने गरेको थियो यसपालि जानकारी मात्रै आएको छ। नेप्सेको नियमावलीले यस्तो संस्थाको कारोबार रोक्का गर्न सक्ने व्यवस्था गरेको छ। नेप्से सञ्चालक समितिले यस विषयमा बिहीबार निर्णय हुन सक्छ।

डलरको मूल्यमा रेकर्ड ब्रेक कमजोर बन्दै नेपाली मुद्रा



• डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक, राष्ट्र बैंक

अहिले डलरको मूल्य बढ्नुको पछाडि फन्डामेन्टल कारण छैनन्। लगानीकर्ताको मनोबल तथा मनोविज्ञानका कारण यसको मूल्य बढेको छ। अमेरिकाले अब लिने आर्थिक नीतिले खाडी मुलुकलगायतका विश्व अर्थतन्त्रमा कस्तो असर गर्छ ? त्यसले पनि यसको प्रभाव कस्तो हुन्छ भन्ने देखाउँछ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाली बजारमा अमेरिकी डलरको मूल्य निरन्तर बढ्दै गएको छ। बुधबार नेपाली मुद्रा बजारमा एक अमेरिकी डलरको खरिद मूल्य १३६.०३ रुपैयाँ र बिक्रीमूल्य १३६.६३ रुपैयाँमा कारोबार भएको छ। यो हालसम्मकै उच्च हो।

मंगलबार पनि डलरको खरिद मूल्य १३५.९० रुपैयाँ र बिक्रीमूल्य १३६.५० रुपैयाँ पुगेर रेकर्ड ब्रेक भएको थियो। बुधबार मूल्य ०.१३ पैसाले बढेर पुनः रेकर्ड राखेको हो।

पछिल्लोपटक नेपाली बजारमा डलरको मूल्यले पटक-पटक 'रेकर्ड ब्रेक' गर्दै आएको छ। अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प विजयी भएको मनोविज्ञानका कारण डलरको मूल्य बढेको जानकारवालाहरू बताउँछन्।

नेपाली मुद्रा भारतीय मुद्रासँग पेग (विनिमयदर स्थिर) छ। सोहीकारण, भारतमा डलरको मूल्य बढ्दा नेपालमा बढ्ने र भारतमा घट्दा नेपालमा पनि घट्छ। पछिल्लो समय विभिन्न कारणले भारतीय बजारमा डलरको मूल्य बढेको छ। त्यसको प्रत्यक्ष प्रभाव नेपालमा परेको छ।

नेपाल राष्ट्र बैंकको विदेशी मुद्रा व्यवस्थापन विभागका प्रमुख तथा कार्यकारी निर्देशक रेवती नेपालले भारतमा डलरको मूल्य बढ्दा नेपालमा पनि बढेको बताए। 'नेपाली मुद्रा भारतीयसँग पेग छ। अहिले भारतमा डलरको माग बढ्दा मूल्य बढ्न गएको छ। त्यसको असरले नेपालमा पनि डलरको मूल्य बढेको हो,' उनले भने, 'यसको मूल्य अझै पनि बढ्न सक्ने देखिएको छ।'

विशेष गरी, अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प विजयी भएको मनोविज्ञानका कारण डलरको मूल्य बढेको छ। नेपाली मितिअनुसार कात्तिक २१ गते अमेरिकाको ४७औं राष्ट्रपतिमा निर्वाचित भएका थिए। उनी आगामी जनवरी २० तारिखमा अमेरिकी राष्ट्रपतिको पदभार ग्रहण गर्दै छन्।

ट्रम्प राष्ट्रपतिमा विजयी भएको भोलिपल्ट अर्थात् २२ कात्तिकमा नेपाली बजारमा डलरको मूल्य २८ पैसाले बढेको थियो। २१ कात्तिकमा डलरको खरिद मूल्य १३४.२८ रुपैयाँ र बिक्रीमूल्य १३४.८८ रुपैयाँ थियो। २२ कात्तिकमा डलरको खरिद मूल्य १३४.५६ रुपैयाँ र बिक्रीमूल्य १३५.१६ रुपैयाँ पुगेको थियो। ट्रम्पको विजयी भएपछि डेढ महिनामा नेपाली बजारमा डलरको मूल्य १.४७ रुपैयाँ बढेको देखिन्छ।

ट्रम्पले अमेरिकी अर्थतन्त्र सुधार गर्ने योजनासहित राष्ट्रपतिको उम्मेदवार बनेका थिए। कर्पोरेटमैत्री नीति ल्याउने बताउँदै आएका उनको पदभारपछि अमेरिकी अर्थतन्त्र सुधार भई थप बलियो हुने विश्वास गरिएको छ। डलर आफैंमा लगानीका लागि सुरक्षित सम्पत्ति अर्थात् 'एसेट' मानिन्छ। ट्रम्पको पालामा अमेरिकी अर्थतन्त्र थप बलियो हुने विश्वासका कारण विश्वका ठुला लगानीकर्ताले डलरमा लगानी बढाएका छन्। अर्थात्, डलर खरिद गरेर होल्ड गरेका छन्। त्यसले बजारमा डलरको माग बढेको छ, तर आपूर्ति कमजोर भएको छ। फलस्वरूप विश्व बजारमा डलरको मूल्य बढेको बताइन्छ।

अर्थविद् केशव आचार्यका अनुसार अहिले नै भारत, चीनलगायतका मुलुकमा रहेको अमेरिकी लगानी फिर्ता भइरहेका छन्। त्यसले गर्दा पनि भारतमा डलरको माग बढेको छ। त्यसलाई नियन्त्रण गर्न भारतले पटक-पटक बजारमा डलर पठाएको छ। तर, पनि भारतले डलरको माग धान्न सकेको छैन। अहिले भारतमै डलरको सञ्चिति घटिसकेको राष्ट्र बैंकका एक अधिकारीले बताए।

पछिल्लो समय भारत, चीनजस्ता उदीयमान अर्थतन्त्र भएका मुलुकहरू डलरको विकल्प खोजिरहेका थिए। तर, हालै ट्रम्पले डलरको विकल्प खोजेमा ब्रिक्स राष्ट्र (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका)को वस्तु अमेरिकामा आयात गर्दा शतप्रतिशत कर लगाउने चेतावनी दिएका छन्। उक्त मुलुकहरूमा उत्पादन हुने वस्तुका लागि अमेरिका ठुलो बजार हो। त्यसमा अमेरिकाले कर लगाएमा त्यसको असर सम्बन्धित मुलुकको अर्थतन्त्रमा पर्नेछ। ब्रिक्स राष्ट्र साझा मुद्राको अवधारणमा अगाडि बढ्ने तयारीमा थिए। पछिल्लो समय ट्रम्पले अमेरिकालाई आर्थिक रूपमा थप बलियो बनाउने र उदीयमान अर्थ व्यवस्था भएका मुलुकलाई सहयोग नगर्नेजस्तो रणनीति अपनाउन खोजेको देखिएको अर्थविद्हरू बताउँछन्। अमेरिकाले अन्य मुलुकको वस्तुको आयातमा कर लगाउँदा ती मुलुकको अर्थतन्त्र स्वतः प्रभावित हुनेछ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले डलरको मूल्य वृद्धिबाट नेपाली अर्थतन्त्रमा पर्ने प्रभावबारे तत्काल अनुमान गर्न नसकिने बताए। विश्वव्यापी रूपमा अझै पनि अनिश्चितता देखिएको छ। त्यो अवस्थामा वास्तविक असर के हुन्छ भनेर अहिले अनुमान गर्न नसकिने उनको भनाइ छ।

'अहिले डलरको मूल्य बढ्नुको पछाडि फन्डामेन्टल कारण छैनन्। लगानीकर्ताको मनोबल तथा मनोविज्ञानका कारण यसको मूल्य बढेको छ। त्यो अवस्थामा यो मनोविज्ञान कहिलेसम्म टिक्छ भन्नेमा पनि कुनै ग्यारेन्टी छैन,' उनले भने, 'अमेरिकाले अब लिने आर्थिक नीतिले खाडी मुलुकलगायतका विश्व अर्थतन्त्रमा कस्तो असर गर्छ ? त्यसले पनि यसको प्रभाव कस्तो हुन्छ भन्ने देखाउँछ।'

भूराजनीति र जिओ-इकोनोमिक्सजस्ता पक्षमा पनि यो निर्भर हुने उनले बताए। 'सामान्यतः आयात महँगो हुने भयो। तर, निर्यात, पर्यटन र रेमिट्यान्सबाट हुने आम्दानी नेपाली रुपैयाँमा बढ्ने भयो। त्यसैले नेपाली अर्थतन्त्रमा कस्तो असर पर्छ अहिले नै भन्न सकिन्न,' उनले भने, 'अमेरिकाले लिने आर्थिक नीतिलाई अन्य मुलुकले कसरी लिन्छन् ? जिओ-पोलिटिक्स, जिओ-इकोनोमिक्स कस्तो हुन्छ ? अन्य मुलुकको आर्थिक वृद्धिमा असर गर्छ कि गर्दैन ? त्यसमा निर्भर हुन्छ। यदि अन्य मुलुकको आर्थिक वृद्धि पनि प्रभावित भयो भने त्यो मुलुकबाट नेपालले लिने गरेको लाभ प्रभावित हुन्छ। अर्थात्, त्यो मुलुकबाट आउने पर्यटक र रेमिट्यान्स प्रभावित हुन सक्छ। अन्य मुलुकमा कुनै असर परेन भने नेपाली अर्थतन्त्रमा पनि थप असर हुँदैन।'

यस्तै, अर्थविद् केशव आचार्यले डलरको मूल्य बढ्दा नेपालको बजेट नै प्रभावित हुन सक्ने बताए। 'अहिले नेपालको विदेशी ऋण पौने १३ खर्ब हाराहारीमा छ। यो वर्ष दुई खर्ब १७ अर्ब रुपैयाँ विदेशी ऋण तिर्ने लक्ष्य छ। विदेशी ऋण डलरमै तिर्नुपर्छ। अहिले डलरको मूल्य बढ्दा विदेशी ऋणको भुक्तानी महँगो हुने भयो। साथै, ऋणको आकार पनि बढ्ने भयो। यसै पनि अहिले सरकारलाई स्रोत व्यस्थापनमा चुनौती थपिएको छ। यस्तो अवस्थामा डलरको मूल्य बढ्दा बजेट थप प्रभावित हुने देखिन्छ,' उनले भने, 'यसैगरी, आयात महँगो हुँदा मूल्यवृद्धिको जोखिम पनि उच्च छ।



सवा तीन लाख श्रमिक बिदेसिए

काठमाडौं/ चालू आर्थिक वर्षको पाँच महिनामा तीन लाख २५ हजार ८०९ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन्। त्यसमध्ये एक लाख ९० हजार ३८४ जनाले नयाँ श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांक छ। विभागका अनुसार साउनमा ५९ हजार ५७५, भदौमा ५७ हजार ४९३, असोजमा ५३ हजार ५२५, कात्तिकमा ७० हजार ९९० र मंसिरमा ८४ हजार २२६ जना वैदेशिक रोजगारीमा गएका छन्।

यो संख्या गत आवको सोही अवधिको तुलनामा १८.६८ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा दुई लाख ७४ हजार ५१७ जना वैदेशिक रोजगारीमा गएका थिए।

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिलगढी, डोटी

बोलपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०९/११ गते, बिहिवार बिहान १०:०० बजे

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित निर्माण कार्यहरुको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले निम्न निर्माण कार्यहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन २०८१/०९/२६ गतेको दिउँसो १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्ने सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

SN	Contract No	Description of Work	Estimated amount (Excluding VAT and contingencies)	Bid security	Cost of bidding document	Last date and time of bid submission
1	NCB/DSNP/ WORKS/ 02/081/082	Construction of Masteshwor Aa.Bi academic building, Masantola-09, Dipayal Silgadhi Municipality	34,50,160.60 /-	96,600.0 /-	3,000/-	2081/09/26 BS (2025/01/10AD.) 12:00PM

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Jhapa Groundwater Irrigation Project
Jhapa

Notice for Letter of Intent (LoI)

Date of Publication: 26th December 2024 (Poush 11, 2081)

This is to notify that **Jhapa Groundwater Irrigation Project, Jhapa** expresses its intention to award the contracts to the following bidders, pursuant to Public Procurement Act 2063, sub clause 27.2 and 27.3 as listed below.

S.N.	Contract ID	Contract Amount NRs. (Incl. PS and VAT)	Lowest Evaluated Substantially Responsive Bidder
1	JGWIP/DTW /NCB -11/2081-82	1,02,44,600.00	M/S Reshma Deep Boring Udhyog, Biratnagar -04, Morang
2.	JGWIP/DTW/NCB-12/2081-82	1,50,44, 014.2	M/S Purbanchal Ground Water Tube Well Udhyog, Biratnagar-03, Morang
3.	JGWIP/DTW/NCB -13/2081-82	39,37,636.28	M/S Prashant Deep Boring Udhyog, Budiganga-02, Morang

Project Chief

सडक पुगेपछि ताप्लेजुङका हिमाली क्षेत्रका बासिन्दा भन्छन्-

तिब्बतको मुख ताक्नुपर्ने बाध्यता हट्यो

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको हिमाली क्षेत्रका बासिन्दाहरूलाई नियमित खाद्यान्न जोहो गर्न तिब्बतको भर पर्नुपर्ने बाध्यता हटेको छ। हिमाली पर्यटकीय गाउँहरू ओलाङचुङगोला, याङमालगायतका बासिन्दा तिप्ताला नाका खुले पनि अहिले तिब्बतभन्दा जिल्ला सदरमुकाम फुङलिङबाट नै खाद्य सामग्री लाने गरेका छन्।

यसअघि ती क्षेत्रका स्थानीयहरू तिब्बतको रिउमा गएर खाद्य सामग्री ल्याउन बाध्य थिए। फक्ताङलुङ गाउँपालिका- ७ ओलाङचुङगोलाका वडाध्यक्ष छेतेन शेर्पा भोटेले सकेसम्म आफ्नै देशबाट सामान आयात गरेर उपभोग गर्ने बताए।

यसअघि नुन, तेलल्गायतका खाद्य सामग्री तिब्बतको रिउ बजारबाट ल्याउने ओलाङचुङगोला, याङमाका बासिन्दा अहिले सदरमुकाम फुङलिङबाट लगिरहेको अध्यक्ष शेर्पाले जानकारी दिए। उनले भने, 'तिब्बतको मुख ताक्नुपर्ने बाध्यतामा रहेका ओलाङचुङगोला, याङमाका बासिन्दा अहिले सदरमुकाम फुङलिङबाट खाद्य सामग्री लगेर प्रयोग गर्न पाउँदा स्वाभिमानी भएको महसुस गरेका छन्।'

भारत र चीनलाई जोड्ने नेपालकै छोटो विराटनगरको रानीबाट ताप्लेजुङ ओलाङचुङगोला हुँदै चीनको सिमाना टिप्ताला



भन्ज्याङ जोड्ने सडक ओलाङचुङगोला पुगेपछि नेपालबाट खाद्य सामग्री ल्याउन सहज भएको उनी बताउँछन्। कोरोनाका वेला १६ चैत ०७७ मा बन्द भएको तिप्ताला नाका गत जेठदेखि खुला भएको छ। नाका खुलेसँगै स्थानीयले अहिले केही मात्रामा तिब्बतबाट खाद्य सामग्री ल्याए पनि धेरै सामग्री सदरमुकामबाट ल्याउने गरेको बताउँछन्।

सदरमुकाम फुङलिङबाट ओलाङचुङगोला हुँदै द्विदेशीय सिमाना टिप्ताला भन्ज्याङ जोड्ने सडक पूर्ण रूपमा जोडिएपछि ओलाङचुङगोलावासीको दिनचर्या परिवर्तन भएको छ। पहिला खच्चडमा तीन-चार दिनमा मात्रै पुग्ने खाद्यान्न सामग्री अहिले एक दिनमा ढुवानी हुन थालेको छ । खच्चडमा लगिने सामग्री अहिले गाडीमा ढुवानी हुन थालेको छ।

एआईसम्बन्धी ११ दिने शैक्षिक कार्यक्रम १२ पुसदेखि नेपालमा आयोजना हुँदै

नयाँ पत्रिका

नेपाल एप्लाइड म्याथमेटिक्स एन्ड इन्फरमेटिक्स इन्स्टिच्युटले एनुअल नेपाल एआई स्कुलको आयोजना गर्ने घोषणा गरेको छ। इन्स्टिच्युटले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै ११ दिने शैक्षिक कार्यक्रम गर्ने बताएको हो।

यस वर्ष १२ देखि २२ पुससम्म कार्यक्रम पाँचौं संस्करण आर्टिफिसियल एन्टिलिजेन्सको आधार र कार्यान्वयनमा केन्द्रित हुनेछ।

संसारभरबाट वैज्ञानिक, प्राध्यापक, र सहभागीहरूलाई एआईसम्बन्धी गहन व्याख्यान, प्रयोगशाला र परियोजना कार्यका लागि एकै ठाउँमा ल्याउने यो कार्यक्रम दक्षिण एसियाकै सबैभन्दा ठुलो र सबैभन्दा



पृथक् भएको बताइएको छ।

आयोजकका अनुसार यो कार्यक्रम आधारभूतदेखि आधुनिक विचार र विधिसम्मका विषयवस्तुलाई समेट्नेछ। कार्यक्रम ललितपुरको खुमलटारस्थित प्रिमियर इन्टरनेसनल स्कुलमा आयोजना हुँदै छ। यस कार्यक्रममा कम्प्युटर विज्ञानका स्नातक, स्नातकोत्तर र पिएचडी तहका २०० जना विद्यार्थी तथा एआई क्षेत्रमा काम गर्ने प्रोफेसनलहरूको सहभागी हुँदै छ। विगत चार संस्करणमा ४० भन्दा बढी देशका ५५० भन्दा बढी विद्यार्थीले यस कार्यक्रममा भाग लिएका छन्।

'सानो ठाउँबाट ठुला परिवर्तन आउन सक्छ,' भन्ने मान्यतामा आधारित यस वर्षको एआई स्कुलले नेपाली र अन्तर्राष्ट्रिय विद्यार्थी तथा एआई अभ्यासकर्तालाई विश्वस्तरमा भइरहेको अत्याधुनिक विकाससँग परिचित गराउने लक्ष्य राखेको छ। विश्वभरका २५ जना वैज्ञानिक र प्राध्यापकले कार्यक्रममा भौतिक कक्षा सञ्चालन गर्नेछन्।

इन्स्टिच्युटका निर्देशक तथा अनुसन्धान वैज्ञानिक विशेष खनालले यो कार्यक्रम दक्षिण एसियामा उत्कृष्ट अन्तर्राष्ट्रिय विशेषज्ञबाट सिक्ने र अन्तर्क्रिया गर्ने सुनौलो अवसर भएको बताए।

'नेपालमा एआईको उपयोग गर्ने सरकारको योजना र एआई नीतिको तयारी भइरहेको अवस्थामा यो कार्यक्रमले आवश्यक छलफल सिर्जना गर्न र नेपालमा एआईविज्ञ निर्माण गर्न मद्दत पुऱ्याउनेछ,' उनले बताए। इन्स्टिच्युट एजुकेसन आउटरिच प्रमुख आलोक खत्रीले ११ दिनसम्म विश्वस्तरीय विशेषज्ञसँग सिक्ने, व्यावहारिक कार्यशालामा भाग लिने र आफ्नो व्यावसायिक सञ्जाल विस्तार गर्ने अवसर पनि प्राप्त हुने बताए।

एनसिएचएलद्वारा विभिन्न व्यक्ति र संस्था पुरस्कृत

काठमाडौं/ नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसि एचएल)ले १६औँ वार्षिकोत्सव मनाएको छ। कम्पनीले १६औँ वार्षिकोत्सवको अवसर पारी विभिन्न व्यक्ति तथा संस्थालाई सम्मान गरेको छ।

कार्यक्रममा एनसिएचएलले यस वर्ष कम्पनीमा आफ्नो १० वर्ष पूरा गरेका तीन कर्मचारीहरूलाई दीर्घसेवा पदकबाट सम्मानित गरेको छ। सम्मानित हुनेमध्ये प्रमुख सञ्चालन अधिकृत मुन्नी राजभण्डारी, प्रोडक्ट लिड विष्णुप्रसाद धिताल तथा इन्चार्ज कार्ड अपरेसन्स वन्दना लुइँटेल रहेका छन्।

वार्षिकोत्सवकै अवसरमा १२ वटा विधामा सबैभन्दा बढी कारोबार गर्ने बैंक वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक र सरकारी निकायलाई सम्मानसमेत गरेको छ। वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनीबाट एनआइसी एसिया बैंक, गरिमा विकास बैंक र आइसिएफसी फाइनान्सलाई एक्सिलेन्स इन नेपालपे क्युआर



ट्रान्जेक्सन अवार्ड प्रदान गरिएको थियो। त्यसैगरी, ग्लोबल आइएमई बैंकलाई एक्सिलेन्स इन इएफटी कार्ड सर्भिसेस' तथा एक्सिलेन्स इन मोबाइल बैंकिङ तथा अल्टरनेट च्यानल अवार्डबाट सम्मानित गरिएको थियो। त्यस्तै, नबिल बैंक एक्सिलेन्स इन डिजिटाइजिंग बिजनेसे विथ कर्पोरेट-पे अवार्ड प्राप्त गर्न सफल भएको छ भने नेपाल सरकारको खर्च र राजस्वको कारोबार डिजिटलाइज्ड गर्न विशेष भूमिका निर्वाह गर्ने बैंक वित्तीय संस्थाको रूपमा राष्ट्रिय वाणिज्य बैंकलाई विशेष अवार्ड प्रदान गरिएको थियो।

त्यसैगरी, सरकारी कारोवारअन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई पनि विशेष अवार्ड प्रदान गरिएको थियो। सरकारी कारोवारबाहेक सबैभन्दा बढी कारोबार गरी सम्मानित हुने वाणिज्य बैक, विकास बैंक, फाइनान्स कम्पनी र भुक्तानी सेवा सञ्चालक/भुक्तानी सेवा प्रदायकमा क्रमशः ग्लोबल आइएमई बैंक, ज्योति विकास बैंक, गुडविल फाइनान्स र खल्ती प्राइभेट लिमिटेड रहेका थिए। कार्यक्रममा एनसिएचएलका पूर्वअध्यक्ष सुमन जोशीको योगदानलाई कदर गर्दै विशेष सम्मानपत्र प्रदान गरिएको थियो।

युनिक नेपाल लघुवित्तको साधारणसभा

काठमाडौं/ युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको छैटौँ वार्षिक साधारणसभा बाँके कोहलपुरमा सम्पन्न भएको छ।

सभाबाट सञ्चालक समितिको प्रतिवेदन, आव ०८०/८१ को लेखापरीक्षण प्रतिवेदन, आगामी वर्ष ०८१/८२ का लागि लेखापरीक्षकको नियुक्तिका प्रस्ताव सर्वसम्मतिले पारित भएको छ।

सभाले भविष्यमा कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग एकआपसमा गाभ्ने-गाभिने तथा प्राप्ति गर्ने कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको छ।

सभामा सेयरधनीका जिज्ञासालाई संस्थाका अध्यक्ष शिवबहादुर चौधरी र कार्यकारी निर्देशक डा.गोपाल दहितले स्पष्ट पारेका थिए। हाल संस्थाको चुक्ता पुँजी १४ करोड ८५ लाख ७५ हजार रुपैयाँ रहेको छ।

एसबिआई बैंकको लुम्बिनी प्रदेश कार्यालय स्थानान्तरण



काठमाडौं/ नेपाल एसबिआई बैंकको शाखा स्थानान्तरण भएको छ। बैंकको सुर्खेत रोड, नेपालगन्ज उपमहानगरपालिका- २, नेपालगन्ज, बाँकेमा रहेको लुम्बिनी प्रदेश कार्यालय सिद्धार्थनगर नगरपालिका- ८, नारायणपथ, भैरहवा, रुपन्देहीमा स्थानान्तरण गरी नयाँ परिसरबाट सेवा सुभारम्भसमेत गरेको छ।

उक्त कार्यालयको उद्घाटन बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत, दीपककुमार दे, बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारी, प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याललगायतको उपस्थितिमा गरिएको हो।

बिजनेस रियालिटी सो 'सार्क ट्यांक नेपाल'को घोषणा

काठमाडौं/ लोकप्रिय बिजनेस रियालिटी सो 'सार्क ट्यांक'को नेपाली संस्करण 'शार्क ट्याङ्क नेपाल' घोषणा भएको छ। नेपालका लागि उत्पादन तथा प्रसारण सर्वाधिकार प्राप्त गरेको हिमालय टेलिभिजनले आगामी केही महिनाभित्र कार्यक्रम प्रसारण गर्ने जनाएको छ।



सोमबार आयोजित घोषणा कार्यक्रममा पहिलो सिजनका लागि पाँचजना सार्कहरू सार्वजनिक गरिएको छ, जसले लगानीका लागि प्रस्ताव लिएर आएका स्टार्टअपमा लगानी गरी उनीहरूको व्यवसाय विस्तारमा सहयोग पुऱ्याउनेछन्।

पहिलो सिजनका लागि आइएमई ग्रुपका सहसंस्थापक हेमराज ढकाल, अग्नि ग्रुपका संस्थापक क्याबिनेट श्रेष्ठ, वैद्य अर्गनाइजेसनकी निर्देशक ऋतुसिंह वैद्य, निम्बस ग्रुपका प्रबन्ध निर्देशक आनन्द बगरिया र पदम ज्योति ग्रुपका निर्देशक सौरभ ज्योति सार्कका रूपमा अनुबन्ध भएका छन्। कठिन संघर्षमार्फत व्यावसायिक जीवनमा सफलता प्राप्त गरेका यी अगुवा व्यवसायीहरूले उत्कृष्ट सोच र सम्भावना भएका, तर लगानी जुटाउन खोजिरहेका व्यवसायहरूमा लगानीसँगै व्यवसायीलाई सफलताका लागि मार्गदर्शनसमेत गर्नेछन्।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८१/०९/११

यस बैंकको शाखा कार्यालय, तेमाल काभ्रेपलाञ्चोकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्नुका साथै सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ऋणी **राजु देनजन लामा**को हकमा मिति वि.सं. २०८१/०१/२५ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा तथा ऋणी **गणेशमान लामा तामाङ**को हकमा वि.सं. २०८१/०३/२१ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना जारी गर्दा समेत उक्त सम्पूर्ण ऋणकर्जा रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋण कर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण कर्जाको साँवा ब्याज र हर्जना रकम चुक्ता भुक्तान गर्नु हुन यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

खड्ग बहादुर लामाको नाती, श्याम लामाको छोरा, तेमाल गा.पा. वडा नं.०६ काभ्रेपलाञ्चोक, स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **राजु देनजन लामा** (ना.प्र.नं. १५७७१९, जारी मिति २०६३/०९/२६, जिल्ला काभ्रेपलाञ्चोक)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. कामी सिं लामाको नाती, खड्ग बहादुर लामाको छोरा, ठुलो पर्सेल गा.वि.स/उ.म.न.पा. वडा नं.८ काभ्रेपलाञ्चोक, (परिवर्तित :तेमाल गा.पा. वडा नं. ०६,) स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **श्याम लामा** (ना.प्र.नं. २०७४३, जारी मिति २०४३/०२/२९, जिल्ला काभ्रेपलाञ्चोक)

२. श्याम लामाको बुहारी, पेमा घ्याच्छे लामाको छोरी, राजु देनजन लामाको श्रीमती अत्तरपुर गा.वि.स. वडा नं. ०४, स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **देवियोन्जन लामा** (ना.प्र.नं. १२१७९७, जारी मिति २०६०/०८/१२, जिल्ला सिन्धुपाल्चोक)

३. खड्ग बहादुर लामाको बुहारी, नर बहादुर लामाको छोरी,श्याम लामाको श्रीमती ठुलो पर्सेल गा.वि.स/उ.म.न.पा. वडा नं.८ काभ्रेपलाञ्चोक, (परिवर्तित :तेमाल गा.पा. वडा नं. ०६,) स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **माया लामा** (ना.प्र.नं. १२८६७८, जारी मिति २०५१/०३/१३, जिल्ला काभ्रेपलाञ्चोक)

२. ऋणीको नाम र ठेगाना

कालु तामाङको नाती, नोर्बु नारायण तामाङको छोरा, ठुलो पर्सेल गा.वि.स वडा नं.०८ काभ्रेपलाञ्चोक, (परिवर्तित :तेमाल गा.पा. वडा नं. ०६,) स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **गणेशमान लामा तामाङ** (ना.प्र.नं. ९४७३३, जारी मिति २०५७/०८/१५, जिल्ला काभ्रेपलाञ्चोक)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. भक्त सिं तामाङको नाती, कालु तामाङको छोरा, ठुलो पर्सेल गा.वि.स/उ.म.न.पा. वडा नं.८ काभ्रेपलाञ्चोक, (परिवर्तित :तेमाल गा.पा. वडा नं. ०६,) स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **नोर्बु नारायण तामाङ** (ना.प्र.नं. १५७४६, जारी मिति २०४२/०६/१६, जिल्ला काभ्रेपलाञ्चोक)

२. कालु तामाङको नाती, नोर्बु नारायण तामाङको छोरा, ठुलो पर्सेल गा.वि.स वडा नं.०८ काभ्रेपलाञ्चोक, (परिवर्तित : तेमाल गा.पा. वडा नं. ०६,)स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **लप्साङ तामाङ** (ना.प्र.नं. ३०१०३०/१७७७७८, जारी मिति २०६५/१२/०४, जिल्ला काभ्रेपलाञ्चोक)

३. कालु तामाङको नातीनी, नोर्बु नारायण तामाङको छोरी, ठुलो पर्सेल गा.वि.स वडा नं.०८ काभ्रेपलाञ्चोक, (परिवर्तित : तेमाल गा.पा. वडा नं. ०६,) स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **याङदी तामाङ** (ना.प्र.नं. ३०१०३०/१७७७७७, जारी मिति २०६५/१२/०४, जिल्ला काभ्रेपलाञ्चोक)

४. नोर्बु नारायण तामाङको बुहारी, कर्म सिं तामाङको छोरी, गणेशमान लामा तामाङको श्रीमती चापाखोरी गा.वि.स/उ.म.न.पा. वडा नं.९ काभ्रेपलाञ्चोक, स्थाई ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला तेमाल गा.पा. वडा नं. ६, बस्ने **सुशिलामायाँ लामा** (ना.प्र.नं. ३०३००६/१५२, जारी मिति २०६३/११/२३, जिल्ला काभ्रेपलाञ्चोक)

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/०५/११)

यस कार्यालयको मिति २०८१/०७/१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 05/081/82	Procurement and Supply of Free Essential Drugs and Medical Devices, Surgical Instruments	Mediad Concern Pvt. Ltd, Kathmandu	14,88,362.73

प्रमुख प्रशासकीय अधिकृत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. कोरिया शाखा
ग्वार्को, ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०५/११

ई.पि.एस. मार्फत नेपालबाट दक्षिण कोरिया जाने नेपाली कामदारहरूको लागि मिति २०८१/१०/०३ देखि एक वर्ष सम्मका लागि एक तर्फि हवाई टिकट आपूर्ति गर्ने सम्बन्धी मिति २०८१/०७/१३ गते गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र प्राप्त भएका बोलपत्रहरू मध्ये निम्नानुसारको बोलपत्र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बोलपत्र नं	कामको विवरण	छनौट भएको बोलपत्रदाता	प्रति कामदार प्रति टिकट भ्याट बाहेक कबोल अंक (नेपाली रुपैयाँमा)
०८१/८२	काठमाडौंबाट दक्षिण कोरियाको सिओलसम्म हवाई उडानमा ई.पि.एस मार्फत जाने नेपाली कामदारहरूको लागि हवाई टिकट आपूर्ति सेवा	युनिभर्सल टुर्स एण्ड ट्राभल्स प्रा.लि. महाराजगञ्ज, काठमाडौं नेपाल।	४८,६६५.०० (अठ्चालीस हजार छ सय पैँसठ्ठी रुपैयाँ मात्र)

ऋण चुक्ता गर्न आउने बारेको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/११

यस संस्थाबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण भाखाभित्र नतिरी संस्थाबाट पटक पटक भएको मौखिक एवं लिखित तर-ताकेता गर्दा पनि कर्जा चुक्ताको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा कर्जा तिर्न बुझाउनका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र संस्थामा तिर्नु बुझाउनु पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा कर्जा लिदाको बखत संस्थामा गरेको कर्जा तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाई दिएको धितो लिलामको प्रकृया अपनाई धितो लिलाम गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। साथै संस्थाको साँवा ब्याज असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा भएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गरिने व्यहोरा पनि जानकारी गराउँदछौं। सो प्रकृयाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धन जमानी दिनेको घर घराना चल अचल सम्पत्तीबाट प्रचलित कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

क्र.सं.	ऋणी	व्यक्तिगत जमानीको विवरण	धितोको विवरण	फोटो
१.	**तेज बहादुर दोङ तामाङ्ग** स्थायी ठेगाना : रामेछाप जिल्ला वेथान गा.वि.स./न.पा वडा नं. ६ हाल : काठमाण्डौं, महाराजगंज बाबु : रोज बहादुर तामाङ्ग बाजे : दान बहादुर तामाङ्ग ना.प्र.नं. २११०४६/८००१, रामेछाप	**रोशन कार्की** स्थायी ठेगाना : ललिपुर जिल्ला इमाडोल गा.वि.स./न.पा वडा नं. ७ बाबु : दिपक कुमार कार्की बाजे : विर बहादुर कार्की ना.प्र.नं. २८/००४७, ललितपुर	 ऋणी समेतको नाममा रहेको भक्तपुर जिल्ला सुडाल गा.वि..स./न.पा वडा नं. १ग कि.न. ३९९ क्षेत्रफल ०-३-०-० को जग्गा।	
२.	**देवेन्द्र देवकोटा** स्थायी ठेगाना : सप्तरी जिल्ला राजविराज गा.वि.स./न.पा. वडा नं. ६ हाल : काठमाण्डौं, धुम्बाराही बाबु : सुरेश प्रसाद देवकोटा बाजे : कपिल प्रसाद देवकोटा ना.प्र.नं. ७६०८५३५७, सप्तरी	**प्रेमराज अधिकारी** स्थायी ठेगाना : ईलाम जिल्ला कोलबुङ गा.वि.स./न.पा. वडा नं. ५ हाल : ललितपुर, खुमलटार बाबु : जीवन नाथ अधिकारी पति : काशी नाथ अधिकारी ना.प्र.नं. ४२४, ईलाम		
३.	**दुर्गा श्रेष्ठ** स्थायी ठेगाना : काठमाण्डौं, सेतीदेवी गा.वि.स/न.पा. ६ हाल : ललितपुर, ग्वार्को बाबु : मिन बहादुर पाण्डे पति : चिर बहादुर श्रेष्ठ ना.प्र.नं.१९१, काठमाण्डौ	**मधुकर पाण्डे** स्थायी ठेगाना : नुवाकोट जिल्ला समुन्द्रटार गा.वि.स./न.पा. वडा नं. ३ हाल : काठमाण्डौं, कोटेश्वर बाबु : मिन बहादुर पाण्डे बाजे : चित्र बहादुर पाण्डे ना.प्र.नं. २१७३५, नुवाकोट	 ऋणीकै नाममा रहेको सुनसरी जिल्ला एकम्वा गा.वि.स./न.पा वडा नं. २/क र १/ख कि.न. १४२ र २३१ क्षेत्रफल ०-५-१७-० र ०-१-१४-० को जग्गा।	
४.	**प्रशान्त श्रेष्ठ** स्थायी ठेगाना : काठमाण्डौं जिल्ला सेतीदेवी गा.वि.स./न.पा. वडा नं. ६ हाल : ललितपुर, ग्वार्को बाबु : चिर बहादुर श्रेष्ठ बाजे : सिद्धिलाल श्रेष्ठ ना.प्र.नं. २७/१०५५/८९४१२	**मधुकर पाण्डे** स्थायी ठेगाना : नुवाकोट जिल्ला समुन्द्रटार गा.वि.स./न.पा. वडा नं. ३ हाल : काठमाण्डौं, कोटेश्वर बाबु : मिन बहादुर पाण्डे बाजे : चित्र बहादुर पाण्डे ना.प्र.नं. २१७३५, नुवाकोट		
५.	**प्रतिक श्रेष्ठ** स्थायी ठेगाना : काठमाण्डौं जिल्ला सेतीदेवी गा.वि.स./न.पा. वडा नं. ६ हाल : ललितपुर, ग्वार्को बाबु : चिर बहादुर श्रेष्ठ बाजे : सिद्धिलाल श्रेष्ठ ना.प्र.नं. ३०२४३, काठमाण्डौं	**मधुकर पाण्डे** स्थायी ठेगाना : नुवाकोट जिल्ला समुन्द्रटार गा.वि.स./न.पा. वडा नं. ३ हाल : काठमाण्डौं, कोटेश्वर बाबु : मिन बहादुर पाण्डे बाजे : चित्र बहादुर पाण्डे ना.प्र.नं. २१७३५, नुवाकोट		

गतिशील बचत तथा ऋण सहकारी संस्था लि.
साझाभबन, लगनखेल ललितपुर।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

सिजन २०२४/२५

युरोपका चर्चित लिगमा जसको छ प्रभाव

एजेन्सी/ केही दिनको विश्रामपछि क्रिसमससँगै युरोपका चर्चित लिगहरू बिहीबारबाट फेरि सुरु हुँदै छन् । क्रिसमसअघि आधा खेल सम्पन्न हुँदा खेलाडीका लागि विश्राम दिइएको थियो । युरोपेली मुलुकमा सार्वजनिक बिदाका दिन पुनः रोकिएका लिग सुरु हुँदै छन् । पहिलो दिन नै इंग्लिस प्रिमियर लिगका सात खेल हुँदै छन् । यस्तै, इटालियन सिरी 'ए' पनि सुरु हुँदै छ । स्पेनको ला लिगा, जर्मनीको बुन्डेस लिगा र फ्रान्सको फ्रेन्च लिग भने क्रिसमसको बिदापछि मात्रै सुरु हुने तालिका छ । यसपटक सदाझैं इंग्लिस प्रिमियर लिग नै चर्चाको शिखरमा छ । त्यसपछि मात्रै स्पेनिस ला लिगा रहेको छ । जर्मनीको बुन्डेसलिगा, फ्रान्सको लिग वान र इटालियन सिरी 'ए'मा भने सदाबहार पुरानै विजेता उपाधि दौडमा रहेका छन् ।

इंग्लिस प्रिमियर लिग

शीर्ष स्थान : लिभरपुल

उच्च गोलकर्ता : मोहम्मद सलाह (१५)

विश्वकै चर्चित र धनाढ्य क्लबहरू सम्मिलित इंग्लिस प्रिमियर लिग फुटबलमा लिभरपुल शीर्ष स्थानमा छ । साबिक विजेता म्यानचेस्टर सिटीले अक्टोबरमा कमजोर प्रदर्शन गर्दा लिभरपुल शीर्ष स्थानमा पकड राख्न सफल भयो । लिभरपुलले १६ मध्ये १२ खेल जितेको छ । तीनमा बराबरी खेल्दा एक खेलमा हार बेहोरेको लिभपुरलले ३९ अंक बटुलेको छ । उसलाई दोस्रो स्थानमा ३५ अंकसहित चेल्सीले चुनौती दिइरहेको छ । ३३ अंकसहित आर्सनल तेस्रो स्थानमा छ । साबिक विजेता सिटी भने १७ मध्ये ६ खेलमा पराजित हुँदा २७ अंकसहित सातौँ स्थानमा छ । १६ खेल सम्पन्न भइसक्दा साउथह्याम्पटन, इपस्विच टावन र उल्भ्स रेलिगेसन क्षेत्रमा छन् । लिभरपुलका स्ट्राइकर मोहम्मद सलाह १५ गोलसहित उच्च गोलकर्ताको दौडमा छन् ।




इटालियन सिरी 'ए'

शीर्ष स्थान : एटलान्टा

उच्च गोलकर्ता : मार्कुस थुराम (१२)

इटालियन सिरी 'ए'मा एटलान्टाले शीर्षस्थानमा अग्रता बनाएको छ । आधा खेल सम्पन्न हुँदा १७ मध्ये १३ खेल जितेको छ । ४० अंकसहित टोलीले उपाधि दौडमा आफूलाई अगाडि राखेको हो । २ अंक कम जोडेको नापोली दोस्रो स्थानमा छ । २०२३/२४ सिजन उपाधि जितेको इन्टरमिलान भने ३७ अंकसहित तेस्रो स्थानमा छ । पछिल्लो सिजन टोलीले ३८ खेलमा ९४ अंक जोडेको थियो । यसपटक भने उपाधि भिडन्त निकै रोचक बनेको छ । उपाधि दाबेदार मानिएका युभेन्ट्स छैटौँ र एसी मिलान आठौँ स्थानमा छन् । कमजोर प्रदर्शनसँगै रोमा दशौँ स्थानमा छ । इन्टरमिलानका मार्कुस थुरामसँगै एटलान्टाका माटेओ रेटेगुई १२ गोलसँगै उच्च गोलकर्ताको दौडमा छन् ।



जर्मन बुन्डेस लिगा

शीर्ष स्थान : बायर्न म्युनिख

उच्च गोलकर्ता : ह्यारी केन (१४)

१५ मध्ये ११ खेल जितेको बायर्न म्युनिख जर्मन बुन्डेस लिगाको शीर्ष स्थानमा रहेको छ । गत सिजन कमजोर प्रदर्शन गरेर तेस्रो भएको बायर्नले यसपटक सम्हालिएर खेलेको छ । भिन्सेन्जो कम्पनीको प्रशिक्षणमा टोलीले ३६ अंक जोडेको छ । गत सिजन ३४ खेलबाट ९० अंकसहित उपाधि उचालेको बायर लेभरकुसेन यस सिजन दोस्रो स्थानमा छ । टोलीले ३२ अंक जोडेको हो । फ्रान्कफर्ट र आरबी लाइपजिगले समान २७ अंकसहित जोडेका छन् । डर्टमन्ड २५ अंकसहित छैटौँ स्थानमा छ । बायर्न म्युनिखका लागि खेलिरहेका इंग्लिस खेलाडी ह्यारी केन १४ गोलसहित उच्च गोलकर्ताको शीर्ष स्थानमा छन् । उनलाई १३ गोल गरेका फ्रान्कफर्टका ओमार मारमाउसले चुनौती दिरहेका छन् ।



स्पेनिस ला लिग

शीर्ष स्थान : एट्लेटिको म्याड्रिड

उच्च गोलकर्ता : रोबर्ट लेवान्डोस्की (१६)

पछिल्लो खेलमा बार्सिलोनालाई २-१ ले हराउँदै एट्लेटिको म्याड्रिडले क्रिसमसअघिको विश्राममा शीर्ष स्थानमा पकड बनाएको छ । टोलीले दोस्रो स्थानको रियल म्याड्रिडभन्दा १ अंक बढी जोडेको छ । पछिल्लो पटक ३८ खेलमा ९५ अंकसहित उपाधि जितेको रियल आधा खेल सकिँदा दोस्रो स्थानमा छ । एट्लेटिको ४१ अंकसहित शीर्ष स्थानमा छ । दुई साताअघि मात्रै बार्सिलोनाले शीर्ष स्थानमा पकड बनाएको थियो । तर, पछिल्ला खेलमा बार्सिलोनाको प्रदर्शन खस्किँदो छ । बार्सिलोना ३८ अंकसहित तेस्रो स्थानमा रहेको छ । बार्सिलोनका पोलिस स्ट्राइकर रोबर्ट लेवान्डोस्की १६ गोलसहित उच्च गोलकर्ताको शीर्ष स्थानमा छन् । उनलाई ११ गोलसहित समकक्षी राफिन्हाले चुनौती दिइरहेका छन् । सिजनको आधा खेल सकिँदा भालाडोलिड, भ्यालेन्सिया र स्पान्योल रेलिगेसन क्षेत्रमा छन् ।



फ्रेन्च लिग वान

शीर्ष स्थान : पेरिस सेन्ट जर्मेन (पिएसजी)

उच्च गोलकर्ता : जोनाथन डेभिड (११)

युवा स्टार केलियन एम्बाप्पेले घरेलु लिग छाडेर स्पेन रोजे पनि पेरिस सेन्ट जर्मेन (पिएसजी)ले फ्रेन्च लिग वानमा शीर्ष स्थानमा कब्जा गरेको छ । टोलीले १६ खेलबाट ४० अंक जोडेको छ । १२ खेलमा जित र चारमा बराबरी खेल्दा टोलीले हार बेहोर्नुपरेको छैन । दोस्रो स्थानको मार्सेली आधा सिजनमै १० अंकले पछि छ । मोनाको समान ३० अंकसहित तेस्रो स्थानमा छ । यसपटक मोन्टपिलर र हाभ्रे रेलिगेसन क्षेत्रमा छन् । गत सिजन अर्जेन्टिनी स्टार लियोनल मेसीले क्लब छाडे पनि पिएसजीले ३४ खेलमा ७६ सहित उपाधि उचालेको थियो । सिजनको अन्त्यमा मोनाको ९ अंकले पछि परेको थियो । यसपटक लिगका आधा खेल सकिँदा लिलका जोनाथन डेभिड ११ गोलसहित उच्च गोलकर्ताको दौडमा छन् ।

खेल संक्षेप

भेट्रान्स फुटबलमा ३२ टिम

काठमाडौं/ कुसुन्ती युवा क्लब तथा ललितलपुर महानगरपालिका- १३ स्तरीय युवा क्लबको संयुक्त आयोजनामा ललितपुर मेयर कप भेट्रान फुटबल प्रतियोगिता पुसको अन्तिम साता हुने भएको छ । आयोजकले बुधबार पत्रकार सम्मेलनमार्फत प्रतियोगिताको दोस्रो संस्करण २२-२९ पुसम्म हुने जानकारी दियो । जावलाखेल मैदानमा हुने प्रतियोगितामा ३२ टोलीको सहभागिता रहनेछ । हालसम्म २२ टोलीले नाम दर्ता गराइसकेका छन् । प्रतियोगितामा सहभागिताका लागि १० हजार रुपैयाँ तिरेर नाम दार्ता गर्न सकिनेछ । प्रतियोगितामा उपत्याबाहिरबाट नवलपुर र वीरगन्जका टोलीले सहभागिता जनाउने र उनीहरूको दर्ता शुल्क नलिइएको आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा सहभागी टोलीले ४० वर्षभन्दा माथिका चार, ४५ वर्षभन्दा माथिका तीन र ५० वर्षभन्दा माथिका एक खेलाडी खेलाउनुपर्नेछ ।

ललितको सम्मान

विराटनगर/ नेपाल प्रिमियर लिग (एनपिएल)मा उत्कृष्ट बलर बन्न सफल ललित राजवंशीलाई गृहनगर विराटनगरमा स्थानीयवासीले भव्य स्वागत तथा सम्मान गरेका छन् । मंगलबार साँझ विराटनगर विमानस्थलमा ओर्लिएका ललितलाई विराटनगर- १४ का स्थानीयले हार्दिक अभिनन्दन गर्दै स्वागत गरे । ललितलाई कारमा राखेर अबिरजात्रासहित विराटनगर बजार परिक्रमा गराइएको थियो । यसैगरी काग्रेसका नेता डा. शेखर कोइराला र काग्रेस विराटनगर समितिले पनि ललितलाई उत्कृष्ट खेलाडी बन्न सफल भएकोमा बधाई दिएका छन् । प्रतियोगितामा १७ विकेट लिएका उनले मोटरसाइकल पुरस्कार पाएका थिए ।

एभिएमलाई तिभारकै निरन्तरता

काठमाडौं/ चर्चित एभिएम टेबुलटेनिस क्लबलाई तिभारले प्रयोजकका रूपमा लगातार दोस्रो वर्ष निरन्तरता दिने भएको छ । यस सम्बन्धमा टेबुलटेनिस सामग्री उत्पादक कम्पनी तिभार र एभिएमबिच बुधबार सम्झौतापत्रमा हस्ताक्षर भयो । सम्झौताअनुसार तिभारले क्लबका खेलाडीलाई आवश्यक खेल सामग्री उपलब्ध गराउनेछ । यसैगरी, तिभारले सन् २०२४/२५ सिजनका लागि तीन खेलाडीलाई पूर्ण प्रायोजन पनि गरेको छ । तिभारले रुवेन महर्जन, सिक्कासुवाल श्रेष्ठ र इभाना थापालाई तीन लाख रुपैयाँबराबरको ब्याट, जुत्ता, मोजा, रबर, लुगालगायत सामग्री उपलब्ध गराएको हो । यो प्रायोजनले खेलाडीको हौसला बढ्नुका साथै विश्वस्तरीय सामग्रीको प्रयोगले खेलमा पनि सकारात्मक प्रभाव पर्ने विश्वास क्लबले लिएको छ ।

मिसन टुगेदरलाई ब्लुक्रसको साथ

काठमाडौं/ फुटबलर्स मिसन टुगेदरलाई ब्लुक्रस अस्पतालले स्वास्थ्य सेवामा सहयोग गर्ने भएको छ । दुई पक्षबिच पाँच वर्षको सम्झौता भएको छ । फुटबलर्स मिसन टुगेदरका वरिष्ठ उपाध्यक्ष भिक्टर राणा र अस्पतालका कार्यकारी व्यवस्थापन समितिका सदस्यसचिव रजत श्रेष्ठले हस्ताक्षर गरेका छन् । पूर्वफुटबलर, प्रशिक्षक, रेफ्री, अफिसियल तथा निजका परिवारले स्वास्थ्य परीक्षणलगायत २५ प्रतिशत छुट पाउनेछन् । मिसन टुगेदरले आयोजना गर्ने प्रतियोगितामा अपस्तालले निःशुल्क एम्बुलेन्स र चिकित्सकीय सेवा प्रदान गर्नेछ ।

लुम्बिनी कप १ फागुनदेखि

नेपालगन्ज/ लुम्बिनी कप महिला फुटबल आगामी १ फागुनदेखि नेपागन्जमा हुने भएको छ । नेपालगन्जको महेन्द्र रंगशालामा हुने फुटबल प्रतियोगितामा नेपालसँगै भारतका गरी आठ टोलीले भाग लिने बाँके जिल्ला फुटबल संघका अध्यक्ष भोजराज शाहीले जानकारी दिए । प्रतियोगिताले बाँके र यस क्षेत्रमै नयाँ प्रतिभाहरू आउने शाहीले बताए । यसअघि १६ मंसिरमा नेपाली महिला फुटबल राष्ट्रिय टिमकी पहिलो कप्तान रमा सिंह र वर्तमान कप्तान एन्जिला तुम्बापो सुब्बाले लुम्बिनी कपको लोगो सार्वजनिक गरेका थिए ।

नीरजलाई चार स्ट्रोकको अग्रता

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको पहिलो दिन नीरज तामाङ शीर्षस्थानमा रहन सफल भएका छन् । बुधबार धरानमा ८ अन्डर ६२ को नयाँ कोर्स रेकर्डसहित सानदार नतिजामा घरेलु प्रो नीरजले २०२२/२३ सिजनमा शुकबहादुर राईले बनाएको ७ अन्डर ६३ को रेकर्ड तोड्दै नयाँ कोर्स रेकर्ड बनाए । उनले धनबहादुर थापालाई ४ स्ट्रोकले पछि पारे ।

धरानस्थित ७० पारको धरान गल्फ क्लबमा ४ अन्डर ६६ को स्कोरमा धन दोस्रो स्थानमा छन् । ३ अन्डर ६७ को नतिजामा भुवनकुमार रोका तेस्रो स्थानमा रहे । एमेच्योर सुन्दर राईसहित प्रोहरू युवराज भुजेल र विष्णुप्रसाद शर्माले संयुक्त रूपमा चौथो स्थान बाँडेका छन् । नेपालका नम्बर एक गल्फर भुवन नगरकोटी, बलभद्र राई र एमेच्योर जितेन्द्र राई संयुक्त रूपमा सातौं स्थानमा छन् । रामे मगर, सुनील केसी, रवि खड्का, रमेश अधिकारी र एमेच्योर सुरेश तामाङ संयुक्त रूपमा दशौं स्थानमा रहे ।

धारनका प्रो नीरजले बोगी फ्री ८ अन्डर ६२ को उत्कृष्ट स्कोरकार्ड बनाउने क्रममा फ्रन्ट नाइन ४ अन्डर ३२ मा सकाए । तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गरे । ५ पारको १२औं होलमा इगलको सफलता प्राप्त गरेका उनले १५औं र १८औं होलमा पनि एक-एक सट बचाए । उनले ब्याक नाइन ४ अन्डर ३० मा सकाए । धनले दोस्रो होलमा बोगी खेले पनि तेस्रो, आठौं र नवौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन २ अन्डर ३४ मा सकाए । यसपछि १३औं होलको बोगीविरुद्ध १२औं, १६औं र १८औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन २ अन्डर ३० मा पूरा गरे ।



तेस्रो स्थानमा रहेका भुवनले फ्रन्ट नाइनमा २ अन्डर ३४ र ब्याक नाइनमा १ अन्डर ३३ खेले । उनले कुल ५ बर्डी र २ बोगी प्रहार गरे । तेस्रो, सातौं, नवौं, पन्ध्रौं र अठारौं होलमा एक-एक सट बचाए । पहिलो र सत्रौं होलमा बोगी खेपे । ५४ होलको प्रतियोगितामा कुल ८ लाख ८२ हजार नगद पुरस्कार राशि रहेको छ . विजेताले उपाधिसँगै एक लाख ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछ । दोस्रोले एक लाख र तेस्रो हुने खेलाडीले ७५ हजार नगद प्राप्त गर्नेछन् । दोस्रो दिनको समाप्तिमा कट लागू हुनेछ र उत्कृष्ट २१ प्रोफेसनल गल्फरले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन् । एमेच्योर खेलाडीको हकमा पनि सोही कट लागू हुनेछ । तीनदिने प्रतियोगितामा २९ प्रोफेसनल र २७ एमेच्योर गरी कुल ५६ गल्फरको सहभागिता रहेको छ । शनिबार प्रो एम इभेन्ट हुनेछ ।

यो सिजन आठ प्रतियोगितामा कुल ६७ लाख नगद पुरस्कार रहेको छ । यसअघि भएको दुई प्रतियोगिताको उपाधि एमेच्योर गल्फरहरूले जितेका थिए । सिजनको पहिलो प्रतियोगिता सेन्टुल ओपनको उपाधि एमेच्योर राहुल बिके र दोस्रो प्रतियोगिताको उपाधि नेपाल नम्बर एक गल्फर सद्भाव आचार्यले जितेका थिए । यसपटक भने यी दुवै खेलाडीले सहभागिता जनाएका छैनन् ।

थ्री स्टार तेस्रो स्थानमा

काठमाडौं/ मनाङ मर्स्याङ्दी क्लबविरुद्ध २-१ को रोमाञ्चक जित निकाल्दै थ्री स्टार क्लब ललित स्मृति एन्फा यू-१८ युथ लिगको तेस्रो स्थानमा उक्लिएको छ । सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा बुधबार थ्री स्टारलाई जित दिलाउन न्युसन राई र रोमन श्रेष्ठले समान एक गोल गरेका थिए । मनाङका लागि अमृत बस्यालले गोल गरे । जितसँगै २१ खेलमा ४० अंक जोडेको थ्री स्टार तेस्रो स्थानमा उक्लिएको छ । पराजित मनाङ समान खेलबाट २५ अंकका साथ आठौं स्थानमा छ । खेलको १९औं मिनेटमा न्युसनको गोलमार्फत थ्री स्टारले अग्रता लिएको थियो । ६०औं मिनेटमा रोमनले टोलीको अग्रता दोब्बर बनाए । इन्जुरी समयमा अमृतले गरेको गोल मनाङका लागि सान्त्वना बन्यो ।

लिगको एक चरणको खेल बाँकी छँदै विभागीय टोली नेपाल पुलिस क्लब च्याम्पियन भइसकेको छ । पुलिसले पहिलोपटक यू-१८ ललित स्मृतिको उपाधि उचालेको हो । यसअघि त्रिभुवन आर्मी फुटबल क्लब र ब्रिगेड ब्वाइज क्लब (बिबिसी)ले समान दुईपटक उपाधि उचालेका छन् । दिनको पहिलो खेलमा सातदोबाटो युथ क्लब र एफसी खुमलटारले गोलरहित बराबरी खेलेका छन् । यो नतिजासँगै जावलाखेल २१ खेलमा २७ अंकका साथ सातौं स्थानमा छ । खुमलटार समान खेलबाट १२ अंकका साथ ११औं स्थानमा छ । एन्फा मैदानमा दुवै टोलीले



आत्मविश्वास गुमाएको म्यानचेस्टर सिटी

लगातार चारपटकको इंग्लिस प्रिमियर लिग विजेता म्यानचेस्टर सिटीले दुई महिनाभित्र १२ मध्ये नौ खेल गुमायो

एजेन्सी

म्यानचेस्टर सिटीले १२ मध्ये नौ खेल गुमाउँदा पनि प्रशिक्षक पेप ग्वार्डिओलाले इंग्लिस प्रिमियर लिग (इपिएल)को उपाधि रक्षाको आशा त्यागेका छैनन् । युरोपियन लिगमा सिटीले सम्भवतः एक दशकपछि खराब प्रदर्शन गरिरहेको छ । यसअघिको सिजनमा सिटीले इंग्लिस प्रिमियरदेखि युरोपियन च्याम्पियन्स लिगसम्म दबदबा राखेको थियो । नयाँ सिजन २०२४/२५ को सुरुवातदेखि सिटीले च्याम्पियन शैलीमा प्रशिक्षण गरेको थियो । तर, अक्टोबरपछि सिटी लयमा छैन । यति धेरै अवरोहबिच प्रशिक्षक पेप लगातार पाँचौंपटक इपिएल उपाधि रक्षा गर्ने विश्वास गर्छन् ।

इपिएलमा १७ खेलपछि सिटीले २७ अंक जोडेको छ । शीर्ष स्थानको लिभरपुलले १६ खेलबाट ३९ अंक बटुलेको छ । शीर्ष स्थानको टोलीसँग सिटी १२ अंकले पछाडि छ । यस अवस्थामा सिटीको उपाधि जित्ने सम्भावना निकै कम छ । अब सिटीको ध्यान नै विन्टर ब्रेकपछिको प्रदर्शन हो । कहिलेकाहीं विन्टर ब्रेकपछि नतिजा परिवर्तन देखिन्छ । अर्कोतिर लिभरपुलको प्रदर्शनमा सिटीले १२ अंकको दूरी घटाउने सम्भावना कम देखिन्छ ।

इपिएलमा गत अक्टोबरमा सिटी अपराजित टोली थियो । त्यसवेला सिटी पाँचौंपटक इपिएल च्याम्पियन बन्ने अभियानमा अगाडि थियो । दुई महिनाको अन्तरमा सिटी यति कमजोर बन्यो कि लिभरपुल पुनः एकपटक च्याम्पियन बन्ने सँघारमा छ । यद्यपि, सिटीले गुमाएको नौ खेलमा कमजोर प्रदर्शन थिएन । कतिपय खेलमा विपक्षी भाग्यमानी हुँदा सहजै सिटी पराजित भयो । सिटीका समर्थकले प्रशिक्षक पेप र खेलाडीको आलोचना गर्न छाडेका छन् ।

सिटीलाई समर्थनको खाँचो

सिटीका समर्थक विन्टर ब्रेकपछि अवस्था परिवर्तन हुनेमा आशावादी छन् । प्रशिक्षक पेपले सिटीलाई पुरानै अवस्थामा ल्याउन समर्थकले व्यापक सहयोग गर्नुपर्ने बताएका छन् । 'खराब नतिजा व्यहोरेको दिन राम्रोसँग सुत्ने गर्छु, मैदानको नतिजालाई घर वा ड्रेसिङ रुमसम्म पुऱ्याउनु हुँदैन,' पेपले भने, 'यसका साथै हामीलाई धेरैभन्दा धेरै समर्थन आवश्यक छ ।' पेपले खेलाडीसँगै स्वयं आफू पनि जितको मनसायका साथ मैदानमा प्रवेश गर्नुपर्ने प्रतिक्रिया दिएका छन् । 'खेलाडी र प्रशिक्षकले पनि आगामी दिनमा जित निकाल्न सक्ने र विपक्षीलाई सहजै हराउन सक्ने आत्मविश्वासका साथ प्रतिस्पर्धा गर्नुपर्छ,' उनले भने, 'धेरैजसो आलोचकले सिटी माथि उठ्न नसक्ने भनेका छन्, मलाई विश्वास छ कि सिटी पुनः उत्कृष्ट लयमा फर्कनेछ ।' युरोपियन च्याम्पियन्स लिगमा सिटी फेयेनुडसँग ३-३ को बराबरीमा रोकिँदा पनि प्रशिक्षक पेपले बहादुरी प्रदर्शनको संज्ञा दिएका थिए ।

टर्च लाइनमा नर्भस

अक्सर मैदानको टर्च लाइनमा प्रशिक्षक पेप आत्मविश्वासका साथ बसेका हुन्थे । यसपटकको टर्च लाइन दृश्य फरक छ । प्रत्येक खेलमा उनी आत्तिएको देखिरहेका छन् । विपक्षीले गोल गरेको अवस्थामा उनी घुँडा टेकेका हुन्छन् । मानसिक रूपमा समेत उनी कमजोर भएको विश्लेषकहरूले दाबी गरेका छन् । जब-जब हारको नजिक सिटी पुगेको हुन्छ । त्यसवेला पेप आफ्नो नङ टोक्दै बसेका हुन्छन् । कुनै पनि खेलाडी वा व्यक्ति कमजोर भएको अवस्थामा नङ टोक्ने गरेको आलोचकको भनाइ छ । कुनै समयमा सही व्यक्ति सिटीमा आएको भन्ने गरिएको थियो । 'पेप यस्ता प्रशिक्षकमा पर्छन्, जसले जहाँ गए पनि टोलीलाई च्याम्पियन बनाएका हुन्छन्, अब लगातार पाँचौंपटक इपिएल च्याम्पियन बन्ने सपना पूरा नहुनेजस्तो देखिएको छ,' सिटीका समर्थकले भने, 'हुन त उनी सिटीको व्यवस्थापकहरूको नजरमा सही व्यक्ति र प्रशिक्षक हुन् ।'

गत साता म्यानचेस्टर डर्बीमा सिटी २-१ ले पराजित हुँदा समर्थक खुबै रिसाएका थिए । खराब लयबाट गुज्रिरहेको सिटीले कम्तीमा डर्बी खेलमा युनाइटेडलाई हराउने विश्वास थियो, तर नतिजा सिटीको हकमा आएन । 'मलाई थाहा छैन, अहिले के भइरहेको छ, यसको समाधान निकाल्ने कोसिस गरिरहेको छु,' पेपले भने ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com